# नइ कीर्ति विवेचना

(समीक्षा)

नइ प्रकाशन

२०५२

# नइ कीर्ति विवेचना

ठाकुर शर्मा भण्डारी

प्रकाशक : नई प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५
मोबाइल : ९८५१०१६८९९, ९८४१२२४५९३
Email : nai.com.np@gmail.com
website : nai.com.np
शुद्धाशुद्धि : लवप्रसाद भण्डारी
कम्प्युटर : आयुष्मान शाक्य
आवरण सज्जा : रमेश पौडेल
प्रथम संस्करण : २०८१ साल
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १८५
मोल : दुई सय पचास रुपियाँ
© सुरक्षित, २०८१ (2025)
ISBN : 978-9937-786-20-1

**NAI KIRTI BIBECHANA**

Critiques by Thakur Sharma Bhandari

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । यस संस्थाले २०५५ साल वैशाख १७ गते विधिवत् रूपमा सरकारी मान्यता पाएको थियो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर 'नइ प्रकाशन'नामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो । यो संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी पनि हो । यो संस्था केवल 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध छ ।

नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको खोजी गर्नु, अभिलेख राख्नु र सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको उच्च मूल्याङ्कन गरी तिनीहरूको अर्चना गर्न नइ प्रकाशन सदैव अग्रसर छ । यस संस्थाबाट निरन्तर प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन नेपाली मूल्य, मान्यता र संस्कृतिलाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर हुँदै आएको छ ।

नेपाल सरकारले नइ प्रकाशनको लोगोअङ्कित दस रुपियाँको दस लाख प्रति हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले एक सय रुपियाँको दस हजार प्रति सिक्का प्रकाशनमा ल्याएर नइको समग्र कार्यको उच्च कदर गरिदिएकोमा हामी थप प्रोत्साहित भएका छौँ । नेपाल राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई अरू गौरव लागेको छ । सो सिक्का पनि बेलायतबाट आयत गरिएको क्युप्रोनिकेल धातुबाटै मुद्रण भएको हो ।

नइ प्रकाशन नाफाविहीन गैरराजनीतिक सामाजिक संस्था हो । यस संस्थाको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति प्रकाशनमा आएको हो ।

ठाकुर शर्मा भण्डारी नेपाली साहित्य संसारमा एक जना भद्र, शालीन र सरल व्यक्तित्वका रूपमा गणना हुने नाउँ हो । कविता, निबन्ध र समालोचनामा प्रसिद्धि कमाउनुभएका शर्माका रचनाहरू पनि नेपाली भाषसाहित्यका मन्दिरमा उच्च मर्यादित रूपमा प्रवेश भएका छन् । नेपाली समाजमा गुनिला स्रष्टाका नाउँले परिचित ठाकुर शर्माबाट नेपाली भाषासाहित्यका फाँटमा सिर्जनात्मक र सङ्गठनात्मक कार्यहरू निरन्तर भइरहेका छन् ।

ठाकुर शर्माबाट लेखिएको 'नइ कीर्ति विवेचना' भगवती बस्नेतद्वारा सम्पादित 'नइ प्रकाशन : कीर्ति र आकृति' र 'नइ कीर्ति लय'को समीक्षा हो । यस कृतिले एकातिर नइ प्रकाशनको कार्यलाई स्पष्ट रूपमा देखाएको छ भने अर्कातिर नइको रजत महोत्सवका अवसरमा प्रकाशित ती दुवै कृतिको ओजस्विताबारे सहज प्रकारले प्रकाश पारिएको छ ।

**नइ कीर्ति विवेचना**नामक कृति प्रकाशन गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची


- **लेखकीय** • ९

१. ‘नइ प्रकाशन : कीर्ति र आकृति’को प्रारूप • १३
२. ‘नइ प्रकाशन : कीर्ति र आकृति’को विषयगत दृष्टिकोण • १७
३. ‘नइ प्रकाशन : कीर्ति र आकृति’को सन्दर्भगत विश्लेषण • २१
४. ‘नइ प्रकाशन : कीर्ति र आकृति’को सङ्क्षिप्त विश्लेषण • ९५
५. ‘नइ कीर्ति लय’को समय सान्दर्भिकता • १०२

# लेखकीय

## ठाकुर शर्मा भण्डारी

'असतो मा सद्‌गमय, तमसो मा ज्योतिर्गमय' भन्ने उपनिषद् वाक्यानुसार साहित्य पनि असत्‌बाट सत्, अन्धकारबाट प्रकाशतर्फ उन्मुख गराउने विधा हो, अर्थात् साहित्य परमार्थी हुनुपर्छ, आध्यात्मिक हुनुपर्छ । अरूको हितकार्यमा लेखिने जुनसुकै विधा भए पनि उज्यालो दिन सक्नुपर्छ । सत्कार्यमा संलग्न व्यक्तिबाट सञ्चालित संस्थाहरू सर्वदा आदरणीय हुन्छन्, यस्तै कार्यअन्तर्गत पर्ने साहित्यसेवी संस्था हो नइ प्रकाशन । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको कुशल नेतृत्वका कारण नइ प्रकाशनले देशदेशान्तरमा ख्याति पाएको छ ।

मेरो लेखनकार्य र साहित्यप्रतिको प्रेम सानैदेखि हो । २०४४ सालपछि जब म अध्यापन कार्यमा लागेँ, पढाउने सन्दर्भ र साहित्यको रुचिले फराकिने मौका पायो । समीक्षा, समालोचना गर्ने अभ्यास पनि ममा बढ्यो । कविता, निबन्ध आदिमा कलम चलाए पनि समीक्षा, समालोचनाको निष्कर्षमा कवितात्मक समीक्षा लेख्ने अभ्यासले मलाई भिन्न धारमा उभिने बनायो । यसै क्रममा मैले कृतिगत समीक्षा या समालोचना छसात सयजति गरेँ । विविध कृतिमा मैले लेखेका भूमिका पनि सयभन्दा बढी भए होलान् । हास्यव्यङ्ग्य महारथी भैरव अर्यालका समस्त कृतिहरूको विषयमा लेख्ने मौका मिल्यो र ३०० पृष्ठको कृति प्रकाशनमा आयो । यसले मलाई अरू लेख्ने प्रेरणा मिल्यो । यसै क्रममा मलाई अत्यन्त माया गर्ने संस्था नइ प्रकाशनका कृतिहरू पनि झोला भरीभरी म पाइरहन्थेँ ।

नइ प्रकाशनको रजत महोत्सवपछि लगत्तै दुईवटा कृति प्रकाशनमा आए– 'नइ प्रकाशन : कीर्ति र आकृति' र 'नइ कीर्ति लय' । यी दुई कृतिमा गहकिला लेख निबन्ध र गद्यपद्यका कविता रहेका छन् । यी कृतिले नइको प्रायः सम्पूर्ण पक्षलाई समेट्ने प्रयास गरेको छ । नेपाली साहित्यका अनेक विद्वान्, विदुषीहरूको नइप्रतिका विचारहरू, संलग्नताका धारणा, संस्थाले साहित्यक्षेत्रमा पुऱ्याएको पच्चिसबर्से योगदानलाई निष्पक्षताका साथ अवलोकन गरिएका विषय वा सन्दर्भलाई हृदयतः आफ्नो लेखनीद्वारा उद्घाटन भएको छ भने बृहद् ग्रन्थको रूपमा आएको 'नइ प्रकाशन : कीर्ति र आकृति', 'नइ कीर्ति लय' दुवैको सन्दर्भलाई समीक्षात्मक दृष्टिकोणबाट प्रस्तुत कृतिमा उत्खनन गर्ने प्रयास गरिएको छ ।

'कीर्तिर्यस्य सः जीवति' अर्थात् जसले कीर्ति (यश) कमाएको छ त्यही बाँचेको हुन्छ, त्यही जीवन यथार्थ जीवन हो । साहित्यको उत्थानमा समर्पित नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको लगनले साकार रूप लिएको संस्थाको विषयमा देशविदेशका विद्वान्, साहित्यकार, समालोचकहरूले यी दुवै कृतिमा आफ्नो दृष्टिकोण राखेका छन् । ती महत्त्वपूर्ण कृति देखेपछि मलाई समीक्षा गर्ने इच्छा जाग्यो, लेख्दै जाँदा लामो पनि भयो, किनभने एउटा ८०८ पृष्ठको बृहद् ग्रन्थ छ, जसमा नेपाली भाषासाहित्यममा कलम चलाउने देशविदेशका १३९ स्रष्टाहरूको लेख रहेको छ । अर्को कृतिमा ६४ स्रष्टाका कविताहरू समाविष्ट गरिएको छ । यी दुवै कृतिको विषयमा सङ्क्षिप्तता अपनाउँदाअपनाउँदै पनि लामो भएको हुन सक्छ । किताप लेखिसकेपछि मैले नइलाई फोन गरेर सोधेँ– 'मैले दुवै कृतिका विषयमा विमर्श गरेको छु, कहाँ प्रकाशन गरौँ ?' मेरो बोली सुनेपछि उहाँहरूले भन्नुभयो– 'पहिला हामीलाई नै पठाउनुहोस् न ! छाप्न मिल्ने भए नइ प्रकाशनबाटै अनुकूल मिलाएर छापौँला ।' मप्रतिको नइको प्रेम, सद्भाव, सदाशयताले यो कृति यहाँहरूसमक्ष आएको हो । त्यसैले म नइप्रति विशेष आभार व्यक्त गर्दछु । भवतु सर्व मङ्गलम् ।

# नइ कीर्ति विवेचना

# ‘नइ प्रकाशन : कीर्ति र आकृति’को प्रारूप

संस्कृत वा नेपालीमा प्रयोग गरिने ‘निबन्ध’ शब्द र अङ्ग्रेजीमा प्रयोग गरिने ‘एस्से’ शब्द पर्यायवाची शब्द हुन् । निबन्धलेखन पाश्चात्य साहित्यबाट प्रचलनमा आएकाले सर्वप्रथम ‘एस्से’ शब्दलाई प्राथमिकता दिएर सन्दर्भ जोड्नु उपयुक्त हुन्छ । ‘एस्से’ फ्रान्सिसी भाषाको शब्द हो । विदेशी विद्वान्हरूको मतानुसार ‘सम्पूर्ण बन्धनबाट मुक्त स्वच्छन्द रचना’लाई निबन्ध भनिएको छ । लेखकको व्यक्तित्व र मनोभाव निबन्धमा व्यक्तिएको हुन्छ । कुनै वस्तुलाई टेकेर निबन्धको रचना हुन्छ र विषयवस्तुलाई नै प्रधानता दिने निबन्धहरू वस्तुपरक हुन्छन् । निबन्धको अर्को प्रकारचाहिँ आत्मपरक निबन्ध हो । यसमा लेखक आफ्नै अनुभूति र प्रतिक्रियालाई असम्पृक्त भएर लेखनकार्य गर्दछ । निबन्धमा अत्यन्त साधारण विषयलाई पनि लेखक आफ्नो प्रतिभाद्वारा चम्काउँछ र पठनयोग्य बनाउँछ । निबन्धलेखनका लागि विषय (सामग्री) र शैलीको परमावश्यक हुन जान्छ । सुन्दर निबन्ध लेख्नका लागि सुन्दर शैली चाहिन्छ भने त्यसका लागि आवश्यक सामग्रीको आवश्यकता पनि अनिवार्य रहेको छ, तसर्थ विषयको सापेक्षतामा शैली र प्रस्तुतिले पाठकलाई तानेको हुन्छ । विषयवस्तु, शैली, आरम्भ–मध्यम–निष्कर्षको आधारमा निबन्धको निर्माण गरिन्छ । निबन्धका प्रकारहरू मुख्यतया चार किसिमका हुन्छन्– वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावनात्मक ।

- वर्णनात्मक निबन्धलेखनमा सजीव वस्तुको वर्णन हुन्छ । प्राकृतिक, अप्राकृतिक दुवैको वर्णन हुन्छ । यसमा सूक्ष्म निरीक्षण शक्ति हुनुका साथै कुशल कल्पना पनि हुनुपर्दछ ।
- विवरणात्मक निबन्धलेखनमा विगतका घटना, युद्ध, कथा, जीवनी, पौराणिक वृत्तान्तको दर्शन हुन्छ । क्रमबद्धता, सरसता, आकर्षणता प्रमुख तत्त्व मानिन्छन् ।
- विचारात्मक निबन्धलेखनमा बुद्धितत्त्वको अधिकता रहन्छ । तर्क, व्याख्या, दृष्टान्तको आवश्यकता रहन्छ तसर्थ विचारात्मक निबन्धलेखनमा यथोचित ज्ञान, योग्यता, गम्भीर अध्ययन, चिन्तनमनन अत्यन्त अत्यावश्यक छ ।
- भावनात्मक निबन्धलेखनमा विषयवस्तुको आधारमा स्रष्टाको अनुभूति, भाव, चिन्तन व्यक्त भएको हुन्छ । यसमा मुख्यत: दया, करुणा, प्रेम, समर्पण, अनुभूतिहरू व्यक्तिकेन्द्री भएर आएका हुन्छन् ।

उपर्युक्त निबन्धलेखनअन्तर्गतका नियमहरूभित्र सबै किसिमका निबन्धहरू पर्दछन् । जीवनजगत्को चिन्तन, मननद्वारा गूढार्थ प्रयोगमा पनि सरलता, सरसता र रोचकताको बढी आवश्यकता हुन्छ । निबन्धलेखनमा भाषा प्रयोगमा गम्भीरता र अर्थतात्पर्य प्रतीकात्मकताको बढी चासो रहन्छ । त्यो अनिवार्य तत्त्वभित्र निबन्धकारहरू छन् कि छैनन् त ! यो महत्त्वपूर्ण कुरा हो ।

निबन्धहरू कति सुन्दर र यथार्थपरक छन्, सुन्दर अभिव्यक्तिमा 'नइ प्रकाशन : कीर्ति र आकृति'मा लेखकहरूले आफ्नो दृष्टिकोणको प्रयोग गरेका छन् । दृष्टिकोणमा रहेको सत्यता र यथार्थता खुलेको छ । साहित्यको मार्ग कस्तो हुनुपर्छ र आज वर्तमान समयमा हाम्रो समाज कतातर्फ जानुपर्ने हो कतातिर उन्मुख छ । सारा संसार नै कतिपय अवस्थामा भ्रम सृजना गरिरहन्छ, तथापि स्रष्टाको सृजना यथावत् छ र यस्ता निबन्धहरूको सृजना हुन्छ ।

'नइ प्रकाशन : कीर्ति र आकृति'भित्रका निबन्धहरूले संस्थागत जीवनका आन्तरिक भावनाहरूलाई उधिन्छन् । संस्थाद्वारा वा यसका सञ्चालकहरूद्वारा समयसमयमा गरिएका कार्यहरूको विश्लेषण प्रत्येक निबन्धकारद्वारा सृजित निबन्धहरूमा देखिन्छ । कतिपय वाक्यहरू कवितात्मक स्वरूपका रहेका छन् । लेखनशैली सुमधुर छ, निबन्धहरूको विषयवस्तु आफ्नै सेरोफेरोमा मात्र सीमित छैन, सर्वदेशीय छ, साहित्यिक धरातललाई प्रतिबिम्बित गर्छन् ।

'कीर्तिर्यस्य स: जीवति' अर्थात् जसले कीर्ति (यश) कमाएको छ त्यही बाँचेको हुन्छ, त्यही जीवन यथार्थ जीवन हो । यसैको सेराफेरोलाई इङ्गित गरेर आएको नइ प्रकाशनको 'नइ प्रकाशन : कीर्ति र आकृति' नेपाली भाषासाहित्यका विशिष्ट स्रष्टादेखि कनिष्ठ स्रष्टाहरूद्वारा लेखिएको एक सय उनान्चालिस निबन्धहरूको सँगालोले नेपाली भाषासाहित्यको क्षेत्रमा एक विशिष्ट साधनालाई द्योतन गर्दछ । यस सन्दर्भमा–

**'हाम्रो संस्कृति–सभ्यता–सृजनता सम्पूर्ण प्रेमी बनून्**
**हाम्रो देश–विशाल–भाल सबका गन्तव्य साझा रहून्**
**यस्तो सुन्दर सृष्टिमा नव युवा जागून्, बनून् प्रेरक'**
**भन्ने हो 'नइ'को यथार्थ रचना संसार होस् सार्थक ।**

उपर्युक्त रचना 'नइ कीर्ति लय'मा समाविष्ट गरिएको यस पङ्क्तिकारको कविताले नइप्रतिको सद्भावना र परम उद्देश्यलाई जागृत गरेको छ । वस्तुत: यी पङ्क्तिले नइको दृष्टिकोण र यथार्थलाई उद्बोधन गर्दछ । आफ्नो लक्ष्यमा समर्पित नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको एकलयता, समताले अग्रगति लिएर नै नइ प्रकाशन उभिएको छ, फुलेको छ, फक्रिएको छ । आफ्नो स्वच्छ, सुन्दर भावनाको गतिमतिको समन्वय नइ बनेको छ किनकि उनीहरूको सृजनशीलता, साहित्य, संस्कृति, कलाप्रतिको सकारात्मक दृष्टिकोण, देशको ऐतिहासिक मान्यता, साझा गन्तव्यले आफ्नो स्थान निर्माण गरेका छन् । सारा ऋषिमुनिहरूको तपस्थली हाम्रो सुन्दर देश

नेपालको महिमा र गरिमालाई बचाउन युवाहरू जागून्, देश प्रेरक बनोस् संसारमा भन्ने भावना नइको रहेको छ, यही सार्थकता हो, सबैको दृष्टिकोण हो । यसैले नइको धारणालाई आत्मसात् गर्न सबै लाग्नुपर्छ भन्ने धारणा 'नइ प्रकाशन : कीर्ति र आकृति' (निबन्धसङ्ग्रह, २०८०) भित्रका सम्पूर्ण निबन्धकारहरूको अभिप्राय रहेको देखिन्छ ।

मानिसमा जीवनदायिनी शक्ति प्राप्त हुने पनि यस्तै सेवाभावले हो । नरेन्द्रराज र इन्दिरा प्रसाईको समुद्देश्यअनुरूप अग्रगति लिएको नइ प्रकाशनले अत्यन्त महत्त्वपूर्ण कार्य विगत पच्चिस वर्षमा सम्पन्न गरेको छ । यसै वर्ष राष्ट्रिय अन्तर्राष्ट्रियका स्रष्टाहरूको जमघटमा नइले रजतवर्ष मनाएको छ । यस संस्थाले राष्ट्रिय अन्तर्राष्ट्रिय धेरै व्यक्तित्वलाई सम्मान, पुरस्कार प्रदान गरेको छ ।

•

अनेक कृति लेखन, सम्पादन र संस्था सञ्चालन गर्ने व्यक्तित्व नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईद्वारा स्थापित र सञ्चालित नइ प्रकाशनका विषयमा 'नइ प्रकाशन : कीर्ति र आकृति' तथा 'नइ कीर्ति लय'भित्र केही सन्दर्भहरू आएका छन् । यी स्रष्टाद्वय र नइ प्रकाशनको साहित्यिक योगदानको बारेमा जति पनि लेख्न सकिने अवस्था छ । कुनै पनि संस्था आफैँमा निर्जीव भए तापनि उक्त संस्थाका सञ्चालकको गतिशीलताद्वारा गतिशील वा सजीव हुने गर्छ । त्यसैले यी दुवै कृतिभित्र गद्य पद्यलेखनका कृतिको विषयले प्रमुखता पाए पनि केन्द्रबिन्दुमा यी दुई पात्र सबै लेखकको लेखनका वरिपरि घुमेको अनुभूत हुन्छ ।

# 'नइ प्रकाशन : कीर्ति र आकृति'को विषयगत दृष्टिकोण

२०८० साल वैशाख ३० गतेको एउटा विशिष्ट समारोहमा लोकार्पित 'नइ प्रकाशन : कीर्ति र आकृति' भगवती बस्नेतद्वारा सम्पादित कृति हो । प्रकाशनको सौजन्य भूपालमानसिंह कार्की प्रज्ञापरिषद् रहेको छ । यसको प्रारम्भमा सर्वप्रथम जनरल भूपालमानसिंह कार्कीको सङ्क्षिप्त परिचय दिइएको छ । राजा त्रिभुवन, महेन्द्र र वीरेन्द्रको समयसम्मका प्रभावशाली व्यक्तित्व भूपालमानसिंह कार्कीको पारिवारिक चित्रणका साथै उनीद्वारा गरिएका समस्त क्रियाकलापको सङ्क्षिप्त परिचय दिइएको छ ।

यस सन्दर्भमा भनिएको छ– जनरल कार्की नेपाली परिवेशमा एउटा श्रद्धेय थिए । त्यसैले राजा त्रिभुवन, महेन्द्र र वीरेन्द्रले पनि उनलाई धेरै नजिक राखे । नेपालमा प्रजातन्त्र आउनेबित्तिकै मानार्थ सैनिक मानपदवी पाउने पनि उनी प्रथम नेपाली थिए । उनी जनरलसम्म पनि भए । ...जनरल कार्की सानैदेखि प्रजातन्त्रप्रेमी थिए । नेपालमा प्रजातन्त्र आएपछि नेपाली काङ्ग्रेस केन्द्रीय समितिले उनलाई झापा जिल्लाको काङ्ग्रेस सभापतिमा मनोनीत गरेको थियो । त्यसै बेला नेपाल सरकारले उनलाई पूर्वाञ्चल हेर्ने मोरङको बडाहाकिम नियुक्त गरेको थियो ।' (पृष्ठ ६–७)

'नइ प्रकाशन : कीर्ति र आकृति'को 'प्रकाशकीय'मा संस्थाको सन्दर्भमा नइ प्रकाशनको दृष्टिकोण रहेको छ । संस्थाले गर्ने कार्य तथा योगदानलाई उजागर गर्ने भावना यसरी व्यक्त भएको छ– 'नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट निरन्तर विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।' (पृष्ठ ९)

'नइ प्रकाशन : कीर्ति र आकृति'को सम्पादकीयमा कृतिसम्पादक स्रष्टा भगवती बस्नेतको दृष्टिकोण रहेको छ– 'नइले अग्रजलाई सम्मान, प्रतिभावान् व्यक्तिलाई प्रोत्साहन, पुरस्कार, मान, पदवी प्रदान गर्दै आएको छ । जसले गर्दा कला, साहित्य, संस्कृतिमा लागेकाहरूले आफ्नो कर्ममा दत्तचित्त भएर अगाडि बढ्ने हौसला प्राप्त गरेका छन् । नइ प्रकाशनले आफ्नो रजतवर्षसम्मको यात्रामा अनगिन्ती स्रष्टाका हितका लागि विविध कार्य गरिसकेको छ ।' (पृष्ठ २४)

उपर्युक्त दृष्टिकोणलाई अवगत गर्दा लाग्छ, संस्थाले पच्चिस वर्षको अन्तरालमा नेपाली भाषासाहित्यको क्षेत्रमा धेरै काम गरेको छ । अनेकौँ पुस्तक प्रकाशन भए, स्रष्टाहरूले मान, सम्मान र उपाधिसमेत पाए । संस्थाले गरेका कामबाट धेरैलाई प्रेरणा प्राप्त पनि भएको छ । यो संस्थाले भाषासाहित्यमा नवीन इतिहास रचेको छ र अमिट छाप छोडेको छ; यसको नैरन्तर्य जारी छ; अवश्य पनि दीर्घजीवी बनेको छ; स्वर्ण, हीरक बन्नेछ; सबैको सत्यपरक अभिप्राय सङ्ग्रहभित्रका रचनाहरूले व्यक्त गरेका छन् । यस किसिमको भावना संस्थाका लागि अग्रगति लिने मार्ग प्रशस्त पनि हो ।

नइ प्रकाशनको संयोजनमा 'त्रिमूर्ति निकेतन'बाट २०६६ साल चैतमा प्रथम अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनको आयोजना गरिएको थियो । साथै २०७१ साल जेठ १५–१७ गतेसम्म गरिएको

'विश्वनारी नेपाली साहित्य सम्मेलन'मा मलाई पनि भाग लिने अवसर जुटेको थियो । त्यो अद्‌भुत कार्यक्रम थियो, जसमा देश देशान्तरका नारी साहित्यकारहरूको जमघट विविध कार्यक्रमसहित तीन दिनसम्म चलेको थियो । अवलोकनपश्चात् त्यसको विषयलाई अवगत गरी रजनी ढकाल र तर्कना शर्माको सम्पादकत्वमा 'विश्वनारीका तीन दिन' शीर्षकमा त्यसको इतिवृत्तलाई विभिन्न व्यक्तित्वहरूद्वारा लेखिएको ४६८ पृष्ठको बृहद् ग्रन्थ प्रकाशनमा आएको थियो । त्यस ग्रन्थमा मैले पनि नइप्रति केही आफ्नो भावना राख्ने मौका पाएको थिएँ । त्यस कृतिको 'दृश्यावलोकन' शीर्षकमा नइ अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको सन्दर्भमा उल्लेख गरेको थिएँ– 'जीवनलाई आनन्दमय बनाउनका लागि मानिसले अनेकौँ कार्यहरू गरिरहेको हुन्छ । साहित्यमा लागेर वा त्यसैलाई कर्मभूमि बनाएर चलेका मानिसहरू समाजमा बिरलै हुन्छन् । साहित्य सेवाबाट धनार्जनभन्दा पनि सेवामा 'स्वान्त: सुखाय' नै समर्पित रहनुपर्ने हुन्छ । यो भौतिक संसारमा यसरी समर्पित रहने व्यक्तित्वमा पर्ने नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई हुनुहुन्छ । मैले केही समयदेखि अनुभव गरेको छु, निरन्तर रूपमा भाषासाहित्यको सेवाका निम्ति तनमन दिएर दिनरात खट्ने व्यक्ति कमै हुन्छन् । केही समय लाग्ने अनि छोड्ने व्यक्ति त पाइन्छन् तर यसरी अहोरात्र लागेर विभिन्न संस्थाहरू खोली आफूलाई जस्तोसुकै परिस्थितिमा पनि साहित्यकै लागि 'त्वम् शरणम्' हुनु अतुलनीय कार्य हो ।'

**विशाल संसार अनन्त यात्रा**
**सुधारको नै रचना छ यात्रा ।**
**साहित्यका रूप अनेक धार**
**बग्ने गरेकै महिमा अपार ।**
**अनेक हुन्छन् मनका सुकाम**
**यही छ चल्ने गरेको विधान ।**
**कर्तव्यमा लीन छ साथसाथ**
**पूर्णत्वमा नै गरिमा छ साथ ।**

(विश्वनारीका तीन दिन, पृष्ठ १४६–१५९)

नइ प्रकाशन होस् वा त्रिमूर्ति निकेतनको कार्य होस् अथवा वानीरा फाउन्डेसन नै होस्, विविध कार्यक्रममा उनीहरूको समर्पण भाव र स्तरीयता देखेर सबै साहित्यसेवीहरू मन्त्रमुग्ध हुन्छन् । यी संस्थाहरूबाट अनेकौँ व्यक्तित्वहरू सम्मानित भएका छन्, त्यसमा पनि कृतिप्रकाशनको दृष्टिकोणबाट पनि सबै प्रभावित छन् । इन्दिरा प्रसाई र नरेन्द्रराज प्रसाईद्वारा रचित पुस्तकहरूले नेपाली समाजका अनेक व्यक्तित्वलाई जीवनीलेखनबाट माथि उठाएको देखिन्छ । यसले साहित्यसेवा नै परम धर्म मानेर चलेका दुवै स्रष्टा प्रशंसाका पात्र छन्, स्तुत्य छन् ।

# ‘नइ प्रकाशन : कीर्ति र आकृति’को सन्दर्भगत विश्लेषण

‘नइ प्रकाशन : कीर्ति र आकृति’भित्रका समस्त लेखहरूले मूलतः संस्थाको यथार्थ स्थितिलाई देखाएका छन् । निबन्धलेखन शैली सुन्दर छ, परिष्कृत भाषा छ, बोधगम्य छ, स्वस्फूर्त चिन्तन छ । पाठकीय दृष्टिकोणले अध्ययन गर्दा सङ्ग्रहभित्रका प्रत्येक निबन्धले अध्येतालाई प्रशस्त संस्थागत खुराक प्रदान गरेका छन्, तसर्थ यो सुन्दर कृति बन्न पुगेको छ । ८०८ पृष्ठको बृहद् ग्रन्थमा नेपाली भाषासाहित्यममा कलम चलाउने देशविदेशका एक सय उनान्चालिस (१३९) स्रष्टाहरूको संस्थाप्रतिको आआफ्नो सकारात्मक धारणा व्यक्त भएको छ, जसद्वारा नइ प्रकाशन र सञ्चालकद्वय (नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई)को सन्दर्भमा विस्तृत चर्चा गरिएको छ । यहाँ क्रमशः सङ्क्षिप्तमा कृतिमा रहेको वर्णानुक्रमअनुसार नै लेखकहरूको धारणा व्यक्त गर्ने प्रयास गरिन्छ ।

**अणुराज जोशी**को ‘न भूतो न भविष्यति’ शीर्षकको लेखन अत्यन्त महत्त्वपूर्ण र आधिकारिक रहेको छ; किनकि अणुराज जोशी वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीका सुपुत्र हुन् । उनले आफ्नो लेखमा नरेन्द्रराज प्रसाईलाई युगपुरुष र इन्दिरा प्रसाईलाई युगनारीको संज्ञा दिएका छन् । आफ्ना बुबालाई सम्मानस्वरूप प्रदान गरिएको शताब्दी पुरुषको उपाधिबाट उनी

कृतज्ञ छन् । वस्तुतः शताब्दी पुरुषको परिकल्पनाकार नइले वैशाख ३० गते 'सत्यमोहन जोशी शताब्दी महोत्सव' मनाउने निर्णय गरेको सन्दर्भपछि हरेक वर्षमा कार्यक्रम हुने गरेकोबाट बुबाप्रति कति सम्मान थियो भन्ने कुरा स्पष्ट हुन्छ । त्रिमूर्ति निकेतन र नइ प्रकाशन कुनै अलग संस्था नभएर एकै हुन् भनेर प्रशंसा गरेका छन् । सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुष र माधव घिमिरेलाई राष्ट्रकवि राज्यबाट बनाउनुमा नइकै हात छ । यस्ता कर्मशील व्यक्तित्वको बारे जति प्रशंसा गरे पनि कमै हुने कुरा यस लेखमा व्यक्त गरिएको छ ।

यसैको सन्दर्भमा भनिएको छ– 'नइ प्रकाशन र त्रिमूर्ति निकेतन राष्ट्रले गौरव मान्नुपर्ने संस्था हुन् । यी दुवै संस्थाले नेपाल राष्ट्रभित्रका प्रतिभाहरूको मूल्याङ्कन गर्नुका साथै अन्तर्राष्ट्रिय सभासम्मेलनसमेत गरेर देशकै इज्जत बढाउने काम मात्र गरेका छैनन्, देशका कुनाकन्दराबाट मणि खोज्नेदेखि लिएर विदेशमा रहेका व्यक्तित्वहरूसमेतलाई 'हाम्रो होइन राम्रो'का आधारमा सम्मान र पुरस्कृत गरेको तथ्य घामजस्तै छर्लङ्ग छ ।' (पृष्ठ ३२)

**अप्सरा दाहाल**को 'धेरैको आशा केन्द्र' निबन्धमा साहित्यको क्षेत्रमा नइ भरपर्दो सहारा भएको छ । नइसँग खोटोजस्तो टाँसिएको, नइ आदर्श भएको, सरकारले गनुपर्ने काम नइले गरेको, नइले शिष्टाचार राख्न सकेको भन्ने यावत् सन्दर्भमा व्याख्या गर्दै बीचबीचमा आफ्ना कविताहरू पनि समाविष्ट गर्दै अत्यन्त रोचक ढङ्गबाट अप्सराको लेखमा नइको विषयमा चर्चा भएको छ ।

त्यस सन्दर्भमा लेखकको धारणा यस्तो रहेको छ– 'अबका अनगिन्ती वर्षहरू सफलतासँगै गौरवशाली इतिहास बनाउन सक्षम बनोस्– हाम्रो नइ । स्वदेशविदेश, गाउँगाउँ, बस्तीबस्तीका

प्रतिभाहरूलाई हौसला प्रदान गरी आफ्नो छुट्टै परिचय दिँदै परम्परा र धर्म निर्वाह गर्न सफल बनोस् नइ ।' (पृष्ठ ३७)

**अप्सरा पुडासैनी**को 'निःस्वार्थी र उपकारी' शीर्षकमा बारा जिल्लाबाट प्रतिनिधित्व गर्दै २०७१ सालमा भएको 'विश्वनारी साहित्य सम्मेलन'मा भाग लिएको सन्दर्भ उठाएर नइका कार्यहरूको सिलसिलाबद्ध रूपमा चर्चा गरिएको छ । पछि 'नइ रजत पदक' प्राप्त गरेको सन्दर्भका साथै त्यो पदक लिन आउँदा भद्रकुमारी सेवा सदनको पनि अवलोकन गरेको र नइ प्रकाशनमा गई 'नइ रजत पदक' लिएको प्रसङ्ग आएको छ ।

अन्तमा निबन्धकारको नइप्रतिको धारणा यसरी प्रस्फुटन भएको छ– 'नइ जोडी कस्ता जाँगरिला, प्रतिभालाई खोज्ने यी कस्ता सिपालु, नौनीजस्ता यी कस्ता नरम, सरकारी एकेडेमीलाई समेत जित्ने यिनले कस्तो काम गरेका, कसैसँग नडराउने यी कस्ता वीर, यी कस्ता निःस्वार्थी र उपकारी, यी कस्तो मिलेका जोडी अनि त नइ प्रकाशन संसारभरि फैलिएको छ ।' (पृष्ठ ४३)

**अमरकुमार प्रधान**को 'सुदीर्घ व्यवस्थापन' शीर्षकमा नरेन्द्र र इन्दिराको अर्थसहित व्याख्या गरेर विभिन्न तहबाट गरिने प्रशंसाअप्रशंसाका पोका फुकाउँदै र आफ्नो आस्था प्रकट गर्दै भाषासाहित्यको इतिहास ल्याइएको छ । साथै नरेन्द्रराज प्रसाईले २०४८ सालमा प्राप्त गरेको 'मोती पुरस्कार'को चर्चा पनि यहाँ गरिएको छ ।

अन्तमा लेखकको धारणा यसरी व्यक्त हुन्छ– 'यो जोडी सही सलामत रहोस्, सुदीर्घ रहोस्, सुयोग्य उत्तराधिकारीको रूपमा संस्थाको कोषाध्यक्षको जिम्मा लिन डा.कञ्चनजङ्घा प्रसाई अगि सरेका छन् । कालान्तरले नइको कीर्ति र कृतिलाई सम्झिदिए पुग्छ । 'नइ' मात्र ठाने नइको छोटो अर्थ नयाँ, नूतन, नवीन हुन्छ । 'नइ'

पनि पुरानो नहोस्, सधैँ नयाँ सामर्थ्यसाथ रहेर स्वर्णवर्ष, हीरक महोत्सव र शताब्दी नै मनाओस् ।' (पृष्ठ ५१)

**डा.अम्बिका अर्याल**को 'देशको पहिचान' शीर्षकमा नेपाली वाङ्मयको श्रीवृद्धिमा लागेको नइले त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनलाई पनि जीवन्त बनाउन खोजेको छ । नइले 'विश्वनारी सम्मेलन' मनाएर नारीलाई सम्मान गऱ्यो, यसको कार्यसम्पादन गर्ने शैली अचम्मको छ । यसमा आफ्नो पराया भन्ने छैन । नइ जोडी क्रियाशील छ– साहित्य उन्नयनमा भन्दै नइको विस्तृत रूपमा प्रशंसा गरिएको छ ।

नइप्रति उनको धारणा यसरी आउँछ– 'हाम्रालाई भन्दा राम्रालाई समेटेर विभेदरहित एवं विशुद्ध तवरले भाषासाहित्यको हितमा धरमर नगरी यसै गरी सदैव नइ प्रकाशन अघि बढोस् । काखा र पाखाको नीतिलाई पर पन्छाएर ओझेलमा परेका प्रतिभालाई प्रोत्साहन गर्दै आगामी दिनमा पनि निरन्तर सक्रिय ढङ्गले नइ अघि बढ्न सकोस् ।' (पृष्ठ ५५)

**अशेष मल्ल**को 'तपस्या र समर्पणको सत्कार्य' शीर्षकमा नइ सर्जक मात्र नभई साहित्यसेवक हुन् । मोतीराम भट्टको योगदानले भानु उदाए भने नइको उचाइमा पनि सङ्घर्षको कथा छ । नइ व्यक्तिभन्दा माथि उठेको छ ।

यसमा तीस सालतिरको क्याम्पस पढ्दाको इन्दिरा प्रसाईको प्रसङ्ग जोड्नुका साथै नइगृहको विषयमा भनिएको सन्दर्भ अति महत्त्वपूर्ण छ– 'जबजब नइगृहमा जान्छु; देख्छु, त्यो सिङ्गो घरले एउटा अमर इतिहास निर्माण गर्दै छ । भावी पुस्ताले त्यो घरको इँटाइँटामा कुँदेको पाउनेछन् तपस्या, समर्पण, सङ्घर्ष र कैयौँ कठोर कर्महरूको नालीबेली । इन्दिरा र नरेन्द्रका सत्कर्म, सत्सङ्ग र निष्काम कर्मका अनेकअनेक अभिलेखहरू पाउनेछन् त्यो घरका इँटाइँटामा ।' (पृष्ठ ६०)

**आयुष्मान् शाक्य 'सम्मान'**द्वारा लेखिएको 'चन्द्र र सूर्य' शीर्षकमा २०४४ सालतिर साझा प्रकाशनबाट चिनिएका नरेन्द्रराज प्रसाईसँगको घनिष्ठता र पार्टटाइममा नइ प्रकाशन स्थापनापश्चात् काम गर्दाको अनुभूति, नरेन्द्रराजको पारखी विषयमा डा.रामप्रसाद उप्रेतीले 'थोत्रा कलम' पुस्तक निकालेको प्रसङ्ग र अरूलाई प्रोत्साहन गर्ने प्रवृत्तिको विस्तृत चर्चा गरिएको छ ।

यसको अन्तमा भनिएको एउटा प्रसङ्गलाई हेरौँ– 'नइ प्रकाशनसँग मेरो भौतिक र आध्यात्मिक साइनो गाँसिएको छ । नइसँग मेरो गहिरो प्रेम र श्रद्धा रहेको छ । यस धर्तीमा युगौँयुगसम्म पनि नइ उदाइराखोस् । नइ नेपाली साहित्याकाशमा जाज्वल्यमान भइराखोस् । नइले स्रष्टालाई न्यानो पना दिइराखोस् । नइ नै नइ भएर संसारमा नइ प्रकाशन गुन्जिराखोस् ।' (पृष्ठ ७२)

**इन्दिरा दीक्षित**को 'यश र कीर्ति' शीर्षकमा रेडियोमा अरुणा लामाले गाएको नरेन्द्रराज प्रसाईको गीतको प्रसङ्बाट आरम्भ भई २०७४ सालमा नइनिवास पुगेको र उनीहरूको माया, सद्भाव, सत्कारले प्रभावित र उनीहरूकै प्रेरणाबाट चारवटा पुस्तक प्रकाशन गरेको प्रसङ्ग महत्त्वपूर्ण रहेको छ ।

नइका बारेको सरल अभिव्यक्ति यसरी प्रकट गरिएको छ– 'साहित्य क्षेत्रमा सेवा गर्न जन्मिएका दुई मुटु, एक प्राण भएका नइदम्पतीलाई नियालेर हेर्ने हो भने नइले आफ्नो सर्वस्व जीवन यसैमा समर्पित गरेको देखिन्छ ।' (पृष्ठ ७७)

**उदय निरौला**को 'सबैभन्दा ठूलो संस्था' शीर्षकमा नइ प्रकाशन व्यक्तिगत प्रयासबाट सञ्चालित भए पनि सरकारी प्रतिष्ठानभन्दा धेरै ठूलो देखिएको छ भन्दै यो कुनै विदेशी सहयोगले चलेको संस्था होइन तर अनेक कृति प्रकाशन गरेर नेपाली साहित्यको क्षेत्रमा योगदान गरेको देख्दा अचम्म लाग्छ भनिएको छ र यी नमुना जोडी हुन्,

इन्दिराको सानैदेखिको साहित्य, कला, संस्कृतिमा काम गर्ने चाहना पूरा भएको छ । यी दुवैको अठोटले सम्मान, पुरस्कार, पुस्तक प्रकाशनले इतिहास रचेको छ भन्ने धारणा अभिव्यक्त भएको छ ।

सुरुवातमै भनिएको छ– 'नइ प्रकाशन नेपाली साहित्यको सबैभन्दा ठूलो संस्था हो । साहित्य मात्र नभएर पछिल्लो चरणमा कला, संस्कृति, खेलकुदलगायत सिर्जनशील र कर्मठ अनेकन् कार्यसमेतलाई समेटेर नइ प्रकाशन परिचालित भएको देखिन्छ । नइ प्रकाशन व्यक्तिगत प्रयासबाट बनेको निजी संस्था भएर पनि सरकारी प्रज्ञाप्रतिष्ठानभन्दा धेरै ठूलो देखिन थालेको छ ।' (पृष्ठ ७८)

**उपेन्द्र सुवेदी**को 'मूल्यवान् र त्रुटिविहीन' शीर्षकमा आफू नइसँग जोडिएको प्रसङ्गका साथ नइको भाषिक शुद्धतालाई बढी ध्यान दिने गरेको चर्चा एकातिर छ भने अर्कातिर भाषाको विचलनको समयमा पनि नइले आफूलाई स्वच्छ राख्न सक्यो, मैले गरेको कामबाट नइ प्रभावित पनि भयो, आफूलाई त्यहाँ उभ्याउन सक्दा आनन्दको अनुभूति भएको भावनाका साथ र नइको सक्रियताबाट सञ्चालित देवकोटा शताब्दीमा काम गर्ने मौकाले धेरै कुरा सिक्ने अवसर प्राप्त भएको सन्दर्भ उठाइएको छ ।

लेखक अगाडि थप्छन्– 'व्यक्तिगत स्वार्थ, पुरस्कार या पदप्रतिष्ठाका लागि जो नइ प्रकाशनमा पुग्छ त्यो लामो समय यस प्रकाशनको सान्निध्यमा रहन नसकेको र भाषासाहित्यमा सेवा गर्नेहरू भने निरन्तर यसको छत्रछहारीमा रहिरहेको महसुस मैले गरेको छु । जेजस्तो भए पनि भाषासाहित्यको श्रीवृद्धिका लागि भजन गाउन नछाड्ने संस्थाको रूपमा मैले नइलाई चिनेको छु ।' (पृष्ठ ८८)

**प्रा.डा.उषा ठाकुर**को 'नेपाली भाषाको श्रीवृद्धि' शीर्षकमा नइ विशुद्ध संस्था हो । यसको गतिविधि देखेर अन्य संस्थाबाट यस्तो काम भएजस्तो लाग्दैन । त्रिमूर्तिको स्थापना, व्यवस्थापन र वानीरा

फाउन्डेसन स्थापना भएको छ । मुक्तकण्ठले सबैले प्रशंसा गरेका छन् । नेपाली भाषासाहित्यलाई सम्मान गर्ने सबैलाई खोज गरी कीर्तिमान कायम गरेको छ । त्रिमूर्ति निकेतनबाट डा.मोदनाथ प्रश्रितको अध्यक्षतामा देवकोटा महोत्सव (२०६५–२०६६), वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी शताब्दी महोत्सवको संयोजकत्वमा अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन (२०६६ चैत ५–९), प्रा.डा.गार्गी शर्माको अध्यक्षतामा विश्वनारी नेपाली साहित्य सम्मेलन (त्रिमूर्ति निकेतन– २०७१ जेठ १५–१७), प्रा.डा.उषा ठाकुरको संयोजकत्वमा सत्यमोहन जोशी शताब्दी महोत्सव (२०७१ वैशाख ३० देखि २०७७ वैशाख ३० सम्म) यस्ता कार्यक्रमहरूले नेपाली समाजमा ठूलो हलचल मच्चायो । धेरैलाई सम्मान, पुस्तक प्रकाशन गरेर नइले ठूलो काम गरेको सन्दर्भमा व्यापक चर्चा गरिएको छ ।

अन्तमा भनिएको छ– 'नेपाली भाषासाहित्यको श्रीवृद्धिमा समर्पित नइ प्रकाशनको ऊर्जाशील कार्य खोज र अनुसन्धानमा समेत आधारित छन् । तटस्थ र नि:स्वार्थ रूपमा खोजीखोजी देशदेशान्तरका प्रतिभा र विद्वान्को सम्मान गरी नइले आफ्नो विशिष्ट कोटिको जाज्वल्यमान रूप र पहिचान देखाउँदै आएको छ ।' (पृष्ठ ९४)

**प्रा.डा.ऋषिराम शर्मा**को 'वाङ्मयको पवित्र तीर्थ' शीर्षकमा नेपाली साहित्यको क्षेत्रमा गरेको योगदानलाई सकारात्मक ढङ्गबाट चर्चा गर्दै नरेन्द्रराज र म नदीका दुई किनारा भए पनि जब भाषा संस्कृतिको कुरा आउँछ, त्यहाँ हृदयत: एकै ठाउँमा भएको आभास हुन्छ । नइ प्रकाशन नेपाली वाङ्मयको पावन धाम हो । नरेन्द्र एक खुला किताब हुन्, गीतकार हुन् । नइले गरेका कार्य र प्रकाशन चिरस्मरणीय छन् भनिएको छ ।

यहाँ नइ प्रकाशनका बारेमा लेखकको दृष्टिकोण छ– 'गाउँगाउँ र दूरदराजमा रहेका र राजधानीको नजरले नदेखेका वा हेर्न

नखोजेका प्रतिभालाई पुरस्कृत गरेर नइले गरेको योगदान एकातिर छँदै छ भने अर्कातिर प्रतिभाशाली तर आफ्ना रचना प्रकाशन गर्न नसकेका र प्रतिभा भएर पनि त्यसलाई प्रकाशनमा ल्याउन नसकेका प्रतिभाहरूलाई प्रस्फुटन गराउन नइ प्रकाशनले अहम् भूमिका निर्वाह गरेको मैले देखेको छु ।' (पृष्ठ ९७)

**ओमकुमारी बन्जारा रानाभाट**को 'राष्ट्रको एउटा पवित्र मन्दिर' शीर्षकमा पनि नइलाई मन्दिर भनिएको छ । नरेन्द्रराज प्रसाईले आफ्नी आमा भागीरथा प्रसाईलाई माया गर्ने भद्रकुमारी घलेलाई पनि सम्मानपूर्वक मोजा लगाइदिएको देखेर लेखक रानाभाट प्रभावित भएको र नइसँग निकटता बढेको प्रसङ्ग उठाउँदै 'रूपवासन्ती' कवितासङ्ग्रह नइ प्रकाशनबाट प्रकाशित भएको सन्दर्भ पनि आएको छ ।

यहाँ ओमकुमारीबाट भनिएको पनि छ– 'साहित्यकार जोडीको पवित्र मन्दिर नइ प्रकाशन धेरैको आस्था, मोह, विश्वास र भरोसाको केन्द्र बनेको म देखिरहेकी छु । यस्ता संस्थाको नजिक भएर मैले पनि धेरै कुरा जानेकी छु र बुझेकी छु । आफ्नो सम्मान र गरिमा कहीँ, कतै नखोजी साहित्य उत्थानका लागि अहोरात्र खट्ने नइ जोडीको आदर्शले म र मजस्ता धेरै नइप्रति नतमस्तक छौँ ।' (पृष्ठ १०४)

**कमल रिजाल**को 'जनस्तरको प्रज्ञाप्रतिष्ठान' शीर्षकमा सेवामूलक संस्था नइले विभिन्न पुरस्कार स्थापना गर्नु र पुस्तक प्रकाशन गर्नुले नेपाली समाजमा यसको प्रतिष्ठा बढेको छ । पारदर्शी रूपमा अगाडि बढेको संस्थाले राष्ट्रकवि, शताब्दी पुरुषको उपाधि दिलाउने र महासमालोचकजस्ता संज्ञाको नामाकरणले संस्था एवं व्यक्ति चिरञ्जीवी बनेको कुरा स्पष्ट छ, तसर्थ यो एक उदाहरणीय काम गर्ने सरस्वतीको मन्दिर हो भनिएको छ ।

यसमा लेखकको निष्कर्ष रहेको छ– 'इच्छाशक्ति भए गर्न सकिँदो रहेछ भन्ने नजिर नइ प्रकाशनले बसाइसकेको छ । उसले देखाएको बाटो अनुसरण मात्र गर्ने हो भने पनि धेरै गर्न सकिने अवस्था छ । यसरी उदाहरणीय काम गरेर सबैलाई मार्गदर्शन गर्न सक्ने नइ प्रकाशन सरस्वतीको मन्दिर बनेको छ । ।' (पृष्ठ १०९)

**कल्पना खरेल**को 'जीवित राख्ने काम' शीर्षकमा वाङ्मय क्षेत्रमा नइ प्रकाशन र त्रिमूर्ति निकेतन उच्चस्तरका संस्था हुन्, सञ्चालकद्वय नरेन्द्र र इन्दिराको विशाल हृदयले काम गरेको छ । यसमा इतिहास, पुरस्कृत, सूक्ष्मदृष्टि, 'नइ'सँग साक्षात्कार आदि उपशीर्षक दिएर नइको विषयमा विशद् चर्चा गरिएको छ ।

नइसँग भेट्ताको रोचक प्रसङ्ग यस्तो रहेको छ– 'साहित्य र स्रष्टामा म ईश्वरको रूप देख्छु । त्यसैअनुरूप नइनिवास साहित्यिक मन्दिर हो । नरेन्द्रराज प्रसाईको सरल व्यक्तित्वले झनै मेरो मन छोयो । नरेन्द्रराज प्रसाईसँग गफिँदै गर्दा उहाँले सोध्नुभयो– 'नानी ! तिमी कति वर्षकी भयौ ?' मैले उहाँलाई उत्तर दिँदै भनेँ– 'दाजु म पचास वर्षकी भएँ !' उहाँले भन्नुभयो– 'अझै तिमीले जीवन बुझ्न बाँकी नै छ ! मान्छेले पचास वर्षमा खास जीवन बुझ्केकै हुँदैन ।' उहाँको अनुभव शाश्वत सत्य छ ।' (पृष्ठ ११४)

**कालीप्रसाद रिजाल**द्वारा 'गौरवमय इतिहास' शीर्षकमा नइको मिहिनेत, लगनशीलताप्रति सलाम गर्दै यसको क्रियाकलापले सफलता प्राप्त गरेको छ । त्रिमूर्तिको स्थापनाले नइको उचाइ बढाएको छ । अरूलाई सेवा गर्न तत्पर रहने नइको स्वभावको म प्रत्यक्ष प्रमाण छु । आफू बिरामी भएको बेलाको नि:स्वार्थ सेवाको उदाहरण छ । 'अकुप्रेसर उपचार पद्धति जानेका ताराबहादुरलाई घरमै ल्याएर गरेको योगदानलाई बिर्सन सकिँदैन' भने त्यस्तै अन्य उदाहरण पनि दिइएका छन् र यी कुराहरूको विस्तृत विवरण ल्याएर वर्णन गरिएको छ ।

यस सन्दर्भमा रिजालको भनाइ यस्तो रहेको उदाहरणस्वरूप हेर्न सकिन्छ– 'नरेन्द्र र इन्दिरा जोडिएर नै नइ प्रकाशनले थोरै समयमा माथिको बादल छुन सकेको हो । नइले नेपालको पत्रकारिता, पुस्तक प्रकाशनका साथै वाङ्मय र साहित्यको क्षेत्रमा विगत पच्चिस वर्षमा उल्लेखनीय योगदान गरेको गौरवमय इतिहास रहेको छ । ...नइ प्रकाशन एउटा प्रेरणादायक संस्था हो ।' (पृष्ठ १२१)

**किरण आचार्य**को 'जति विशाल र त्यति विशिष्ट' शीर्षकमा नेपालगन्जको क्षेत्रमा महिला साहित्यकार कम भएको अवस्थामा मलाई सम्झेर 'नइ बुलु शर्मा पुरस्कार' प्रदान गर्दा अत्यन्त खुसीको अनुभूति भयो । नइप्रति झनै आस्था उम्र्यो । 'रोल्पाकी गायत्री घर्तीमगरको कथा पनि यस्तै भएकाले नइले नारीहरूलाई खोजीखोजी गरेको सम्मानले धेरै भावुक भएँ' भन्ने सन्दर्भलाई समीचीन दृष्टिकोणबाट व्यक्त गरिएको छ ।

किरण आचार्यको कथनअनुसार– 'नइ प्रकाशन आफैँमा नौलो र आफ्नै तरिकाको संस्था हो भन्ने मेरो बुझाइ छ । नइको नाम पहिले सुन्दा मलाई छिमेकी देश भारतको कुनै संस्था हो कि भन्ने भान परेको थियो ।' (पृष्ठ १२२)

**डा.कुसुमाकर शर्मा गौतम**को 'एउटा धरोहर प्रज्ञा' शीर्षकमा नरेन्द्रराज प्रसाईसित २०२९ सालदेखिको चिनारी भएको सन्दर्भ कोट्टचाउँदै अत्यन्त आत्मीय भाव र आफ्ना बुबासँगको सम्बन्ध एवं सानो अवस्थामा भएका सन्दर्भलाई कथात्मकताको पारामा प्रस्तुत गरिएको छ ।

दक्ष समूहबाट सञ्चालित संस्थाको विषयलाई लिएर भनिएको छ– 'नइ प्रकाशनले स्वदेशमा होस् वा विदेशमा होस्, खोजीखोजी साहित्यकार र अरू प्रतिभाहरूलाई सम्मान दिने कार्य गरेको छ । नइका एकपछि अर्को कामले विश्वसञ्जालमा रहेका नेपाली

साहित्यकारहरूमा आशा पलाएको छ । यो आफैँमा एउटा चुनौतीपूर्ण कार्य हो र नइले बिनापक्षपात साहित्यकारहरूको छनौट गर्ने गरेकाले यो भरपर्दो प्राज्ञिक थलो बन्न सकेको हो ।' (पृष्ठ १३२)

**कृष्ण बजगाईं**को 'गरिमापूर्णको संस्था' शीर्षकमा पहिलेदेखि परिचित नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई नइको सम्झना हुन्छ– विदेश बसेर । नइको साहित्यिक कर्म उत्कृष्ट छ, नइ पाको देखिएको छ– कर्ममा । नइका शाखा देशबाहिर पनि छन् । विदेशमा रहेर साहित्यको सेवा गर्ने संस्थाले नइसँग सिक्नुपर्छ । नइ गरिमामय संस्था बनेको समय सान्दर्भिक भाव लेखनमा व्यक्त भएको छ ।

लेखक उदाहरणसहित लेख्छन्– 'नेपालमा एउटा गरिमापूर्णको संस्था छ र परदेशका नेपालीहरूले सम्झिरहने संस्था नइ प्रकाशन भएको रहेछ । यो तथ्य सबै परदेशी नेपालीहरूले बुझेका छन् भन्ने मेरो ठम्याइ रहेको छ ।' (पृष्ठ १३६)

**केदार शाक्य**को 'वाङ्मयको ठूलो नक्षत्र' शीर्षकमा पनि नइबाट हुने गरेका प्रकाशन स्तरीय छन् भनिएको छ । यो उच्चकोटिको संस्था बनेको छ । नरेन्द्रराज प्रसाईले लेखेको 'नारीचुली'लाई साहित्यकार जगदीशशमशेर राणाले अङ्ग्रेजी भाषामा अनुवाद गरेर आफैँ लेखक बनेर छपाएका छन् । नइको मिहिनेतले धेरै कृति जन्मिए । यो संस्थाले नारीको सम्मान गरेको छ, ठूलो कार्यक्रम गरेर देशविदेशमा लोकप्रिय बनेको छ भन्ने भाव व्यक्त गरिएको छ ।

यस सन्दर्भमा नइबारे शाक्यको भनाइ यस प्रकार छ– 'नइ प्रकाशनले गरेको आफ्नै राम्रो कामले देशविदेशमा लोकप्रिय बनिरहेको छ । दु:खसुख जे भए पनि उनीहरूले भोगेका छन् । निजी क्षेत्रबाट भएको उनीहरूको मिहेनत र परिश्रम नै देशका लागि उनीहरूको लगानी हो भन्ने लाग्छ ।' (पृष्ठ १४१–१४२)

**प्रा.केशव सुवेदी**को 'साहित्यिक आराधनाको एउटा पाटो' शीर्षकमा शैक्षिक क्षेत्रमा गरेको सम्मान कार्य, साहित्यिक सम्मान, पुरस्कार समर्पण, प्रतिमा स्थापना, पुस्तकालय सञ्चालन गर्ने उद्देश्यअनुरूप संस्था समर्पित छ । नइ स्थापनाको पच्चिस वर्षमा अनेक कार्य सम्पन्न भएका छन् भनिएको छ ।

यस सन्दर्भमा अभिव्यक्त नइप्रतिको भावना यस्तो छ– 'अनुसन्धानात्मक कृतिहरूको सङ्ख्या तुलनात्मक रूपमा सानै भए पनि ऐतिहासिक मूल्य र गुणस्तरका दृष्टिले नइबाट महत्त्वपूर्ण विशद अनुसन्धानात्मक ग्रन्थहरू प्रकाशनमा आएका छन् । यसरी सिर्जनात्मक र अनुसन्धानात्मक दुवै थरी कृतिहरूको प्रकाशन गरेर नइ प्रकाशनले नेपाली वाङ्मयलाई थप समृद्ध बनाएको छ ।' (पृष्ठ १४६)

**खगेन्द्र गिरी कोपिला**को 'भगवान्को वरदान' शीर्षकमा सर्वप्रथम 'शैले शैले न माणिक्यं चन्दनम् न वने वने । साधवो न हि सर्वत्र मौक्तिकम् न गजे गजे' भनेर प्रारम्भ गरिएको लेखनमा नइ जोडी सूक्तिसङ्गत छन् भनिएको छ । कुनै थकान नभएको र विचार, भेग, भाषा, सम्प्रदाय, जाति, रङ, लिङ्गको घेरोभन्दा माथि उठेर नइले आफ्नो कार्य गर्दछ । सबै पार्टीसँगको साहचर्य देख्दा अचम्म लाग्ने भए पनि सङ्कुचित विचारबाट माथि उठेर चल्ने नरेन्द्रराजको स्वभाव भएकाले यी सब सम्भव भएको अनुभव हुन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

यस सन्दर्भमा भनिएको छ– 'आजको प्रदर्शनमुखी र स्वप्रशंसामा लिप्त हुने युगमा नइ जोडीबाट धेरै कुरा सिक्न सकिन्छ । मैले आजसम्म नइ जोडीसँग प्रत्यक्ष रूपमा साक्षात्कार गर्ने अवसर पाएको त छैन । तर सुनेको, पढेको र बुझेको आधारमा म उहाँहरूको प्रशंसक हुँ । अप्रत्यक्ष रूपमै भए पनि म उहाँहरूबाट प्रेरणा लिइरहन्छु । प्रतिकूल परिस्थितिमा पनि कसरी उभिने त्यो नइबाट सिकेको छु मैले ।' (पृष्ठ १५३)

**खगेन्द्रराज सिटौला**को 'बृहत् कार्यको ठोस इतिहास' शीर्षकमा वाङ्मयको तीर्थस्थल नइ हो भनिएको छ । उनले अनेकलाई जोड्ने नइलाई चमत्कारी भनेका हुन्– राष्ट्रकविले । नरेन्द्र स्वयम् स्रष्टा, इन्दिरा बहुक्षमताकी साहित्यकार हुन्, यस्ता व्यक्तित्वले सँभालेको नइले सबैको विश्वास जितेको छ । नइ नेपाली साहित्यका लागि तीर्थ हो भनेर प्रशंसा गरिएको छ ।

लेखकले नइका बारेमा उदाहरणसहित थपेका छन्– 'यसका संस्थापकद्वयले नै पनि गहकिला साहित्यका सिर्जना गरिरहेका हुन्छन् । नइका संस्थापक नरेन्द्रराज प्रसाईलाई अब्बल कोटिका साहित्यकार मानिन्छ भने विशेष गरी नेपाली जीवनी साहित्यलेखनका जीवनीसम्राट् भनिन्छ ।... अर्का संस्थापक इन्दिरा प्रसाई आफैँमा बहुक्षमताकी स्तरीय स्थापित साहित्यकार हुन् । साहित्यका सबै क्षेत्रमा इन्दिरा प्रसाईका स्तरीय कृतिहरूले नेपाली वाङ्मयलाई धनी बनाएका छन् ।' (पृष्ठ १५५–१५६)

**गङ्गा कर्माचार्य पौडेल**को 'साहित्यका दूत' शीर्षकमा नेपाल आर्ट काउन्सिल, बबरमहलमा नरेन्द्रराज प्रसाईद्वारा लिखित 'नारीचुली'को लोकार्पणमा आफू पुगेको बेला परिचित हुँदा 'यसमा मेरो नाम परेन, मेरो पनि २०३३ सालमा 'गङ्गाका केही छालहरू' कवितासङ्ग्रह प्रकाशनमा आएको हो' भन्दा नरेन्द्रराज प्रसाईले पछि समावेश गर्ने प्रयास गर्छु भन्नुभएको रहेछ । पौडेलको प्रसाईसित पछि सम्पर्क बढ्दै गएको सन्दर्भ यहाँ उल्लेख गरिएको छ । भाषासाहित्यको क्षेत्रमा नइले धेरै काम गरेको र आफूले पनि नइबाट सम्मान पाएका कुराहरू आएका छन् ।

यसमा लेखिकाको नइसम्बन्धी यस्तो कुरा छ– 'यदि नइ जोडीले मलाई साहित्यलेखनमा प्रेरित नगरेको भए म अहिले पनि गृहस्थी दलदलबाट बाहिर निस्कन सकेकी हुने थिइनँ । आज मलाई नइ रजत महोत्सव पदक योग्य ठहर गरी विभूषितसमेत गरिएकोमा

कर्मवीर नइ जोडीप्रति हार्दिक आभार व्यक्त गर्नुको साथै नइको सदा कुशल, मङ्गल चाहन्छु ।' (पृष्ठ १६३)

**गङ्गा लिगल**को 'विशिष्ट सिँढी' शीर्षकमा नइ जोडी दिनरात तल्लीन रहेर बनेको संस्थाले नइ चौतारीको रूप लिएको छ । यो क्षमता सरस्वतीको कृपा हो । यो मौलिक चिन्तनबाट जन्मेको संस्था हो । नइले बाल, वृद्ध, नारी, पुरुष र तेस्रो लिङ्गीलाई समेत समेटेको छ । म नतमस्तक छु भनिएको छ ।

अन्तमा भनिएको छ– 'नइ भनेको सत्यम्, शिवम्, सुन्दरम् हो । यो सत्य तथ्य नै नइको विश्व परिवेशमा उक्लने विशिष्ट सिँढी हो । जसमा रमण गर्दा लुकेका, छिपेका बहुमुखी प्रतिभाहरूले पनि यथायोग्य स्थान पाउनेछन् । यस्तो अति उदार, उदाहरणीय भावना बोकेको संस्था नइ प्रकाशनको यो उच्च उदारताबाट म नतमस्तक छु ।' (पृष्ठ १६७)

**गायत्रीकुमार चापागाईं**को 'चुनौतीको विषय' शीर्षकमा नइ शब्दको अर्थ दिँदै गौरवपूर्ण इतिहास बनाएको संस्थाको गरिमाको प्रशंसा गर्दै प्रकाशनको सन्दर्भ, सम्मान पुरस्कारको सन्दर्भ, त्रिमूर्ति निकेतनको सन्दर्भ, अन्य फुटकर सन्दर्भ र रजतवर्ष महोत्सवको सन्दर्भ उपशीर्षक दिएर नइको सम्बन्धमा विस्तृत चर्चा गरिएको छ ।

नइका बारेमा अन्तमा भनिएको छ– 'नइ प्रकाशन र त्रिमूर्ति निकेतनकै सल्लाह र व्यवस्थापनमा सरकारले केन्द्र, चौध अञ्चल र पच्चिसवटा राष्ट्रमा भव्यताका साथ भानुभक्त आचार्यको द्विशतवार्षिकी महोत्सव मनाएको थियो । नेपाली भाषा र साहित्यका क्षेत्रमा सरकारले गरेको सबैभन्दा महत्त्वपूर्ण काम पनि त्यही नै थियो किनभने त्यस महोत्सवको हर्ताकर्ता नै नइ थिए ।' (पृष्ठ १७२)

**गायत्री श्रेष्ठ**को 'नेपालको गौरव' शीर्षकमा नइ शब्दले रमाएको, नइ कार्यले प्रभावित भएको, प्रकाशनको स्तरीयताले प्रभाव परेको,

विभिन्न क्षेत्रका स्रष्टाहरूको खोजीले महत्ता बढाएको, 'विश्वनारी नेपाली साहित्य सम्मेलन' मनाएर नारीप्रतिको सद्भाव बढेको सन्दर्भलाई आत्मीयताका साथ प्रकट गरिएको छ ।

निबन्धकारद्वारा निबन्धको अन्तमा यसरी नइको बारेमा प्रशंसा गरिएको छ– 'म एउटा साहित्यको विद्यार्थीको नाताले भन्छु– 'यदि कोही, कसैले कुनै पनि प्रतिभाशाली व्यक्तिको भलो चाहने रहर गर्छ भने उसले नइलाई गुरु थापे हुन्छ ।' (पृष्ठ १७८)

**प्रा.डा.गार्गी शर्मा**को 'भक्तलाई ब्यूँझाउने शङ्खध्वनि' शीर्षकमा संस्कृति ब्यूँझाउने शङ्खध्वनिको माधुर्य लोगोले नै आकर्षण प्रदान गरेको छ । विश्वभरि फैलिएको साहित्य मन्दिर हो नइ । यसमा कुनै विभेद नभएको तथ्य उल्लेख गर्दै भनिएको छ– 'नइले प्रज्ञाप्रतिष्ठानले गर्न नसकेका काम गरेर देखाएको छ । त्रिमूर्ति निकेतन स्थापना गरी कविशिरोमणि लेखनाथ पौडयाल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, मूर्धन्य नाटककार बालकृष्ण समको मूर्ति स्थापना भएको छ भने प्रेमराजेश्वरी थापा, गोमा र पारिजातका मूर्ति तयार छन्, यिनलाई कहाँ राख्ने ? भन्नेमा अड्किएको छ नइ । नइलाई सबैले आस्था विश्वास गरेका छन् । सबैलाई स्वागत गर्ने नइ भाषासाहित्यको संवर्द्धनमा लागिपरेको छ भन्ने कुरालाई अत्यन्त आस्थापूर्वक ढङ्गमा डा.शर्माबाट व्यक्त गरिएको छ ।

यस सन्दर्भमा भनिएको छ– 'नइको अर्को एउटा अति महत्त्वपूर्ण विशेषता के छ भने उनीहरूको बारेमा कसैले केही भनिहाले भने पनि सुन्छन्, केही वर्ष बोलचाल बन्द हुन सक्छ तर उक्त व्यक्ति नेपाली भाषासाहित्यको वरद सन्तान छ भने तिनले गरेको अप्रिय टिप्पणी सबै बिर्सेर उनलाई नै सम्मान गर्दछन्, पुरस्कृत गर्दछन्, उपाधि दिन्छन् । यसको ज्वलन्त उदाहरण विश्वनारी रत्न उपाधिले विभूषित वानीरा गिरी पनि हुन् । यसरी नइसँग सम्बन्धको कटुतापछि

पनि नइबाटै ती सम्मान पाउने प्रतिभा हर्षले आँसु पुछ्दै समारोहमा उपस्थित भएर पुरस्कार ग्रहण गर्छन् ।' (पृष्ठ १८४–१८५)

**गीता खत्री**को 'अमूल्य निधि' शीर्षकमा नइले बाहिर प्रकाशनमा नआएको या आउन नसकेका कुनै पनि मानिस, कृति या कुरालाई प्रकाशनमा ल्याउने हो भन्ने सन्दर्भलाई इङ्गित गर्दै नइको विशिष्ट कार्यले सबै लाभान्वित भएका छन् भन्ने भावना व्यक्त गरिएको छ । यस्तो संस्थासँग विशेष गरेर दृढप्रतिज्ञ, कर्मशील स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईसँग निकट भएर रहन पाउँदा अत्यन्त खुसी लागेको कुरा यस लेखमा व्यक्त भएको छ ।

यहाँ सुरुवात यसरी गरिएको छ– 'नेपाली भाषासाहित्यको इतिहासमा नइ प्रकाशनले किशोरावस्था बिताएर एउटा लक्का जवानमा आफूलाई उभ्याइसकेको छ । पच्चिसौँ वसन्त पार गरी नइ परिपक्व व्यक्तिले जस्तै जवानीको ऊर्जासहित नयाँ जोस, जाँगर तथा गति लिएर अगाडि बढिरहेको छ ।' (पृष्ठ १८६)

**गेहेन्द्रमान अमात्य**को 'हाम्रो उपलब्धि' शीर्षकमा भाषासाहित्यको उत्थान गर्ने संस्थाहरूको उल्लेख गर्दै नइ प्रकाशन सबैलाई उछिनेर गरिमा स्थापित गर्न सफल छ । शताब्दी पुरुषको उपाधि, राष्ट्रकविको उपाधि र अन्य कार्यहरू गरेर (सम्मान, पुरस्कार तथा प्रकाशन) आफ्नो नाउँ स्थापित गरेको इतिहासको विस्तृत चर्चा गरिएको छ । २०५९ सालमा सम शताब्दी महोत्सव, २०६० सालमा माधव घिमिरेलाई राष्ट्रकविको उपाधि, २०६५ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटा शताब्दी महोत्सव, २०६६ सालमा अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन, २०७१ सालमा विश्वनारी नेपाली साहित्य सम्मेलनजस्ता नइका कार्यहरू महत्त्वपूर्ण रहेका छन् ।

यस सन्दर्भमा लेखकद्वारा नइप्रतिको आभार र प्रसन्नतापूर्वक भनिएको कुरा यसरी व्यक्त हुन्छ– 'मैले २०६५ सालमा लक्ष्मीप्रसाद

देवकोटाको मुहार चित्रकला प्रदर्शनीमा भाग लिन पाएको छु । २०६७ सालमा कुलपति वैरागी काइँलाबाट 'महाकवि देवकोटा शताब्दी स्वर्णपदक', २०७३ सालमा वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीबाट 'सत्यमोहन जोशी शताब्दी पदक', २०७६ सालमा शताब्दी पुरुष सत्यमोहन जोशीबाट एक लाख रुपियाँ राशिसहित 'नइ यउजा पुरस्कार' पाएको छु । साथै २०७९ साल साउन ७ गते नइ प्रकाशनका अध्यक्ष इन्दिरा प्रसाईबाट मैले 'नइ रजत महोत्सव पदक' पाएको छु ।' (पृष्ठ १९७)

**गोपाल झा**को 'ऐतिहासिक धार्मिक यात्रा' शीर्षकमा नेपाली माटोको उपज नइले जनहितको काम गरेको छ । नइको काशीयात्रा पढेपछि नइबारे धेरै थाहा हुन्छ । काशी नरेश विभूतिनारायण सिंहले राजा वीरेन्द्रलाई लेखेको पत्रमा नेपालीघाट उल्लेख गरेको ऐतिहासिक प्रसङ्ग ल्याएर नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईद्वारा गरिएको काशीयात्राको उद्देश्य ललितत्रिपुरसुन्दरीद्वारा स्थापित कीर्तिको अन्वेषण, अवलोकन भ्रमण थियो । यो यात्रा छोरी अनुकृतिकासहित 'नइ' २०७२ सालमा भएको हो र ललिताघाटको मन्दिरपरिसरमा गुलाब यादवले लुकाएको सम्पदाको खोजी थियो । नरेन्द्रराज प्रसाईबाट ललितत्रिपुरसुन्दरी पुस्तकलेखन र नइले गरेका सम्पूर्ण कार्यहरूलाई व्यापकताका साथ यथोचित उल्लेख गरेर एउटा लुकेको इतिहासको सन्दर्भलाई बडो राम्रोसँग आफ्नो कृतिमा उतारिएको छ र यसमा नइको क्रियाकलाप देशभित्र मात्र नभएर छिमेकी राष्ट्रसँगको हाम्रो सम्बन्ध परापूर्व कालदेखिको हो र यसमा भएका कुराहरूको अनुसन्धानमा नइ लागेको हो भन्ने कुरालाई पनि देखाइएको छ ।

नइले गरेको ऐतिहासिक पृष्ठभूमिको महत्त्वपूर्ण घटनाको सम्बन्धमा लेखकको धारणा यहाँ यसरी व्यक्त हुन्छ– 'जुन काम चाहेर पनि हामी कसैबाट सम्पादन हुन सकेको थिएन । नइका कारणले हराएका सम्पदा भेटिए, यो हाम्रा लागि धेरै ठूलो उपलब्धि

हो । नइले गर्दा नै लुटिएका र हराएका रणमुक्तेश्वर मन्दिरका ती केही प्राचीन सम्पदा ललिताघाट क्षेत्रले आफ्नो अधीनमा राखेर संरक्षण गर्न पाएको छ । त्यसैले त्यस ठाउँमा नइ सधैँ अजर, अमर रहने कुरा मलाई निवेदन गर्न मन लागेको तथ्य हो । ...नइद्वारा प्रकाशन भएको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'को तेस्रो संस्करणले वाराणसीको नेपालीघाट र त्यहाँ रहेका मन्दिर, धर्मशालालाई विश्वस्तरमा प्रचारप्रसार गरेको छ भने नेपाल सरकारसँग आफ्नो स्वामित्वबारे कुनै प्रमाण नरहेको अवस्थामा नइले हराएका मन्दिर देखाएर सञ्जीवनीको काम गरेको छ ।' (पृष्ठ २००–२०१)

**गोविन्द गिरी प्रेरणा**को 'कर्मका थुङ्गाहरू' शीर्षकमा नइको ख्याति दिनानुदिन बढेको छ, साझा पुरस्कारको गरिमा पहिले भएजस्तै वा साहित्यिक पत्रकार सङ्घजस्तै यसले पनि आज ख्याप्ति पाएको छ । नइ अव्यावसायिक संस्था हो, स्वयम्सेवी संस्था हो । 'नइ गणेश दुर्गा अन्तर्राष्ट्रिय पुरस्कार' प्राप्त भएपछिको नइसँगको सम्बन्ध निकट भएको छ । अनावश्यक हल्लाबाट पर रहेर नइले साहित्यिक क्षेत्रमा काम गरेको छ । यसमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई राजावादी दृष्टिकोणका रहे पनि सबै विचारका व्यक्ति यहाँ अटाएका छन्, यो उनीहरूको ठूलो विशेषता हो । यहाँ राजनीति छैन, निष्पक्ष काम भएको छ भन्ने कुरालाई गिरीबाट स्पष्ट ढङ्गमा पुष्टि गरिएको छ ।

नइको प्रशंसा गर्ने सन्दर्भको निष्कर्षमा भनिएको छ– 'पच्चिस वर्ष त्यसै पुगेको होइन नइ संस्था, कामले हो । साहित्यिक कामले हो । वाङ्मयिक कामले हो । नथाकेर हो र निरन्तरता दिएर हो । आऊन् अनेकन् यस्ता पच्चिस वर्षहरू । ढकमक्क फुलून् साहित्यको बगैँचामा कर्मका थुङ्गाहरू । फैलियोस् मगमगाहट सर्वत्र ।' (पृष्ठ २०६)

**चित्रा पौडयाल**को 'सभ्यता निर्माणको बलियो जग' शीर्षकमा अविश्रान्त रूपमा अगाडि बढेको नइले जनविश्वास आर्जन गर्न सफल भएको छ । स्रष्टाहरूबाट सम्मानित भएको छ, अरू सम्मानित भएका छन्, आस्थाको केन्द्र बनेको छ । यसका कार्यले अरू संस्थाभन्दा यसको व्यापकता अत्यधिक रहेको छ । नइ प्रकाशनमा पसेपछि साहित्यसंसारमा पसेको अनुभूति हुन्छ । नेपाली भाषासाहित्यको उन्नयनमा लागेको यो संस्थाले उचाइ प्राप्त गरेको भन्दै चित्राबाट विशद चर्चा गरिएको छ ।

नइका बारेमा सुरुमै यसरी प्रकट गरिएको छ– 'नेपाली समाजमा काम गर्न कति गाह्रो हुन्छ तर पनि अविश्रान्त रूपमा नइले आफ्नो गन्तव्यलाई एकनासले अघि बढाइरहेको छ । वाङ्मयको क्षेत्र नइको प्रमुख कार्य भए तापनि राष्ट्रको बहुआयामिक विधाको गहन रूपमा जिम्मेवारी लिएर नइले अनुकरणीय कर्तव्य निभाइरहेको पाइन्छ ।' (पृष्ठ २०७)

**छविरमण सिलवाल**को 'धेरैका पूजनीय' शीर्षकमा नइ आफ्नो पौरखले अगाडि बढेको संस्था हो । साहित्यिक नाताले चिनिएका नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईसँग कृष्णप्रसाद पराजुलीलाई सम्मान गर्दाको समयमा उहाँबाट आफू नइसँग चिनिएको र नइप्रतिको आस्था र साहित्यिक झुकाव बढेको हो । विभिन्न स्रष्टाहरूसँगको स्रष्टा सिलवालको सान्निध्य नइका कारणले भएको हो । एउटा घटना उद्धरण गरिएको छ– नरेन्द्रराज प्रसाईलाई प्रतिभा समूहको तर्फबाट पुरस्कार दिने सिलसिलामा गगनदीप सर्व, रवीन्द्र लामा, रमेश सागर, छविरमण सिलवालसँगै गएको बेला पुरस्कार नलिने कुरामा भएको बहस अत्यन्त महत्त्वपूर्ण र मननीय रहेको छ । राज्यले गर्न नसकेको काम नइ प्रकाशनले गर्नु भनेको नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको कारणले हो । यस्ता सङ्घर्षशील व्यक्ति समाजमा बिरलै जन्मिन्छन् ।

त्यस सन्दर्भमा लेखकीय धारणा यस्तो छ– ‘कुनै निश्चित समयका सीमाभित्र महान् व्यक्तित्व स्थापित गर्न सफल भएको व्यक्ति, युगनायक ।’ युगपुरुषको व्याख्या यसरी भएको छ शब्दकोशमा । नरेन्द्रराज प्रसाईलाई शताब्दी पुरुष सत्यमोहन जोशीले नै युगपुरुष भन्नुभएको थियो । उहाँलाई त्यतिकै युगपुरुष भनेको होइन । उहाँ एउटा युगको निर्माण गर्न सफल हुनुभएको छ । नेपाली साहित्यमा सिङ्गो राज्यले गर्न नसक्ने काम उहाँ र उहाँकी पत्नी इन्दिरा प्रसाई भएर गरिरहनुभएको छ । यस जोडीबाट साहित्यका विविध विधाहरूमा लाखौँका सम्मानित पुरस्कारहरू स्थापना भएका छन् । यी सबै कार्यहरूको हामी द्रष्टाको रूपमा रहेका छौँ ।’ (पृष्ठ २१५)

**छवि वैरागी घिमिरे**को ‘साहित्यको धन’ शीर्षकमा नेपाली साहित्यको श्रीवृद्धिका लागि स्वार्थभन्दा माथि उठेर गरेको कामले संस्था व्यक्तिलाई उच्च स्थानमा पुऱ्याउँछ । नइलाई साहित्यको धन नइ प्रकाशन भन्न मन लाग्छ । वर्तमान अवस्थामा छापा माध्यमका सामग्री पढ्न जाँगर नचलाए पनि दुर्लभ कृतिहरूको जगेर्ना गर्नुपर्छ । नइले एउटा युग सम्हालेको छ भनिएको छ ।

लेखक नइका बारेमा यसरी लेख्छन्– ‘नेपाली वाङ्मयका क्षेत्रमा आफ्नो स्वार्थभन्दा माथि उठेर जीवन नै वाङ्मयलाई समर्पित गर्ने नइदम्पतीलाई कुनै शुभकामना दिँदा र वन्दना गर्दा पनि फितलो हुन्छ जस्तो लाग्छ । किनकि आज प्रकाशनहरू सेवामूलकभन्दा पनि आयमूलकमा बढी जोड दिइरहेका छन् ।’ (पृ. २१७)

**डा.जगमान गुरुङ**को निबन्ध रहेको छ– ‘आफूलाई मिटाई अरूलाई दिने’ । यसमा महाकविको ‘आफू मिटाई अरूलाई दिनु जहाँ छ’ भन्ने वाक्यांशजस्तै नइले मोतीराम भट्टले जस्तै काम गरेको छ– नेपाली वाङ्मयको क्षेत्रमा । नरेन्द्रराज प्रसाईले ‘भानुभक्त आचार्यको जीवनवृत्त’ आधिकारिक जीवनी निकाले । अरूले खोजी गर्न नसकेको कुरा छ । नइले ‘राष्ट्रकवि माधव घिमिरेको सय वर्ष’ कृति निकाल्यो । सत्यमोहन

जोशीको हुलाक टिकट, जोशीको विषयका पुस्तकहरूको प्रकाशनबाट उनलाई अमर तुल्याए भन्दै 'राजधर्म'की स्रष्टा ललितत्रिपुरसुन्दरीको विषय होस् वा अन्य कुराहरूमा सबैको योगदानलाई नइले सेवा सम्मान गरेका छन् । आफैँले पुरस्कार पाएको सन्दर्भ होस् अथवा त्रिमूर्ति निकेतनबाट गरिएको विषय होऊन् र डा.वानीरा गिरीको बारे होस्, सबै विषयलाई अत्यन्त सुन्दर ढङ्बाट प्रस्तुत गरिएको छ ।

यसै विषयमा डा.गुरुङद्वारा भनिएको एउटा सन्दर्भ हेरौँ– 'नरेन्द्र र इन्दिराको नेतृत्वमा सञ्चालित नइले यहाँ पनि 'आफूलाई मिटाई अरूलाई दिनु जहाँ छ'को मूल मन्त्रका साथ नेपाली भूमिबाट जे कार्य गरेको छ त्यो कार्यबाट नेपालका विश्वविद्यालयहरू, प्रज्ञाप्रतिष्ठानहरू तथा प्राज्ञिक वर्गले प्रेरणा लिन सक्छन् भन्ने मेरो अभिमत छ ।' (पृष्ठ २३१)

**डा.जयन्ती रूपाखेती पौडेल**को 'साहित्यको सुगन्धित फूल' शीर्षकमा गैरराजनीतिक संस्था नइ प्रकाशनले नेपाली भाषासाहित्यको क्षेत्रमा महत्त्वपूर्ण कार्य सम्पन्न गरेको छ भन्दै इन्दिरा प्रसाई पशुपति क्याम्पसमा हुँदा महिला प्राध्यापकहरूले जन्मदिन मनाउने गरेको सम्झना गरिएको छ । निर्भीक, फरासिलो, सहयोगी र नारीवादीलेखक इन्दिरा प्रसाईको सहयोग अविस्मरणीय छ । नइ प्रकाशनका कार्यक्रम अत्यन्त प्रभावशाली हुन्छन्, नइ महासागर हो भनिएको छ ।

डा.जयन्तीद्वारा आफ्नो विचार यसरी राखिएको छ– 'नइ प्रकाशनजस्तो संस्थाको स्थापना लक्ष्मीप्रसाद देवकोटाको समयमा हुँदो हो त देवकोटाले पनि जीवित अवस्थामा नै सम्मानित र विभूषित हुने अवसर पाउँथे होला । सायद देवकोटाजस्ता साहित्यकारलाई नइले आफ्ना काँधबाट भुइँमा ओराल्ने पनि थिएन होला । अहिले फेरि म भन्छु– 'नइ छ र आज नेपाली साहित्य चौतर्फी छ । नइका दैलोमा पुगेपछि नेपाली भाषासाहित्य झनै चहकिलो देखिन्छ किनभने नइ प्रकाशन नेपाली भाषासाहित्यको मन्दिर हो । जहाँ साहित्यका सुगन्धित फूल फुलिरहन्छन् ।' (पृष्ठ २३६)

**जाकिर हुसैन (जैकी मोजाहु)**को 'साहित्यको अन्तर्राष्ट्रियकरण' शीर्षकमा नइगृहमा जाँदा नरेन्द्रराज प्रसाईसँग भएको लामो कुराकानी र त्यहाँको माहोलले प्रभावित भएको प्रसङ्गका साथ राजनीतिक कुरा, साहित्यका कुरा, व्यावहारिक कुरा र नेपाली भाषासाहित्यमा संरक्षण दिएको योगदानको चर्चाका साथै त्यहाँ बस्दा इन्दिरा प्रसाईकी आमा दुर्गादेवी नेपालले 'द मुन' र 'द काउ' कविता सुनाएको प्रसङ्ग महत्त्वपूर्ण रहेको छ र 'वास्तविक नइ के हो ?' र 'नइबाट माजाहुको खोजी' दुई उपशीर्षकमा नइबाट भएको कार्यको प्रशंसा गरिएको छ । 'युएईमा नेपाली भाषा हिजो आज र भोलि'विषयक शोधमूलक कार्यपत्रको विषय पनि उठाइएको छ र त्यसबाट 'नइ र माजाहु'को सहयात्राको सन्दर्भलाई विशेष रूपमा चर्चा गरिएको छ । हुसेनबाट आफू सांसद र नेपाल सरकारको मन्त्री भएको तथ्यलाई पेटमा नै लुकाएर केवल नइले सरकारलाई समेत उछिनेर साहित्यिक र सांस्कृतिक कार्य गरेको बयान गरिएको छ ।

त्यस सन्दर्भमा नइका क्रियाकलापलाई यसरी वर्णन गरिएको छ– 'नइले स्रष्टालाई विश्वभर यसरी नै चिनाउँछ, सबै गोलार्द्धमा नेपाली भाषा र साहित्यको उत्खनन र पहिचान गर्दछ । भाषासाहित्यका साधकहरूको खोजी र मूल्याङ्कन अनि सम्मान गर्दछ । यसरी नइले नेपाली भाषासाहित्यलाई अन्तर्राष्ट्रियकरण गर्दछ । वास्तवमा नइ यस्तो प्रज्ञाप्रतिष्ठान वा निराला साहित्यिक मन्दिर हो जहाँ मुर्झाएका फूलजस्ता प्रतिभाहरू फक्रन थाल्छन्, फुल्न थाल्छन् ।' (पृष्ठ २४३)

**ज्ञानु अधिकारी**को 'साहित्यमा पृथक् पहिचान' शीर्षकमा नइसँग प्रभावित हुनुका कारण– नरेन्द्र र इन्दिरा दुवैको प्रथम अक्षर जोडेको संस्था र नइलाई भेट्न जाँदाको सौहार्दतापूर्व कृति प्राप्त भएको, 'नारीचुली' पाउँदाको खुसी, त्यसबाट प्रभावित हुनु, नइका कार्यक्रम पनि प्रभाव पार्ने खालका हुनु, आफ्नो स्पष्ट राजनीतिक धारणा राख्नु, आफ्नो अडान यथावत् राख्नु र अन्य विचारधाराका

विद्वान्हरूसँग साहित्यिक समन्वय कायम गर्न सक्नु नइको विशेषता रहेको सान्दर्भिक व्याख्या यस लेखका मुख्य विषयवस्तु र विशेषता हुन् ।

नइप्रति लेखक यसरी कोमल बनेको देखिन्छ– 'आफ्नो स्पष्ट राजनीतिक अडानमा अडिएर अन्य विचारधाराका विद्वान्हरूसँग साहित्यिक समन्वय र सहकार्य गर्न सक्नु नइको अद्भुत कला हो । आज नइ प्रकाशनले साढे दुई दशकको अवधि पार गरिसक्दा पनि जुन उद्देश्यका साथ यसको स्थापना भएको थियो, ती उद्देश्यहरू पूरा गर्दै आज पनि उत्तिकै सक्रिय रहन सक्नुमा नइको यही गुण र सकारात्मक पक्षले काम गरेको हो भन्न सकिन्छ ।' (पृष्ठ २४८)

**प्रा.डा.डिल्लीराज शर्मा**को 'समाजको एउटा नमुना संस्था' शीर्षकमा हामी टोलवासी हौँ र हामी जहिले पनि सँगै हुन्छौँ । नरेन्द्रराज र इन्दिरा प्रसाईसँग परिचय हुँदाको प्रभाव र नइलाई दाजुभाउजूको रूपमा व्यवहार हुनुका साथै नइ प्रकाशनका कृतिहरूको अवलोकनले धेरै आस्था बढाएको सन्दर्भलाई यहाँ उठाइएको छ । नेपाली साहित्य, कला, संस्कृतिमा योगदान पुऱ्याउने नइ आफ्नै आँखाअगाडि दिनानुदिन अगाडि बढेको देख्दा आनन्दको अनुभूति हुन्छ । वास्तवमा नइ जोडी इतिहास निर्माण गर्ने दुर्लभ जोडी हो, हाम्रो परिवारको शुभचिन्तक जोडी हो भनिएको छ ।

राजनीतिक पूर्वाग्रह नभएको र निष्पक्ष संस्था सञ्चालक नरेन्द्रराजसँग ख्यालठट्टामा डा.शर्माद्वारा भनिएको सन्दर्भ यस्तो रहेको छ– 'राजनीतिकै सन्दर्भमा कहिलेकाहीँ हामी गणतन्त्रवादी र राजतन्त्रवादीका बीच दोहोरी एवं ठट्टामजाक पनि हुने गर्छ । नरेन्द्रराज प्रसाई सिद्धान्तका बज्र नै हुनुहुन्छ । आनीबानी तथा गहन परिचय नभइसकेकाका लागि उहाँ केही बिझाउने काँडाजस्तै लागे पनि उहाँको बानी तथा सफा मन बुझिसकेपछि उहाँ वास्तवमा नौनी घ्यूजस्तै कोमल र सफा हृदयको व्यक्ति हो भन्ने लाग्छ ।' (पृष्ठ २५३)

**डीआर राई**को 'एउटा चमत्कार' शीर्षकको लेखमा जहाँ निरन्तरता, इमानदारिता र लगनशीलताको राम्रो संयोजन हुन्छ, त्यहाँ सफलताले बास गरेको हुन्छ भन्ने सिद्धान्त अँगालेका व्यक्तित्वमा नइ जोडी सशक्त साहित्यकार, कुशल व्यवस्थापक र संस्थासञ्चालक हुन् भनिएको छ ।

लेखक राईका विचारमा नइको यसरी शब्दगाथा प्रस्तुत भएको छ– 'नइ जोडी आफैँमा सशक्त साहित्यकार तथा कुशल व्यवस्थापक र सञ्चालक पनि हुन् । जसले सञ्चालन गरेको सङ्घसंस्था वा कार्यक्रम आफैँमा सम्मानित, सभ्य, भव्य र अनुशासित हुने गरेको मैले प्रत्यक्ष देख्दै आएको छु ।' (पृष्ठ २५५)

**तारानाथ दाहाल**को 'सभ्यताका साझा अभियन्ता' शीर्षकमा नइ संस्था एक अभियान हो, त्रिमूर्तिको स्थापनाकालदेखिको कथा, नइको समर्पण, अरूलाई उत्प्रेरित गर्ने शैली लोभलाग्दो छ, कुनै छलकपट नभई विश्वास आर्जन गर्न सक्नु नइको विशेषता हो भनिएको छ ।

दाहाल नइका बारेमा यसरी लेख्छन्– 'नेपाली साहित्यिक समाजका अनेक गल्ली, चोक, कुना र कप्चेरामा चलिरहने कुण्ठाग्रस्त टीकाटिप्पणीको पूरै बेवास्ता गरेर नेपाली भाषाको सभ्यताको श्रीवृद्धिको एक मात्र लक्ष्यमा समर्पण हुन सक्नु चानचुने अठोट होइन । नइको यो अठोटले अनन्त निरन्तरता पाइरहोस् ।' (पृष्ठ २६१)

**ताराप्रसाद चापागाईं**को 'प्रेरणाको मुख्य स्रोत' शीर्षकमा दुई लाइनका टुक्का कविताको सन्दर्भ कोट्टचाउँदै नइसमक्ष पुगेपछि पाएको हौसला र प्रेरणाको चर्चा गरिएको छ । नइकै प्रेरणाबाट २०७७ साल फागुन ७ गते नइ साहित्य मञ्च युएईको संस्थापक भएको र 'नइ रजत पदक'बाट पनि सम्मानित भएको समय सान्दर्भिक चर्चा गरिएको छ ।

टुक्का कवि चापागाईं नइलाई यसरी प्रस्तुत गर्छन्– 'मजस्ता टाढा र धेरै पर बसेका नेपाली भाषा र साहित्यलाई छातीमा टाँसेर

हिँड्ने अपरिचित मान्छेका शिरमा समेत नइ प्रकाशनले आशीर्वाद र स्नेहका पाती लगाइदिएको छ । स्वार्थैस्वार्थको डङ्गुर थुप्रिएको नेपालमा कसैको उद्धार हुने काममा कसैलाई चासो र पर्बाह हुने अहिले सपनाकै अवस्था छ । यस्तो समयमा नइदम्पती भने अर्काकै हित र अरूकै मर्यादा बढाउनका लागि तत्पर भएको देख्दा आश्चर्य लाग्नु स्वाभाविकै होइन र ?' (पृष्ठ २६५)

**डा.तुलसी भट्टराई**को 'बहुआयामिक यात्रा' शीर्षकको संस्मरणात्मक लेखनमा सिद्धहस्त नरेन्द्रराज प्रसाई र आख्यान क्षेत्रमा सशक्त इन्दिरा प्रसाईद्वारा गरिएको व्यवस्थापन लोभलाग्दो रहेको भनिएको छ । यसै लेखमा त्रिमूर्तिको परिकल्पना र नइको विविध कार्यहरूको चर्चा गरिएको छ । २०४४ सालतिर जागिरसम्बन्धमा भएको महत्त्वपूर्ण घटना लेखकबाट सम्झिएको पाइन्छ र साहित्यकारको उपचारको क्रममा आर्थिक सङ्कलनको सम्बन्धमा गरेको सहयोगको विशेष चर्चा गरिएको छ । यो विषय आफूप्रति नकारात्मक भावना राख्ने व्यक्तिप्रति पनि नइको सकारात्मक सोच भएको समय सान्दर्भिक विषयलाई लिएर चर्चा गरिएको छ ।

नरेन्द्रको स्वभाव र सहयोग गर्ने विषयमा डा.भट्टराईबाट भनिएको छ– 'ठिकै छ भाइ ! अहिले म जान्छु' भनेर म ढोकानेर पुगेपछि नरेन्द्र भाइले मेरो पाखुरा तान्दै भने– 'मेरो दाइ मेरा घरमा आउनुभयो, खाली हात पठाउँदिनँ । हाम्रो संस्थाको कोषबाट केही रकम दिन्छु ।' अनि भाइले दाहाल बचाउका लागि मलाई पच्चिस हजार रुपियाँको 'चेक' त्यसै बेला दिएका थिए । यस्तो विचित्र स्वभावका छन् नरेन्द्र । उग्र र नरमको सम्मिश्रण हुन् उनी तर मन खुलस्त भएका र कमलो मनका मानिस हुन् उनी !' (पृष्ठ २७४)

**त्रिभुवनचन्द्र वाग्ले**को 'राष्ट्रिय दायित्व वहन' शीर्षकमा नइ प्रकाशनबाट वितरण गरिने पुरस्कार प्रदानपछि चर्चा हुन्छ, पुरस्कार कसलाई दिइयो र दिइएन । यसलाई दिनुपर्ने आदि

आग्रहबाट मुक्त हुनुपर्छ भन्ने धारणा छ नइको । प्रारम्भदेखि दिइने गरेका पुरस्कारका नाम अनौठा रहेका छन्, तर वैज्ञानिक छन् । यौनिक तथा अल्पसङ्ख्यकलाई पनि पुरस्कृत गर्नु स्तुत्य कार्य हो । यो संस्था विश्वव्यापी भएको छ । विभिन्न किसिमका आरोप पनि लाग्छन् तर त्यतातिर ध्यान नदिएर आफ्नो कार्यमा निरन्तर लाग्ने नइले सबैलाई समेटेको छ, भन्ने सन्दर्भ वाग्लेबाट आएको छ ।

पुरस्कारको सन्दर्भमा वाग्लेद्वारा लेखिएको छ– 'आफूले पुरस्कार नपाएसम्म आलोचना गर्ने र पाएपछि उचित मूल्याङ्कन गरिएछ भन्ने प्रवृत्ति समाजमा नभएको होइन । पुरस्कारले मूलत: तीनवटा काम गर्छ; एक प्राप्त गर्ने व्यक्तिलाई आर्थिक सहयोग, उसको योगदानको सम्मान र आगामी पुस्तालाई योगदानको सम्मान हुन्छ भन्ने प्रेरणा ।' (पृष्ठ २८२)

**दीनानाथ शर्मा**को 'कर्मयोगीको सुन्दर फूलबारी' शीर्षकमा नइ प्रकाशन प्रतिनिधि संस्था हो भनिएको छ । त्यसपछि शर्माबाट थप प्रकाश पारिएको छ– 'वसुधैव कुटुम्बकम्'को भावना यसमा रहेको छ । कर्मशील व्यक्तित्व नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको संरक्षण यसले पाएको छ । अनेक कार्य सम्पादन गर्दै चलेको संस्थाले विभिन्न क्षेत्रमा सेवा गरेको छ ।'

यस विषयमा लेखकको दृष्टिकोण यस्तो रहेको छ– 'नइदम्पती कर्मयोगी हुन्, यो जोडी काम गरेर थाकेको कसैले देखेका छैनन् । यी दम्पती वाङ्मय विकासको पुनीत कर्ममा अविश्रान्त अगाडि बढिरहेका छन् । त्यसैले म भन्छु– 'कर्मयोगीको सुन्दर फूलबारी हो– नइ । श्रमिक, माहुरी र भँवराहरूको जीवनचर्या बन्नेछ सधैँ– नइ । यी सबै कुराको निष्कर्षमा उभिएको छ– नइ प्रकाशन । बिनाराजनीति, बिनाभेदभाव र बिनासङ्कीर्णताले हुर्केको नेपाली साहित्यको एउटा बलियो चौतारी हो– नइ प्रकाशन ।' (पृष्ठ २८८)

**दीप्स शाह**को 'साधनाको पूजा अर्चना' शीर्षकमा अहोरात्र खटिरहने नइ प्रकाशनले २०६७ सालमा आफूद्वारा लिखित 'आगो' कवितासङ्ग्रह र उमा सुवेदीकृत 'तप्किएर अञ्जुलीमा' गीतसङ्ग्रहले संयुक्त रूपमा 'नइ गणेशदुर्गा पुरस्कार' प्राप्त गरेको कारण अत्यन्त खुसीको अनुभूति भएको थियो भन्ने कुराको सन्दर्भ उठाउँदै भनिएको छ– नइ एक अद्वितीय संस्था हो । जिन्दगी जिउनुको अर्थ नेपाली वाङ्मयको सेवा गर्नु रहेछ । फराकिलो सोचविचार भएका नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईलाई नमन गर्छु ।'

यसमा सुरुवात यसरी गरिएको छ– 'नेपाली साहित्यको श्रीवृद्धिका लागि अहोरात्र खटिइरहेको साहित्यको सच्चा सेवक संस्था नइ प्रकाशन नै मानिन्छ ।' (पृष्ठ २८९)

**दुर्गा पौडयाल**को 'गरिमाशाली र लोकप्रिय' शीर्षकमा काठमाडौँमा सञ्चालित 'विश्वनारी साहित्य सम्मेलन २०७२' सालको (तीनदिने) कार्यक्रममा सम्मान लिन गएको अवस्थादेखि नइ (नरेन्द्रराज र इन्दिरा प्रसाई)लाई चिन्ने अवसर पाएको बारे वर्णन गरिएको छ । त्यहाँ पहिलो दिन त्रिमूर्ति निकेतन सञ्चारग्रामको कार्यक्रम र पछि आम्रपाली ब्याङ्क्वेट भाटभटेनीमा भएको भव्य कार्यक्रमले मन छोएको प्रसङ्ग छ । २०७८ साल असोज २० गते 'नइ बुलु शर्मा पुरस्कार'बाट पुरस्कृत भएको विषय र यस निबन्धमा अन्य 'नइ'सम्बन्धी विषयहरूको चर्चा पनि गरिएको छ ।

यस सन्दर्भमा भनिएको छ– 'साहित्यका सबै क्षेत्रदेखि अन्य धेरै विधालगायत समाजलाई हरेक किसिमले सहयोग पुऱ्याउने व्यक्तित्वहरूलाई कुनाकाप्चाबाट समेत निष्पक्ष छानबिन गरेर पुरस्कृत गर्ने संस्था सायद नइ प्रकाशन नै मात्र होला भन्ने लाग्यो मलाई । यहाँ न कुनै दलको सिफारिस चाहियो, न कुनै भनसुन गर्नुपर्ने, न कुनै फारम भर्नुपर्ने र न कुनै रकम बाँडचुँड नै गर्नुपर्ने !

यी सबै कारणले नइ प्रकाशन गरिमाशाली र लोकप्रिय बनेको हो भन्ने मलाई लागेको छ ।' (पृष्ठ २९९)

**दुर्गा वनवासी**को 'मेरो अनुवादयात्राको पथ' शीर्षकमा आफ्नो २०५९–२०७२ सालसम्मको काठमाडौँ बसाइको सन्दर्भका साथै भाषा अनुवाद र सम्पादनका कुरा, नइगृह जाँदा नरेन्द्रराज प्रसाईले 'अङ्ग्रेजी राम्रो भए म जागिर दिन्छु, अनुवादको काम गर्न' भनेको विषय अत्यन्त मननीय र स्मरणीय सन्दर्भ रहेको छ । नइले आफूलाई अनुवादक बनाएको छ र नइ प्राज्ञिक थलो हो भन्ने विषय उठाउँदै नइको प्रशंसा गरिएको छ ।

यस निबन्धमा नइद्वयको प्रशंसा गर्दै भनिएको सन्दर्भ यस्तो रहेको छ– 'आफैँले झन्नै नब्बेवटाजति कृतिलेखन र सम्पादन गरिसक्नुभएका नरेन्द्रराज प्रसाई र साढे चार दर्जन पुस्तक लेखन तथा सम्पादन गरिसक्नुभएकी इन्दिरा प्रसाई साहित्यसेवामा समर्पित सच्चा साधक हुनुहुन्छ । वार्षिक रूपमा सालाखाला पन्ध्रबीस लाख रुपियाँको पुरस्कार राशि प्रदान गर्ने नइ प्रकाशन तथा हरेक वर्ष तीन जना स्रष्टालाई तीन लाख रुपियाँको पुरस्कार प्रदान गर्ने त्रिमूर्ति निकेतनले कुनै पनि सरकारी सङ्घसंस्थाले गर्न नसकेको कर्म गरेर देखाएका छन् । यी दुवै संस्थाको परिकल्पनाकार, संस्थापक र व्यवस्थापक नै नइ जोडी हुनुहुन्छ ।' (पृष्ठ ३०५)

**डा.देवीप्रसाद सुवेदी**को 'ऊर्जाशीलको सफलता' शीर्षकमा नइ प्रकाशनको स्थापनादेखि गरेका कामहरू हेर्दा विराट् स्वरूप लिएको छ । मनसा, वाचा, कर्मणा समर्पित नइको खटाइले नै गतिशीलता प्राप्त भएको हो । नइको स्थापनाभन्दा पुरानो चिनजानी भएको कारण पनि यसका विविध गतिविधिबाट अत्यन्त प्रभावित भएको सन्दर्भ यहाँ आएको छ ।

नइको विषयलाई लिएर डा.सुवेदीबाट भनिएको छ– 'त्रिमूर्ति निकेतन नेपाली कलासाहित्यका अरू विशिष्ट साधकहरूको प्रतिमा स्थापनामा र ती प्रतिमासँग सम्बन्धित साधक, स्रष्टाहरूलाई सम्मानित गर्ने भूमिकामा अग्रणी बनेको छ । साहित्यमा त्रिनारी रत्नको अवधारणा र महान् कलाकार अरनिकोको प्रतिमाका साथै वानीरा गिरीको स्मृतिमा 'वानीरा फाउन्डेसन'को स्थापनाको सक्रिय भूमिकामा पनि नरेन्द्र र इन्दिराकै अग्रगामिता रहेको छ ।' (पृष्ठ ३१०)

**धनकुटे कान्छा**को 'सक्षम र भरपर्दो चौतारी' शीर्षकमा नइदम्पती आफैँ पनि स्रष्टा द्रष्टा भएकाले नइ एक मानक संस्था भएको भनिएको छ । नइ प्रकाशनका परिवार र मनकारी दानवीरका कारण मुलुकको गौरव र इज्जत बनेको संस्था पनि भनिएको छ ।

कान्छाबाट लेखिएको छ– 'क्रान्तिकारी ठान्नेहरूले नइलाई राष्ट्रवादी र राजावादी भनेर आलोचना पनि गर्थे । तर हिजोका तिनै आलोचकहरू आज नइका प्रशंसक बन्नु र नइमार्फत प्रकाशनमा आउनु यो नइको अविश्रान्त कर्मको कमाइ हो ।' (पृष्ठ ३१२)

**नगेन्द्र न्यौपाने**को 'शिष्टाचारको ऐना' शीर्षकमा पनि आफूलाई साहित्यिक परिवेशले जोडेको नइले २०६८ सालमा 'दरबारबाहिरकी महारानी' पुस्तक नइ प्रकाशनमा दर्ता भएको र २०६९ सालमा 'नइ गणेश दुर्गा पुरस्कार' प्राप्त भएको सन्दर्भलाई व्यक्त गरिएको छ र नइगृहमा भेटघाट हुँदाको रमाइलो सन्दर्भ, नइ आफैँ ज्ञानको भण्डार भएको अनुभूति र अरूको ज्ञानभण्डार पनि बाहिर ल्याउन सदा प्रयत्नशील रहने प्रभावशाली व्यक्तितत्व हुन् नइ भनिएको छ ।

नइका बारेमा न्यौपाने यसरी लेख्छन्– 'नइ जोडीसँग मेरो सम्बन्ध जुराइदियो एउटा साहित्यिक परिवेशले । उहाँहरू नेपाली

भाषासाहित्य र कलामा समर्पित व्यक्ति हुनुहुन्छ भन्ने मलाई थाहा थियो ।' (पृष्ठ ३१६)

**नवराज पहाडी**को 'नेपाली साहित्यको राजमार्ग' शीर्षकमा वाङ्मयको श्रीवृद्धिको दीर्घकालीन सोच, चिन्तन, योजनाका साथ सञ्चालनमा नइ प्रकाशन आएको छ भन्ने सन्दर्भलाई स्पष्टतया लेखिएको छ । नइको कार्यालयबाट धेरै कुरा सिक्न सकिने र विभिन्न पदक यसबाट प्राप्त भएको सन्दर्भ विस्तृत रूपमा चर्चा गरिएको छ ।

नइको विभिन्न कोणबाट वर्णन गर्दै भनिएको छ– 'राजमार्ग मुलुकको विकासको मेरुदण्ड भएजस्तै नइ पनि नेपाली साहित्यको मेरुदण्डको रूपमा क्रियाशील रहँदै आएको पाउँदा आफ्ना निजी वा राष्ट्रिय दुःखको सागरमा डुब्दा पनि मलाई हर्षको अनुभूति हुने गरेको छ । ...धार्मिक क्षेत्रमा बुद्धको जुन गरिमा, इज्जत अनि सम्मान छ; नेपाली साहित्यिक फाँटमा नइको पनि उही स्थान छ र राजमार्गका रूपमा यो पृथ्वी अनि यहाँ मानवसमाज रहँदासम्म विश्वभर फैलिरहनेछ निरन्तर, निरन्तर र निरन्तर !' (पृष्ठ ३२६–३२७)

**नारा जोशी**को 'भरोसाको धाम' शीर्षकमा स्रष्टा नरेन्द्रराज प्रसाईबाट लिखित 'नारीचुली'को केही अंश रेडियो नेपालबाट सुनेर प्रभावित भई नइको विषयमा जानकारी लिएको र 'विश्वनारी नेपाली साहित्य सम्मेलन'को कार्यक्रमबाट अरू प्रभावित भएको सन्दर्भलाई रोचकताका साथ प्रस्तुत गर्नुका साथै नइ जोडीको अनौठो संयोग ईश्वरीय देन हो, विभिन्न व्यक्तिहरूलाई उपाधि दिएको संस्थाले विभिन्न पुरस्कार स्थापना र प्रदान गरेको छ । नइबाट सबैलाई प्रेम र सद्भाव राखेको छ भनिएको छ ।

यसमा संस्थाको क्रियाकलापलाई उल्लेख गर्ने क्रममा रोगको कारण दुःख पाएको बेला सान्त्वना पाएको सन्दर्भ बडो मार्मिक रहेको छ– 'म दुई पटक क्यान्सरजस्तो भयानक रोगसँग सामना

गरेर मृत्युलाई नजिकै पर्खेर बसिरहेकी थिएँ । आफ्नो लेख, रचनामार्फत मेरो दुक्खकष्टलाई मैले सम्प्रेषण गरेकी थिएँ । मेरो वेदनामा नइको दिव्यदृष्टि पुग्न गएको मैले चाल पाएँ । मेरो लेख पढेर नइबाट मैले धेरै सान्त्वना र प्रेरणा पाइरहेँ । मैले लेखेको 'जीवन एक संस्मरण'मा व्यक्तिगत जीवन, रोग, उपचार गर्ने क्रममा भोगेको कठिनाइ; स्वजनको सहयोग, औषधि र आशीर्वादजस्ता मर्मस्पर्शी भावनाले नइको मनलाई चसस्क छोएको मैले पाएँ । त्यसैले नइ भनेको 'नइ' नै रहेछ भन्ने मलाई लाग्यो ।' (पृष्ठ ३३३–३३४)

**निर्मला कोइराला**को 'सरस्वतीको सुन्दर मन्दिर' शीर्षकमा कुनै पनि संस्था खोल्नु अक्षर आराधना गर्नु हो भन्ने भावनाबाट अभिप्रेरित भएर नइ प्रकाशनलाई हेरेको अनुभूति यस लेखबाट स्पष्ट हुन्छ । नइ सरस्वतीको मन्दिर हो र नइ जोडी त्यसका पुजारी हुन् भन्दै नइले धेरै काम गरेको छ । हरेक व्यक्तित्वको मूल्याङ्कन गर्नु नइको विशेषता हो ।

यस्तै नइको वैशिष्टच गुणको बखान गर्दै भनिएको छ– 'नइ राष्ट्रभक्ति र देशप्रेमको अनौठो नमुना हो । यसले धेरै प्राज्ञिक व्यक्तित्वहरूलाई एकै थलोमा उभ्याएको छ । नेपाली वाङ्मयजगत्मा एउटा छुट्टै पहिचान बोकेर उभिएको नइ प्रकाशन साहित्यप्रेमी सबैलाई समेट्ने साझा प्लेटफर्मको रूपमा स्थापित भएको छ । नइले विशेष गरेर साहित्यको प्रवर्धनका लागि आफ्नो संस्थालाई मात्र हेरेन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसनलाई पनि आफूसँगसँगै उठाएको छ ।' (पृष्ठ ३३८)

**पवन आलोक**को 'गौरवमय निर्माण' शीर्षकमा नइले गौरवमय इतिहास कायम गरेको छ । विभिन्न संस्था स्थापना गर्नु, विभिन्न पुरस्कार प्रदान गर्नु, पुस्तक प्रकाशन गर्नु नइ प्रकाशनको कार्य हो । देशविदेशका प्रतिभाहरूको खोजी गरी प्रेरणा प्रदान गर्नु उदाहरणीय काम भएको छ ।

लेखकको भनाइ सङ्क्षेपमा यस्तो रहेको छ– 'नेपाली धर्तीमा काम गरेर नइले आफ्नो छुट्टै गौरवमय इतिहास निर्माण गरेको छ र नइले नेपाली साहित्यलाई ठूलो गुन लगाएको छ । हाम्रो साहित्याकाशमा प्रस्टै देखिने गरेर यसले विशिष्ट किसिमको अलग पहिचान बनाएको छ । त्यसैले नइबाट हामी सबैले धेरै कुरा सिक्नु जरुरी पनि छ ।' (पृष्ठ ३४२)

**पार्वती शर्मा**को 'राष्ट्रको विशिष्ट सम्पत्ति' शीर्षकमा नइको सङ्घर्षमय जीवनबाट अहिले सफलता प्राप्त भएको हो भनिएको छ । देशमा सच्चा व्यक्तिलाई सम्मान गर्नु नइको आफ्नै परिपाटी रहेको छ । नइदम्पती राष्ट्रका विशिष्ट सम्पत्ति हुन् भनेर हृदयत: प्रशंसा गरिएको छ ।

त्यस लेखको एक अंश हेरौँ– 'नइले शैक्षिक क्षेत्रमा अध्ययन तथा अरू उत्कृष्ट कार्य गर्ने शिशुदेखि पन्ध्र वर्षसम्मको बालबालिकाहरूलाई पुरस्कारको व्यवस्था गर्दै आएको छ । कस्ताकस्ता व्यक्तित्वहरू तथा बालबालिकाहरूले राष्ट्रलाई योगदान पुऱ्याउने हिसाबले कार्य गरे भन्ने लेखाजोखा त नइले जनमानसमा पस्कँदै आएको छ ।' (पृष्ठ ३४७)

**पिङ्की गुरुङ**को 'तेस्रो लिङ्गीलाई माया' शीर्षकमा 'म'जस्तो तेस्रो लिङ्गीले 'नइ रामलक्ष्मी पुरस्कार' पाउँदा गर्व लागेको छ । मलाई लाग्छ– यसरी तेस्रो लिङ्गीलाई सम्झिने नइ छ । '२०३५ सालमा लमजुङको बिचौरमा जन्म भएको थियो मेरो' भन्दै लेखकले आफ्नो पूर्वकथा बताइसकेपछि नइको विषयमा चर्चा गरेकी छिन्, उनको यो मार्मिक कथाले मन छुन्छ । यस्ता व्यक्तिलाई नइले खोजेर सम्मान गर्दा साँच्चै नइले धेरै राम्रो काम गरेको अनुभूति हुन्छ ।

यसमा लेखक पिङ्की गुरुङको भनाइ यस्तो रहेको छ– 'नरेन्द्रराज प्रसाई तेस्रो लिङ्गी समुदायप्रति धेरै चिन्तित भएको मैले

अनुभूत गरेकी छु । उहाँले हामीमाथि प्राय: खोजखबरी गरिरहनुभएकै हुन्छ । उहाँले हाम्रो सुख र दु:ख सोधिरहनुहुन्छ । सधैँ मलाई माया गर्ने नरेन्द्रराज प्रसाई र नइ प्रकाशनप्रति मेरो पनि त्यति नै सद्भावना भइरहेकै हुन्छ । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको स्नेहमा म पनि फक्रिरहेको महसुस गर्ने गर्छु ।' (पृष्ठ ३५५)

**पिमला न्यौपाने**को 'दूरदृष्टि नयनहरू' शीर्षकमा साहित्यप्रति हेर्ने दूरदृष्टि नइको रहेको छ । संस्थागत रूपमा नइ सबल, सर्वव्यापी छ । नइको हौसलाबाट म अभिप्रेरित छु, बालबालिकाको पौरख स्तरवृद्धिमा नइले गरेको काम मननयोग्य छ भन्ने कुरा आफ्नो निबन्धमा न्यौपानेद्वारा लेखिएको छ ।

पिमला न्यौपाने सुरुवातमै लेख्छिन्– 'नइका नयनहरूमा साहित्यलाई हेर्ने दूरदृष्टि रहेछ र नेपाली साहित्यप्रतिको लगाव रहेको भेटिन्छ । सोही दृष्टिले साहित्यका तमाम कोपिलाहरूदेखि लिएर रङ्गीन फूलहरू र यसअन्तर्गतका उपलब्धिहरूलाई सजाइराख्ने तथा जोगाइराख्ने आकर्षक बगैँचा सृजना गरिएको रहेछ ।' (पृष्ठ ३५६)

**प्रा.पुरुषोत्तम दाहाल**को 'एउटा पाठशाला' शीर्षकमा देशका साहित्य, कला, संस्कृति स्पन्दन हुन् । नइ जोडीले निष्ठापूर्वक कार्य गरेका छन् । नरेन्द्रराज प्रसाईलाई चिनेको साढे चार दशकमा हामीबीच विचारमा फरक दृष्टिकोण हुन सक्छ तर भाषा, संस्कृतिका लागि गरेको कार्यले हामी सँगै छौँ । नइगृहमा स्रष्टा दुर्गादेवी नेपाल (इन्दिरा प्रसाईकी आमा)सँगको संवाद, स्वयम् लेखेको 'साँध' कवितासङ्ग्रहको विषयमा समालोचक इन्दिरा प्रसाईको समीक्षा (जो उनको पुस्तक 'प्रिय नरेन्द्र'मा प्रकाशित भएको छ)बाट प्रभावित छु । नइले विभिन्न कृतिहरूको प्रकाशन गरेको छ, सबैलाई सम्मान गरेको छ, बिनाभेदभाव आदि प्रसङ्गहरूलाई प्रा.दाहालबाट विस्तृत रूपमा वर्णन गरिएको छ ।

यस सन्दर्भमा लेखकको भनाइ छ– 'विशुद्ध राष्ट्रिय चिन्तन नइभित्र रहेको छ । यो चिन्तनसँग सहमत वा असहमत अरूका आआफ्नै धारणाहरू छन् र यसमा विवाद हुन सक्छ । तर नइले आफ्नो मान्यतासँग मेल हुने वा नहुने समान रूपमा साहित्यको अनवरत पक्षपोषण गरिरहेको छ । नइले कुनै राजनीतिक दलको पक्षपोषण गरेको सुनिँदैन । नइका विचार दृष्टिकोणका आधारमा उसले काम गरेको नदेखिएको हुनाले यो संस्था पूर्णतः गैरराजनीतिक, गैरदलीय, स्वतन्त्र र निष्पक्ष रहेको पुष्टि हुन्छ ।' (पृष्ठ ३६४)

**प्रभा बराल**को 'अक्षरहरूको कीर्तिमान' शीर्षकमा २०५२ सालमा प्रारम्भ भएको गौरवमय इतिहास कायम गर्न सफल नइका संस्थापकद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नेपाली साहित्यको क्षेत्रमा ठूलो योगदान रहेको छ भनेर लेखिएको छ । नइले पच्चिस वर्षको अन्तरालमा १६० पुस्तक प्रकाशन गर्नु, विभिन्न संस्था स्थापना गरी उपाधि प्रदान गर्नु, विभिन्न पुरस्कार प्रदान गर्नु, नइका कार्यका साथै अनेक राष्ट्रिय र अन्तर्राष्ट्रिय साहित्य सम्मेलन गरेर एउटा इतिहास बनाएको छ । नइगृहमा पुग्दाको प्रसङ्ग, स्रष्टाद्वयसँगको निकटताबाट प्राप्त उपलब्धिलाई औँल्याइएको छ ।

नइ प्रकाशनको सम्बन्धको चर्चा गर्दै भनिएको छ– 'बहिनीलाई हरपल स्वागत छ' कति मीठो वाक्य थियो त्यो । मैले यसो भनेको पनि सात वर्ष भएछ, म उक्त पुस्तकालयमा जान पाएकी रहेनछु । बरु यो बीचमा मैले पनि करिब दुई हजारभन्दा माथि साहित्यका पुस्तक सङ्कलन गरेर आफ्नै घरको एउटा कोठामा सानो पुस्तकालय निर्माण गर्न पुगेँ । यो प्रेरणा र हौसलाको अलिकति हिस्सेदार नइ प्रकाशन पनि हुन सक्छ ।' (पृष्ठ ३६९)

**प्रमोद प्रधान**को 'नौलो र अविस्मरणीय' शीर्षकमा इसँग पिता पुस्तादेखिको रहेको पारिवारिक सम्बन्धको कुरा उठाउँदै नइको विषयमा विशद चर्चा गरिएको छ । न र म, विशिष्ट

प्रकाशनको शृङ्खला, नयाँ पुस्तालाई प्रोत्साहन, ऐतिहासिक महत्त्वका कृतिहरू, विशिष्ट साहित्यकारहरूको प्रतिमा स्थापना, विशिष्ट व्यक्तिहरूलाई उपाधि प्रदान, व्यक्तिसम्बन्ध, कृति प्रकाशन, अनेक पुरस्कार, सबैलाई सम्मान आदि उपशीर्षक दिएर नइले गरेको योगदान वा विशिष्ट कर्मको विस्तृत व्याख्या गरिएको छ ।

अन्तमा लेखकद्वारा भनिएको छ– 'नइ प्रकाशनमार्फत भएका कामहरू सबै हाम्रा आँखाअगाडि छर्लङ्ग छन् । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको व्यक्तित्वको एउटा महत्त्वपूर्ण पाटो स्रष्टा व्यक्तित्व हो भने अर्को व्यक्तित्व संस्थामार्फत गर्दै आएको विभिन्न गतिविधिहरू हुन् । दिनरात नभनी यसरी खट्नु पक्कै सजिलो छैन । तर भाषासाहित्य अरु भनौँ, वाङ्मयप्रतिको श्रद्धाले यी सब सम्भव भएका हुन् ।' (पृष्ठ ३७६)

**प्रीति आत्रेय ज्ञवाली**को 'साधना र तपस्या' शीर्षकमा बुबा विष्णुराज आत्रेयसँग नइको सम्बन्धमा जानकारी पाएको सन्दर्भ उल्लेख गर्दै नरेन्द्रराज प्रसाई घरमा आउनुभएको र अनुकृतिकाद्वारा सम्पादित 'कवचमन्त्र' चिनोको रूपमा रहेको चर्चा यसमा गरिएको छ ।

यही सन्दर्भलाई लिएर लेखनको अन्तमा कवितामा भनिएको छ–

**'नरेन्द्र, इन्दिरा'को यो नइ भव्य प्रकाशन**
**दुई मिली बनेका छन् साहित्य सभ्य दर्पण ।**
**चुलियोस् अरु उँचाइ देश प्रदेश विश्वमा**
**कीर्ति नेपालको राखून् 'प्रीति'को शुभकामना ।**

(पृष्ठ ३८२)

**प्रा.डा.प्रेम खत्री**को 'सम्मान र पुरस्कारको क्रान्ति' शीर्षकमा नइले साहित्यिक क्षेत्रमा एउटा क्रान्ति नै गरेको छ । सबै बाहिरी

झन्झटबाट मुक्त भएर विविध पुरस्कार, सम्मान गर्ने संस्था बिरलै हुन्छन् । आफैँ कृति लेख्ने, सम्पादन गर्ने, अरूलाई प्रेरणा दिने नइजस्ता अरू देखिँदैनन् ।

यसै सन्दर्भमा भनिएको छ– 'एक्लै नले चार कोरीभन्दा धेरै कृति लेखिसक्यो । त्यसमा इको इँटा थप्दा र यो जोडी बाँकी एकाध दशक सक्रिय नै रहने शुभलक्षण देखिँदा यसले पुस्तक शताब्दी कटाउने देखिएकाले यस्तो जोडी कतै छ नेपालमा ? यो गिनिज वर्ल्ड रेकर्डतिर लम्केको आभास हुँदैन र ? मलाई यो आभास भइरहेछ ।' (पृष्ठ ३८५)

**प्रेमप्रकाश फलाहारी**को 'कर्म मर्दैन र कर्मले मर्नु हुँदैन' शीर्षकमा त्रिफला राष्ट्रिय पुस्तकालयलाई पुस्तक सङ्कलन गर्ने सिलसिलामा नइ प्रकाशनबाट आफूले बोक्न सक्ने किताब ल्याएको प्रसङ्ग उठाउँदै नइसँगको सम्बन्ध फराकिलो भएको र नइको लेखन, प्रकाशन शक्तिशाली हुन्छ भनिएको छ ।

नइको विशेषता भनेको सहयोगी भावना हो भनिएको सन्दर्भ यस्तो छ– 'नइ प्रकाशनबाट नाम्लो लगाएर बोकेको कितापको भारी ल्याएसरि अनेक दु:खकष्ट गरेर एउटाएउटा किताप सङ्ग्रह गरिएका पुस्तक तथा आर्थिक सहयोग भेला पारेर किनेका पुस्तकले आज यो पुस्तकालय प्रदेश नम्बर एककै ठूलो पुस्तकालय कहलिएको छ । सही मूल्याङ्कन गर्ने हो भने जमिन, भवन र विभिन्न उपकरण र पुस्तकहरू, मन्दिर, सालिकहरू र पुरस्कारहरू दस करोडभन्दा कमको सम्पत्ति जोडिएको छैन । मैले जीवनमा कर्म गरेँ तर फलको आशा कहिले राखिनँ र यसै कारणले पनि नइबाट म प्रेरित छु ।' (पृष्ठ ३९२)

**प्रेममान डङ्गोल**को 'जीवन्त ऐतिहासिक दस्तावेज' शीर्षकमा नइ प्रकाशन जीवन्त ऐतिहासिक दस्तावेज हो भन्दै नइको इतिहास,

गरेका कामहरू, सम्मानका सन्दर्भहरू, विभिन्न व्यक्तित्वका कुराहरू, आफूले महाकवि देवकोटासँग २०१६ सालमा भेटेका कुराहरू र त्रिमूर्ति निकेतनका कुराहरू समाविष्ट गरी नइको व्याख्या गरिएको छ ।

नइको सन्दर्भमा यस्तो व्यहोरा उल्लेख गरिएको छ– 'नइले नेपाली वाङ्मयका लागि जति काम गरेको छ, ढङ्ग पुऱ्याएर गरेको त्यस प्रकारको त्यति नै बृहत् काम इतिहासमा कुनै पनि गैरसरकारी साहित्यिक संस्थाले गरेजस्तो मलाई लाग्दैन ।' (पृष्ठ ३९७)

**प्रेमविनोद नन्दन**को 'मैले पाएको पुरस्कार' शीर्षकको प्रारम्भमा नै कविताबाट लेखन प्रारम्भ भएको छ–

**मरी मरी बाँच्छन् कविहरू**
**रोई रोई हाँस्छन् कविहरू**

**नीरव अँध्यारो रातमा पनि**
**मिर्मिरे बिहानी बास्छन् कविहरू**
(पृष्ठ ३९८)

प्रेमविनोद नन्दनद्वारा गजलबाट लेखन प्रारम्भ गरी बडो रोचक ढङ्गमा आफ्नो अस्वस्थताको सन्दर्भसँगै नइले आफूलाई 'नइ कोइलीदेवी पुरस्कार' प्रदान गरेको सन्दर्भलाई सकारात्मक रूपमा बखान गरिएको छ । त्यो पुरस्कार पाउँदाको खुसीले आफूभित्र ऊर्जा थपिएको नन्दनबाट अनुभूति पनि यसमा व्यक्त गरिएको छ ।

**बालिका गिरी**को 'पक्षपातबाट कोसौँ टाढा' शीर्षकमा २०५७ सालतिर श्रीमान् युवराज कार्कीका साथ नइगृह गई भेट गरेको, २०५८ सालको दरबारकाण्डको कुरालाई पनि समाविष्ट गर्दै पछि भेट्दा साहित्यकार इन्दिरा प्रसाईलाई आमाजस्तै लागेर आमा नै भन्ने गरेको र अत्यन्त भावुक भएको सन्दर्भ आएको छ । इन्दिरा आमा साहित्यको मूल हुन्, ममताकी विशाल मुहान हुन् भनिएको छ ।

नइको काम पनि विशाल छ भन्ने कुरालाई यसरी व्यक्त गरिएको छ– 'नइले दु:खसुखका उकालीओराली गरेको म पनि कहिलेकाहीँ साक्षी भएकी छु । केहीकेही नइका शत्रुहरूले नइलाई खोइरो खन्न बदनाम गर्न खोज्ने नगरेका होइनन् तर नरेन्द्रराज प्रसाईले यस्ता कुरालाई 'मेरा दुस्मन मेरा मल हुन्, मल हाल्दा बिरुवा झन् हल्किन्छ' भन्ने आदर्शबाट अघि बढ्दै जानुभयो । त्यसैको फल आज नइ यो रूपमा खडा भएको छ ।' (पृष्ठ ४०८)

**बिन्दु अधिकारी ढकाल**को 'उत्कृष्टताको अर्को नाउँ' शीर्षकमा यदि कसैले दायित्व निर्वाह गर्छ भने ईश्वरप्रतिको दायित्व पूरा गरेको हुन्छ भन्ने धारणा राख्ने लेखकले नइलाई उच्चकोटिको संस्था ठानेको र नरेन्द्रराज र इन्दिरा प्रसाईसँग भेट्ने इच्छाअनुरूप गएको कारण साहित्यमा पाइला चाल्न थालेको अनुभूति यहाँ प्रकट गरिएको छ ।

नइप्रतिको लेखकीय विचार यसरी व्यक्त हुन्छ– 'नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको संरक्षणमा नइ प्रकाशनले आफूलाई समर्पित गरेको कुरा जगजाहेर छ र यो यथार्थ घामजत्तिकै छर्लङ्ग पनि ।' (पृष्ठ ४१२–४१३)

**भगवती बस्नेत**को 'सागरको मोती' शीर्षकमा दीप्स शाहको सान्निध्यले नइका बारेमा विशेष जानकारी भएको हो । आफू इजरायलका लागि नेपाल सरकारको तर्फबाट पर्यटन दूत भई बाहिर बस्दा त्यति सम्पर्क हुन नसके पनि पछि भानुभक्तको द्विशतवार्षिकीमा समितिमा रहेर काम गर्न पाउँदा खुसी लागेको सन्दर्भलाई प्रकाश पार्दै आफू प्रवासमा बस्दा साहित्यकार बन्न नसकेको र केही लेख्ने बानी परेको आदि विषयहरूलाई इङ्गित गरिएको छ ।

नइको विषयमा यसरी आफ्नो भावना व्यक्त गरिएको छ– 'नइले मलाई कहिल्यै 'त्यो कार्यक्रममा जाऊ त्यहाँ नजाऊ, त्योसँग

बोल, योसँग नबोल' भन्नु भएन । साथै छेपारोले रङ फेरेको झैँ कहिले कुन रूप, कहिले कुन रूपमा मैले नइलाई कहिल्यै देखेको छैन । नइ सुकी जाने खहरे होइन, निरन्तर बगिरहने शान्त समुद्र हो । यसमा मोती खोज्नेले मोती भेट्टाउँछ ।' (पृष्ठ ४१७)

**भद्रकुमारी घले**को 'प्रेरक र बहुमुखी आयाम' शीर्षकमा नेपाली साहित्यमा नइ ऐतिहासिक पात्र भएको र नइको पहलमा महत्त्वपूर्ण काम भएको छ । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको इमानदारी, सबैको विश्वास जित्न सफल, कठिन काम पनि फत्ते गर्न सक्ने शक्ति भएका व्यक्ति हुन् । यिनका कारण अनेकले पुरस्कार पाए, सम्मान पाए भनिएको छ ।

नइको विषयमा आफ्नो भावना यसरी व्यक्त गरिएको छ– 'नइजस्तो बहुमुखी आयाम लिएर राष्ट्रसेवा गर्ने, समाजसेवा गर्ने, मानवसेवा गर्ने नेपाली र नेपालीलाई बुझी काम गर्ने व्यक्तित्व पाउन साह्रै गाह्रो छ । त्यसैले यी दम्पती नेपाली साहित्यको दिगो र प्रेरणादायी इतिहासका गौरवमय पात्र भइसकेका छन् ।' (पृष्ठ ४२२)

**भरत जङ्गम**को 'अमर रहोस्, अजर रहोस्' शीर्षकमा नइसँग आफ्नो पारिवारिक सम्बन्धका कुरा, नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईसँगको निकटता, आदरपूर्वक गरिने सम्बोधन, इन्दिरामा भएको दैवीय शक्ति, शक्ति र शिवस्वरूपको एकाङ्गी रूप, यिनले गरेको भाषासाहित्यको सेवा अद्भुत छ । सरकारी संस्थाभन्दा माथि उठेर नइले गरेको सेवा महत्त्वपूर्ण छ । मलाई २०७८ सालमा प्राप्त 'नइ रजत महोत्सव पदक'ले सौभाग्यशाली बनाएको छ जस्ता अनेकौँ सन्दर्भहरू यहाँ उठाइएको छ ।

यसै सन्दर्भमा यस्तो भनिएको छ– 'नइ प्रकाशनलाई देशभित्र र देशबाहिर लोकप्रिय बनाउन अथक कार्य गर्ने नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईलाई नेपालको सरकारमा बसेका कुनै पनि व्यक्तिले

चिन्न सकेको जस्तो मलाई लागेन । नरेन्द्रबाबूले मलाई एक पटक भनेका थिए– 'यदि सरकारले दस करोड रुपियाँ नइ प्रकाशनलाई दियो भने हामी त्यो पैसा सीधै अक्षयकोषमा राख्छौँ र नेपाल प्रज्ञाप्रतिष्ठानहरूले गर्नुपर्ने सम्पूर्ण काम हामी नै गर्छौं र तिनीहरूले गरेको कामभन्दा सय प्रतिशत राम्रो पनि गर्ने थियौँ ।' (पृष्ठ ४२७)

**भागीरथी श्रेष्ठ**को 'जे काम आँटचो गरेरै छाड्ने' शीर्षकमा नइ साहित्य मन्दिर हो । नइदम्पती साधक र पुजारी हुन्, नदीजस्तै हुन् । आत्मीय एवं मायालु व्यवहारले विश्वासिला व्यक्ति हुन् । नइदम्पती सशक्त, प्रतिभाशाली स्रष्टा हुन्; सम्पादक हुन्; अनुवादक हुन् र व्यवस्थापक हुन्; जसले गर्दा अनेक महनीय कार्य सम्पादन भएका छन् ।

यसै सन्दर्भमा भनिएको छ– 'यसरी अनवरत रूपमा सबै समय नै साहित्यको सेवामा खटिएर अगाडि बढेको नइदम्पती प्रशंसाका पात्र भएका छन् । यसरी नै नइको साहित्यिक यात्रा झन्झन् उन्नति हुँदै जानेछ भन्ने मैले बलियो विश्वास पालेकी छु ।' (पृष्ठ ४३४)

**भानुप्रकाश जोशी**को 'मूल ढोकाबाटै स्वागत' शीर्षकमा २०६० सालदेखि नरेन्द्रराज र इन्दिरा प्रसाईसँग भेट भएको हो । नइ हाम्रो नभनी राम्रो भन्ने प्रभावका साथ पुरस्कार प्रदान गर्दछन् भनिएको छ ।

लेखकले आफ्नो भाव यसरी व्यक्त गरेका छन्– 'नारीलाई उच्च स्थानमा राखेर नरेन्द्रराज प्रसाईले यतिविधि काम गरेका छन् कि सुन्दा र नइको इतिहास केलाउँदा आफैँलाई गर्व लागेर आउने गर्छ ।' (पृष्ठ ४४०)

**मञ्जुश्री गिरी**को 'कत्रो ठूलो पहुँच' शीर्षकमा लक्ष्मीपूजाको दिन घरमा काम हुँदाहुँदै पनि कवितावाचनमा हिँडेकी लेखिकाको

दृष्टिकोण नइको कामबाट प्रभावित भएको देखिएको छ । इन्दिरा प्रसाईलाई विशेष चिनेको र नइले अरूले गर्न नसक्ने काम गरेको छ, नइ नेपाली साहित्यसेवाका लागि जन्मिएको जोडी हो भन्दै नइको सम्बन्धमा चर्चा गरिएको छ ।

नइमन्दिरको बारेमा यसरी व्यक्त भएको छ– 'राज्यले नसम्झेका धेरै विद्वान्, लेखकहरूलाई ठूलठूलो धनराशिका पुरस्कार नइ प्रकाशनबाट प्रदान गरेको देख्दा र सुन्दा छुट्टै आनन्द आउने रहेछ । बालकदेखि वृद्धसम्मको प्रतिभाको कदर गर्ने एक मात्र थलो नइ प्रकाशन भयो । त्यसैले नइ प्रकाशन हाम्रो साहित्यको मन्दिर हो ।' (पृष्ठ ४४५)

**मदनदास श्रेष्ठ**को 'एउटा भाग्यमानी संस्था' शीर्षकमा नइ जोडीको काम गर्ने शैली भिन्न किसिमको रहेका कारण संस्थाले गति लिएको छ, नइहस्तीको सफल नेतृत्व छ, अनेक व्यक्तित्वलाई सम्मान गऱ्यो, साहित्यिक क्षेत्रका व्यक्तिको जीवनी लेख्यो, प्रकाशन गऱ्यो । नृत्य, कला, सङ्गीत, गायनक्षेत्रलाई पनि सम्मान गरेको छ । आफैँ संस्थाको सदस्य भएकाले पुरस्कार दिन नमिल्दा सम्मान स्वरूप 'नाटचभूषण मदनदास श्रेष्ठ' कृति प्रकाशनमा ल्यायो । नइका सम्बन्धमा पारिवारिक सन्दर्भदेखि व्यावहारिक सन्दर्भका कुराहरू यस लेखमा सम्मानित रूपमा परेका छन् । यो संस्था त्यसै अगाडि बढेको होइन भन्ने कुरालाई पुष्टि गर्न नरेन्द्रराज प्रसाईकी आमाले भनेका र आफूले अनुभव गरेका अत्यन्त मार्मिक कुरा उठाएका छन् नइको सम्बन्धमा लेखकले ।

लेखक यहाँ लेख्छन्– 'नरेन्द्रकी आमाले बराबर मलाई भन्नुहुन्थ्यो– 'मेरा छोरा नरेन्द्रले पैतृक सम्पत्ति लिएको छैन । उसैका हातले दाजुभाइलाई अंश बाँडिदियो । मेरो जिउनी पनि यसले लिएन, दिदीलाई नै दिनुपर्छ भन्यो र मेरी छोरीले पाई । बाबुको सम्पत्ति नलिए पनि यसैले मेरो सेवा गरिरहेको छ ।' ...पचासौँ

वर्षको सङ्गतले मलाई यति थाहा छ– 'नरेन्द्र भोकै बस्छ तर उसले लुटेर, ठगेर र मागेर खाँदैन' ।' (पृष्ठ ४५४)

**मधुसूदनप्रसाद घिमिरे**को 'इमानको छाता' शीर्षकमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई स्वयम् संस्था हो । नइले साहित्यकारको मात्र मन जितेको छैन, अपितु दानवीरहरूको पनि विश्वास प्राप्त गरेको छ । नइ प्रकाशन नेपाली भाषासाहित्यको पाठशाला भएको छ । नइ सञ्चालकद्वय नरेन्द्रराज र इन्दिराको जोडीलाई जति प्रशंसा गरे पनि कमै हुन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

अन्तमा एउटा कविताले नइ छाताको रूपमा स्वीकार गरिएको कुरा यसरी व्यक्त हुन्छ–

**सधैँभरि इमानको छाता ओढ्न पाऊँ**
**घामपानी ओत्ने थलो नइ भयो नाउँ ।**
(पृष्ठ ४५९)

**मन गहिरे**को 'स्तरीय, नियमित, सर्वमान्य' शीर्षकमा नइले हजारौँ सर्जक जन्माएको लेखिएको छ । नइको गतिविधि देख्दा गर्व लाग्छ । नइको अवधारणाले पुस्तक निस्क्यो भने कैयौँले साहित्यमा आफूलाई जोडे । नइले लुम्बिनी अञ्चल प्रमुखको जिम्मेवारी दिएर मलाई गुन लगाएको छ ।

नइका अनेक क्रियाकलापको चर्चा गर्दै भनिएको छ– 'कुनै पनि संस्था जन्मेपछि उसले लामो इतिहास राखेर आफ्नो साइनबोर्ड झुन्डयाएर मात्र पनि हुँदैन; स्तरीय, नियमित, सर्वमान्य भएर र हाम्रालाई होइन राम्रालाई समेटेर नेपालमा कहिले हुन नसकेको र कसैले नसोचेको साहित्यिक कामहरू नइबाट भएको सत्यतथ्य सुन्दा र हेर्दा गौरव लागेर आउँछ ।' (पृष्ठ ४६३)

**प्रा.डा.महादेव अवस्थी**को 'गौरवमय उपलब्धि' शीर्षकमा लेखिएको छ– नइ नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको हातेमालोबाट

हुर्केको संस्था हो । सृजनात्मक समुन्नति प्राप्त गरेका दुवै स्रष्टाले बिनाभेदभाव संस्थाको गरिमा बढाएका छन् । बहुआयामिक गतिविधि अगाडि बढाउने नइले अनेकौँ कृति प्रकाशनमा ल्याएको छ । स्तरीयतालाई विशेष ध्यान दिने संस्थाले साहित्य, कला, संस्कृति, कलाकर्मी, खेलाडी आदि सबैलाई जमघट गराई भव्य समारोह गर्छ, यो ठूलो उपलब्धि हो ।

यसै विषयलाई इङ्गित गर्दै अर्को परिच्छेदमा भनिएको छ– 'यस किसिमका खुला र उदार विचार तथा महान् उद्देश्य लिई समयुगीन नेपालमा वाङ्मयसेवामा स्वयम् जुट्नु र अरूलाई जुटाउन सक्नु कठिन कार्य हो; तर नइ प्रकाशनका संस्थापक अध्यक्ष इन्दिरा प्रसाई र सदस्यसचिव नरेन्द्रराज प्रसाईले आफ्ना बुद्धिबर्गत, प्रतिभा र कुशलताद्वारा यस कठिनतालाई सजिलैसँग पार लगाई नइ प्रकाशनको प्रतिष्ठालाई उचाइमा पुऱ्याएका छन् ।' (पृष्ठ ४६८)

**महेश सुवेदी**को 'उँचो र उँचो शब्दशिखर' शीर्षकमा नइले वैश्विक परिवेशमा उभ्याएको छ आफूलाई । नइसँग परिचित भएपछि इन्दिरा प्रसाईद्वारा लिखित 'भागीरथा प्रसाईको निर्वाण' कृतिमा सम्पादन गर्ने मौका र 'हिमवत्खण्ड'जस्ता कृति प्रकाशनमा काम गरेको सन्दर्भले वा अन्य कार्यहरूले धेरै उत्साह बढाएको कुरा गर्नुका साथै २०७२ सालको भूकम्पले पाएको दुःखमा प्राप्त सहयोगको कुरा गरिएको छ ।

त्यस सन्दर्भमा भनिएको छ– 'जसले राष्ट्रको गौरव बढाउने अत्यन्त गौरवशाली कृत्यका माध्यमबाट राष्ट्रको सेवामा आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेको उँचो र अनि उँचो शब्दशिखर चढ्न सफल नइदम्पतीको यस अनुकरणीय नइ प्रकाशनको पच्चिसबर्से यस ऐतिहासिक क्षणमा हामी सबै आज समाहित हुन पाएका छौँ ।' (पृष्ठ ४७५)

**डा.महेश्वर शर्मा**को 'जीवन्त उदाहरण' शीर्षकमा नइले समाजमा धेरै काम गरेको छ । साहित्यिक क्षेत्रका र अन्य क्षेत्रका मानिसहरूको विषयमा चर्चा गर्नु, देशविदेशका साहित्यकारहरूको जमघट गराउनु, विभिन्न दाताहरूको विश्वासपात्र बन्नु, भूकम्पपीडितदेखि आवश्यकता हेरी सहयोग गर्नु, कुनै पनि पक्ष विपक्ष नभनी निष्पक्ष सम्मान गर्नु आदि नइका अनेकौँ कार्य यो पच्चिस वर्षको अन्तरालमा भएका छन् भन्ने कुराको पुष्टि गरिएको छ ।

नइको प्रशंसा गर्ने क्रममा भनिएको छ– 'यथार्थमा नइ प्रकाशन आजको परिप्रेक्ष्यमा हेर्दा यस प्रकारको साहसिक काम 'न भूतो न भविष्यति' भनेजस्तो छ । तैपनि यसलाई दरिलो बनाइराख्न नेपाली साहित्यजगत्को साथ, समर्थन भइरहनुपर्दछ । यसलाई हामी सबैले सेकताप गरेर नइलाई भरोसा दिन सक्नुपर्छ । हामीले नइलाई साझा सम्झनुपरेको छ ।' (पृष्ठ ४८०)

**माधव वियोगी**को 'सफलताको शिखर' शीर्षकमा इन्दिरा प्रसाई उत्कृष्ट स्रष्टा हुन्, नरेन्द्रराज प्रसाई होनहार साधक । उनीहरूबाट संरक्षित नइ प्रकाशनले धेरै काम गरेको छ । साहित्यमा प्रतिबद्ध यो जोडी नेपाली साहित्यको अनुकरणीय जोडी हो । जे कामका लागि राखिएको रकम छ, त्यही काममा प्रयोग गर्नु र राजनीतिक साँठगाँठबाट पर रहनु यस संस्थाको विशेषता हो ।

यस संस्थाले सञ्चालन गरेका पुरस्कारको विषयमा भनिएको छ– 'प्रगतिशील काम नइले गरेको छ तर हामी प्रगतिशील भनिनेहरूले नै नइको विरोध गर्छौं । नइलाई वास्तवमा कम्युनिस्टहरूले धेरै सहयोग गरेका छन् र नइका धेरै तथा ठूला पुरस्कार कम्युनिस्टले नै पनि पाएका छन् भन्ने मलाई लाग्छ । केहीलाई टाउको दुख्नु भनेको उसैको हार हो । हामी नयाँ नेपाल खडा गर्ने भन्दै निकै कुर्लन्छौँ तर असल कर्मको विरोध गर्दै सांस्कृतिक पक्षको विपक्षमा उभिइरहेका पनि हुन्छौँ ।' (पृष्ठ ४८९)

**मायादेवी शर्मा**को 'नेपाली साहित्यका पर्याय' शीर्षकमा त्रिमूर्ति निकेतनले पनि नइ (नरेन्द्रराज र इन्दिरा प्रसाई)लाई सम्झाउँछ । २०७३ सालमा मुकुन्द शर्मालाई 'लेखनाथ पौडचाल काव्य पुरस्कार'बाट पुरस्कृत गरिएको र अन्य अनेकौँ व्यक्तिलाई यस्ता अनेक पुरस्कारले सम्मान गरिएको छ भने अनेकौँ पुस्तक प्रकाशन पनि गरिएको छ भन्ने भावना व्यक्त छ ।

यहाँ लेखकद्वारा भनिएको छ– 'माधवप्रसाद घिमिरेलाई राष्ट्रकवि उपाधि, सत्यमोहन जोशीलाई शताब्दी पुरुष उपाधि, प्रा.डा.वासुदेव त्रिपाठीलाई महासमालोचकको उपाधि र डा.वानीरा गिरीलाई नेपाली साहित्यका विश्वनारी रत्न उपाधि प्रदान गरेर हाम्रा अग्रज स्रष्टाहरूको सम्मान गर्न अग्रपङ्क्तिमा उभिएका नरेन्द्र र इन्दिराको जोडी हाम्रा प्रेरणाका प्रतीक हुनुहुन्छ ।' (पृष्ठ ४९२)

**मोहन दुवाल**को 'साहित्यको आराधना' शीर्षकमा नइका कार्यहरूको उल्लेख गर्दै आफ्नो 'जनमत' पत्रिकाका सन्दर्भहरू र २०७५ सालमा त्रिमूर्ति निकेतनको कार्यक्रममा पुगेको समयमा अनेक किताबहरूको लोकार्पण भएको देखेर एक ऐतिहासिक काम हुनुका साथै दलगत भावनाबाट माथि उठेर निष्पक्ष रूपमा नइका कार्यहरू भएको सान्दर्भिक व्याख्या गरिएको छ ।

यस लेखमा थप स्पष्ट पारिएको छ– 'नइ प्रकाशनबाट थुप्रै खालका राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका पुरस्कारहरू प्रदान हुँदै आएका छन् । नइबाट विभिन्न विषयका पुस्तक प्रकाशनका साथै साहित्यिक गतिविधिहरू निरन्तर रूपमा भइरहेका छन् । नइबाट स्रष्टा छान्दा कुनै पक्षपात भएको मैले सुनेको छैन । दलगत भावनाबाट समेत नइ माथि उठेको छ ।' (पृष्ठ ४९६)

**प्रा.डा.मोहन लोहनी**को 'वाङ्मयमा अद्वितीय योगदान' शीर्षकमा कीर्तिनिधि विष्टले आफ्ना मातापिताका नाममा राखेको 'चन्द्रधन

पुरस्कार' नइबाट सञ्चालित छ । त्यो पुरस्कार रचनात्मक धार्मिक कार्य गर्ने व्यक्तिलाई दिने गरिएको छ, जसको म साक्षी पनि छु । नइको विषयमा कीर्तिनिधि विष्टले प्रशंसा गरेको सुनेको छु र नरेन्द्रराज प्रसाई र छोरा कञ्चनजङ्घासहित आएर आफैँ लेखेको कृति 'मेरी आमा भागीरथा प्रसाई'को अङ्ग्रेजी अनुवाद पुस्तकमा भूमिका लेखाउने कुराको सान्दर्भिकताको विषयमा विस्तृत चर्चा गरिएको छ ।

यसमा नइको विषेषता र योगदानको अतुलनीयता विषयक चर्चामा भनिएको छ– 'सबै व्यक्तिलाई खुसी पार्न सकिँदैन । कतिपयका व्यक्तिगत स्वार्थ पनि हुन्छन् र यी पूरा नहुँदा ऊ असन्तुष्ट पनि हुन सक्छ । यस कारण जे कुरामा पनि वस्तुवादी भएर वस्तुगत दृष्टिले हेर्नुपर्छ, व्यक्तिगत भएर हेर्नु हुँदैन । नइदम्पती रहेसम्म नइ प्रकाशनले अरु बढी योगदान गर्दै जानेछ । दुवै जनाको लगनशीलता तथा साहित्यिक क्षेत्रमा नइ जोडीको समर्पण भाव देखेर सबै जना छक्क पर्छन् ।' (पृष्ठ ५०२)

**यमुना प्रधानाङ्ग 'मुना'**को 'अपत्यारिलो सम्मेलन' शीर्षकमा नेपाली साहित्य मन्दिर नइ प्रकाशनले विभिन्न सभासमारोह गरेर साधकलाई भेटी चढाउँदै आएको छ । अनेक सम्मेलन गरेको छ संस्थामार्फत । 'विश्वनारी नेपाली साहित्य सम्मेलन'मा भाग लिएर सम्मान र 'बुद्धको देश' गीतसङ्ग्रहको पुस्तक लोकार्पण गर्न पाउँदा खुसी भएको सन्दर्भ राम्रोसँग उजागर गरिएको छ ।

लेखक नइका बारेमा यसरी खुलेको स्पष्ट छ– 'नइ प्रकाशनजस्तो गरिमाशाली संस्थाले जुनसुकै कार्यक्रममा पनि टेको भइदिँदा यस्ता विशाल सम्मेलनले पनि सजिलै सफलता पाउन सक्ता रहेछन् । नेपाली साहित्यका क्षेत्रमा नइ धेरै राष्ट्रमा छाइसकेको छ । भोलिका दिनमा नेपाली भाषा बोलिने संसारभरि नइको सुभासले विशिष्ट आयाम थप्छ ।' (पृष्ठ ५०८)

**यादव भट्टराई**द्वारा लेखिएको ‘वाङ्मयको अर्को प्रज्ञाप्रतिष्ठान’ शीर्षकमा कामका लागि काम गर्ने नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाम नइ शब्दगत संस्थाले ग्रहण गरेको छ । यसले बालबालिकादेखि शताब्दी नाघेका सर्जक र कलाकारको सम्मान गरेको छ । संस्था सञ्चालन गर्न त्यति सहज नभए पनि सक्षम जनशक्तिलाई सञ्चालन गरेर साहित्य, संस्कृति, कलाको माध्यमबाट राष्ट्रसेवा गरेको छ । संस्थाका विविध कार्यको प्रत्यक्षदर्शी भएकाले यसका कार्यहरू अविस्मरणीय रहेका छन् । देवकोटा शतवार्षिकी, अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन, विश्वनारी साहित्य सम्मेलन, भानुभक्तको द्विशतवार्षिकी समारोह समितिमार्फत विभिन्न स्रष्टा व्यक्तित्वको सम्मान पुरस्कार र कृतिप्रकाशनले सबैको मन जितेको छ । बिनाराजनीति, बिनाभेदभाव साहित्य उन्नयनमा लागेका सक्षम नेतृत्व नइद्वयले नेपाली वाङ्मय क्षेत्रमा प्रशंसायुक्त कार्य सम्पन्न गरेका छन् भन्ने सन्दर्भमा अनेकौँ सन्दर्भहरूलाई उठाएर विस्तृत रूपमा संस्थाको उच्च भावनाका साथ वर्णन गरिएको छ ।

यसै सन्दर्भमा भनिएको लेखकीय धारणा यस्तो रहेको छ– ‘वाङ्मयसेवाका क्षेत्रमा नइ एउटा आशा हो, एउटा विश्वास हो र हो एउटा चुनौती पनि । नइको कामप्रतिको विश्वासले नै नइ प्रकाशनमा रामबाबु प्रसाई र कीर्तिनिधि विष्टद्वारा लाखौँको अक्षयकोष स्थापना गरिएको छ । यसै गरी अन्य धेरैको विश्वास आर्जन गरेको छ नइले । यो सामान्य कुरा होइन भन्ने लाग्छ । जनस्तरबाट सञ्चालित नइले धेरैको यो विश्वासलाई कायम राख्न सकिरहेको छ ।’ (पृष्ठ ५१५)

**युवराज नयाँघरे**को ‘इतिहासले सदर गर्ला’ शीर्षकमा तीन दशकअघि भेटेका नरेन्द्रराज प्रसाई र आजका नरेन्द्रराज प्रसाईमा कुनै फरक नभएको र इन्दिराको लगावले नइ प्रकाशनले अग्रस्थान हासिल गरेको छ । नइको निष्ठाले अनेक कीर्तिगाथा स्थापित गर्न

सफल भएको छ । यसरी नइको विविध सन्दर्भको उठान गरिएको छ भनेर लेखिएको छ ।

नइ प्रकाशनको बारेमा लेखकको धारणा सरल छ– 'नइ प्रकाशन राज्यसँग तर्कवितर्क गर्ने स्थितिमा उभिएको संस्था हो । कर्म गर्नेसँगै तथ्य र तर्क हुन्छ । जोसँग आधार हुन्छ त्यसले अरूलाई औँलो ठडयाएर कुरा गर्न सक्छ । नेपाली वाङ्मयका निम्ति नइ प्रकाशनले त्यो हैसियत राखेको प्रमाण मैले मनग्गे भेटेको छु ।' (पृष्ठ ५२०)

**रम्भा पौडेल**को 'पौरखले चुलियो' शीर्षकमा नइसँग भएको आत्मीय सम्बन्धले नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईप्रति आस्था छ । नइले गरेका पुनीत कार्यले संस्थाको उचाइ बढेको छ । नइले नेपाली साहित्यमा चुलिएर कार्य सम्पन्न गरेको छ । नइका गौरव लाग्दा कामले नेपालमा एउटा इज्जतदार संस्था परिचालित भएको छ, आफ्नो उद्देश्यप्राप्तिमा सफल भएको छ ।

यसै सन्दर्भमा भनिएको छ– 'दिलोज्यान दिएर नेपाली भाषासाहित्यको सेवा गर्ने मान्छे मैले अरू देखेको छैन र नइ प्रकाशनजस्तो क्रियाशील अरू साहित्यिक संस्था पनि मेरा आँखामा परेको मलाई थाहा छैन ।' (पृष्ठ ५२३)

**डा.राजकिशोर सिंह**को 'समाजको ज्वलन्त उदाहरण' शीर्षकमा समयलाई चिनेको म र मेरो टोलको नइ प्रकाशनले गरेको कामको प्रभावले उदारमना नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईप्रति कृतज्ञता ज्ञापन गर्नुपर्छ । नइ प्रकाशन टोलका हरेक बैठक नइको कार्यालयमा बस्छन्, बहस हुन्छन् अनेक किसिमका । नइको व्यवहारले सबै प्रभावित हुन्छौँ । नइ प्रकाशनका पुस्तकहरू प्रभावशाली हुन्छन् भनेर टोलवासीको हिसाबबाट अनेक सन्दर्भलाई उठाइएको छ ।

त्यस सन्दर्भमा भनिएको छ– 'म र प्राध्यापक डा.डिल्लीराज शर्मा यो समाजमा बसाइ सरेर आउँदा यहाँ बाटो, बत्ती आदि त्यति

व्यवस्थित थिएन । हाल रहेको चोकमा माटोको ढिस्को थियो । ढिस्कोसँगै जोडिएको छिमेकीसँग सोधपुछ गर्दा आफ्नो निजी जग्गा भएको दाबी गरे । खोजतलास गर्दै जाँदा जानकारी भयो– उनको बानी नै रहेछ खाली जग्गा देख्नै नहुने आफ्नो भनिहाल्ने । ...छिमेकीलाई समेत तह लगाउँदै बाटोघाटो बनायौँ । व्यवस्थित ढल निर्माण गर्‍यौँ । बिजुलीबत्तीले टोलछिमेकलाई उज्यालो पार्‍यौँ । यी सबै कार्यमा नइ जोडी र नइ प्रकाशनले धेरै गुण लगाएका छन् ।' (पृष्ठ ५२८–५२९)

**राधिका दाहाल**को 'नेपाली स्वर्णमन्दिर' शीर्षकमा साहित्यमा पात्र केन्द्रित नभई हरेक क्षेत्रमा संलग्नता रहेको नइ प्रकाशनको यात्राले सबैलाई छहारी दिएको छ । नइ आफ्नो मावली भएकाले हाङपाङ मामाको घरमा पुस्तकालयको ऐतिहासिक पृष्ठभूमिलाई सम्झँदै साहित्यको मन्दिर नइगृह स्वर्णमन्दिर हो भनिएको छ । नइका कार्यले सबै खुसी हुन्छन् र यसप्रति सबैको हार्दिकता छ भनिएको छ ।

विविध सन्दर्भ केलाउने क्रममा लेखकको भावना यस्तो रहेको छ– 'नइदम्पतीलगायत सम्पूर्ण सदस्य र स्वयम्‌सेवकहरूको अथाह शक्ति र सामर्थ्यका कारण नइ प्रकाशन उच्चकोटिको संस्थाको रूपमा उभिएको छ । त्यसरी नै त्रिमूर्ति निकेतन, वानीरा फाउन्डेसनको पनि संस्थापक रहेर नइले नेपाली भाषा र साहित्यमा स्तुत्य काम गरेको छ ।' (पृष्ठ ५३४)

**प्रा.रामकुमार पाँडे**को 'विविधता र गहनताले उच्च' शीर्षकमा नइ प्रकाशन स्थापनाकालदेखि परिचित संस्था हो र नरेन्द्रराज प्रसाई पारिवारिक रूपमा धनाढ्य भए पनि सङ्घर्षशील व्यक्तित्व भएको कारण नइप्रति श्रद्धा छ । लाग्छ– तलबभत्ता खुवाएर राखिएका, प्राज्ञ बनाइएकालाई धिक्कार्न मन लागेको सन्दर्भ पनि आएको छ, किनकि नइको कार्यसम्पादनले मन खुसी हुन्छ भन्ने कुराहरू आएका छन् ।

यहाँ यसरी वर्णन गरिएको छ– 'यो परिस्थितिमा नइ प्रकाशनले जुन नि:स्वार्थ कर्म गरेको छ त्यो समयले मूल्याङ्कन गर्नेछ । काम गर्नेले अवसर पाए कति काम हुँदो हो । यस्ता सत्कर्मीलाई म मनैदेखि नमन गर्दछु । साहित्यजस्तो पवित्र विषयमा दुर्गन्ध आउनु हुन्न भन्ने मान्यता राख्तै नइको कार्य म अनुकरणीय देख्दछु ।' (पृष्ठ ५३८)

**रामनारायण देव**को 'राष्ट्रका लागि उदाहरण' शीर्षकमा गैरसरकारी संस्था नइ प्रकाशनले अग्रस्थान हासिल गरेको छ । राजनीतिले अनुत्पादक ठाने पनि यस्ता संस्थाले गर्दा नै देशको साहित्य, संस्कृति सफल र सबल भएको छ । नइले लब्ध प्रतिष्ठितदेखि नव साहित्यकर्मीसम्मलाई सम्मान गरेको छ । यो संस्था उदाहरणीय बनेको छ भन्दै मैथिली भाषासाहित्यको कुरा पनि उठाइएको छ ।

यहाँ लेखकद्वारा भनिएको छ– 'नेपालको दोस्रो साहित्यिक भाषालाई नइ प्रकाशनले समेटेमा यसले लाखौँ साहित्यप्रेमीहरूको भावनालाई प्रतिनिधित्व गर्नेछ । हुन त भोजपुरी र अवधि भाषाका साहित्य पनि सम्पन्न छन् । यसलाई पनि समावेश गरिएमा अझ नइ प्रकाशनले महत्त्व पाउने थियो ।' (पृष्ठ ५४२)

**प्रा.डा.रामप्रसाद उप्रेती**को 'अद्‌भुत संस्थासँगको नाता' शीर्षकमा आफ्नी फुपूका छोरा नरेन्द्रराजको प्रेरणा सहयोग सधैँ पाएको पारिवारिक सम्बन्धको सन्दर्भहरू समेट्दै प्रारम्भ भएको लेखनकार्यमा नइ प्रकाशनको स्थापनाकालमा केही नभए पनि अहिले आएर उत्कृष्ट साहित्यिक संस्थाको रूपमा स्थापित छ र यसलाई उठाउन अद्वितीय नइ जोडीको सङ्घर्ष, संस्था माथि उठाउने प्रयास स्तुत्य रहेको छ भनिएको छ । लेखनलाई अगाडि बढाउने क्रममा भनिएको छ– 'विश्वस्तरसम्म आफूलाई उभ्याउन सफल नइको ठूलो योगदान छ । मेरो 'थोत्रा कलमहरू' (२०५५) निबन्ध प्रकाशनमा आयो । आफू विदेशका धेरै ठाउँमा भ्रमण गर्दाको विषयलाई लिएर लेखेको 'अन्तिम

आकाश' (२०७०) प्रकाशनमा आयो र 'कावेली किनार' कवितासङ्ग्रह पनि प्रकाशनमा आयो । यसले नइ प्रकाशनसँग निकट रहेँ, अर्थात् मलाई नइले जोडचो भन्दै नइका सम्पूर्ण क्रियाकलापलाई समेट्ने प्रयास भएको छ ।

आफ्नो सन्दर्भलाई जोडेर यहाँ भनिएको कुरा लेखकको शब्दमा यस्तो रहेको छ– 'अद्भुत लाग्ने नइ प्रकाशनले अद्भुत नै काम गरेको छ । यो अद्भुत प्राज्ञिक संस्थासँग नाता जोड्न चाहने धेरै छन् तर सौभाग्यले पाएको संलग्नता म जीवनपर्यन्त छोड्ने छैन । मेरो सास छउन्जेल यस संस्थाबाट अलग नगराई यस्तै पुण्यका काम गर्ने अवसर बारम्बार प्रदान गर्नका लागि म भगवान्सँग निरन्तर प्रार्थना गरिरहेको छु ।' (पृष्ठ ५५०)

**डा.रामप्रसाद दाहाल**को 'भाषासाहित्यको चौकीदार' शीर्षकमा नइको पच्चिस वर्षको भाषासाहित्यको इतिहासले दृढता र निरन्तरतालाई देखाउँछ । नइको कामले यो जोडी अनासक्त योगीझैँ अनुभूत हुने गर्दछ । नइले भित्र लुकेको गुप्त ज्ञानलाई उजागर गरेको छ । यसको मानसम्मानको पाटो पनि त्यस्तै छ । अनेकौँ पुस्तक प्रकाशन उच्चस्तरको रहेको छ ।

लेखकीय धारणा यस किसिमको रहेको छ– 'नइको लेखनीमा राष्ट्रप्रेम छ । देशप्रेम, भाषाप्रेम, प्रकृतिप्रेम, साहित्यिक रन्को र साहित्यको गहनतम श्रीवृद्धिमा यो जोडीको कलम दौडिरहेको छ । अनि आफ्नै परिपाटी छ, साधारण विषयलाई पनि घतलाग्दो पार्न सक्ने आलङ्कारिकता भर्न सक्ने, जीवन र जगत्का सत्यतथ्यलाई उद्घाटन गर्न सक्ने नेपालीलाई नेपालकै माटोमा उभिएर बाँच्न सक्ने सोच र खोजमा लागिरहेको अनुभूति हुन्छ ।' (पृष्ठ ५५७)

**रूपा न्यौपाने**को 'एउटा ठूलो सुकर्म' शीर्षकमा नइसँगको संलग्नता यो जीवनमा छोरी रुमुमार्फत नइको चिनारी भएको हो ।

यस्ता अभूतपूर्व काम गर्ने व्यक्ति जीवनमा नदेखेको भने पनि हुन्छ । नइले छोरी रुमुलाई अस्ट्रेलियाको 'नइ प्रकाशन साहित्यिक दूत' बनाएको प्रसङ्ग आएको छ । छोरीसँग नरेन्द्रराज प्रसाईको फोन नम्बर मागेर भेटेको सन्दर्भ साथै दृष्टिविहीन सरोदवादक गुरुको चिनारी गराएको र गुरुले पुरस्कार पाउँदाको आनन्द पनि व्यक्त गरिएको छ । विविध सन्दर्भको विस्तृत व्याख्या गर्दै २०७४ सालमा 'नइ देरुनीख गौरव पुरस्कार' पाएको र माधव घिमिरेले 'ऋतंभरा' महाकाव्य नइको प्रेरणा र आग्रहमा लेखिएको तथ्य पनि उल्लेख रहेको छ । राष्ट्रकविको सय वर्षको समयमा गरिएको कृतिप्रकाशन सम्मान आदिको वर्णन पनि विस्तृत रूपमा गरिएको छ ।

एउटा प्रसङ्ग माधव घिमिरेको विषयको यस्तो रहेको छ– 'हामी त्यस दिन नइगृह पुग्नासाथ नरेन्द्रराज प्रसाईले सोध्नै भन्नुभयो– 'गुरुको के छ खबर ? उहाँ कस्तो हुनुहुन्छ ?' त्यति बेला शान्ति दिदी र नरेन्द्रराज प्रसाईका आँखाबाट खुसीको आँसु निस्किएका थिए । उहाँहरूका लागि त्यो खुसीको क्षण थियो । सम्बन्ध चिसिए पनि एउटा प्रेमभाव भनेको मनको अन्तस्करणमा रहिरहन्छ । भोलिपल्टै एभिन्युज टेलिभिजनमा राष्ट्रकविको एउटा अन्तर्वार्ता आयो र त्यस अन्तर्वार्तामा नइको प्रसङ्ग पनि राम्ररी उठेको थियो ।' (पृष्ठ ५६७)

**प्रा.डा.लक्ष्मणप्रसाद गौतम**को 'अविराम र गतिशील यात्रा' शीर्षकमा विषयारम्भ; मेरो परिचय : मेरो अनुभूति; नइ प्रकाशन : प्रकाशन र अन्य सन्दर्भ; बृहत् राष्ट्रिय, अन्तर्राष्ट्रिय सम्मेलनहरूको परिकल्पनामा नइ; उपाधि, सम्मान र पुरस्कारमा नइ; अरूका दृष्टिमा नइ प्रकाशन; अभियान, अभियन्ता र परिपूरकता; विचार, आलोचना र हल्ला विषयान्त गरी नौवटा उपशीर्षकमा नइको सन्दर्भमा बृहद् दृष्टिकोणका साथ समालोचनात्मक प्रस्तुति दिइएको छ ।

अन्तमा भनिएको छ– 'नइ प्रकाशनले साहित्यिक कृति मात्र छाप्दैन; नेपाली मौलिकता, आफ्नोपन, धर्म र संस्कृतिजस्ता

विषयका 'राजधर्म', 'श्रीस्वस्थानी', 'हिमवत्खण्ड', 'कवचमन्त्र'जस्ता कृतिहरूसमेत प्रकाशित गरेको छ । नइ प्रकाशनका पुस्तकको साजसज्जा र कागज एवं छपाइ पनि निकै स्तरीय हुन्छन् भने यस प्रकाशनका प्राय: कतिपय पुस्तकमा मूल्य उल्लेख हुँदैन, मूल्य हुँदैन भनेको अर्थ ती बिक्रीका लागि हुँदैनन्; आफ्ना प्रकाशनका प्राय: सम्पूर्ण पुस्तक नि:शुल्क प्रदान गर्नु या उपहार गर्नु नइ प्रकाशनको विशेषता हो, जुन विशेषता अरू कुनै संस्थामा पाइँदैन ।' (पृष्ठ ५७८)

**ललिता 'दोषी'**को 'सिङ्गै चौतारो' शीर्षकमा नइ रजत महोत्सव मनाइरहँदाको अवसरमा–

**नइ हुन् फूलका माली**
**फुलाउँछन् अनेकौँ फूल**
**आफ्नै सिर्जनाले पनि**
**जितेका छन् सबैको दिल**
(पृष्ठ ५८०)

भन्दै कविताबाट लेखन प्रारम्भ भएको छ । नइलाई आधुनिक युगको मोतीराम पनि भनिएको छ र नइका महनीय कार्यहरू, त्यहाँबाट भएका प्रकाशनहरू, पुरस्कार सम्मानको चर्चा गरिएको छ । साथै सासूआमा र आमाप्रतिको इन्दिरा प्रसाईको व्यवहार कुशलता अनि आफूलाई घरव्यवहारको सम्बन्धमा सम्झाएर प्रेरणा प्रदान गरेको कुरा यहाँ मार्मिक ढङ्गमा व्यक्त भएका छन् ।

आफ्नो गीतसङ्गीतको सन्दर्भमा सबैलाई सहयोग गर्ने नरेन्द्रराज प्रसाईको सन्दर्भमा भनिएको छ– 'साहित्यकारलगायत अरू थुप्रैले दु:खमा सहयोग गरेको पैसा फिर्ता दिएका छैनन् । अरू थुप्रैले पनि मसँग लगेका पैसा फिर्ता दिएका छैनन् । उनीहरूलाई पनि नरेन्द्रराज प्रसाईको जस्तै पाप र धर्मको ख्याल भएको भए अहो ! यो राष्ट्र कति सुन्दर हुन्थ्यो होला । आफू घामपानी, असिना, वर्षा सहेर सबैलाई

छहारी दिने नइलाई हिलो छ्याप्नेहरूले एकपल्ट आफ्नो अनुहार ऐनामा हेरे हुन्थ्यो ।' (पृष्ठ ५९०–५९१)

**लवप्रसाद भण्डारी**को 'अक्षरहरूसँग खेल्दा' शीर्षकमा अक्षरसँग खेल्ने गरेको हुँदा अर्थात् सम्पादनको सिलसिलामा चिरपरिचित नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईसँग सन्निकट भएपछि नरेन्द्रकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) को सम्पादन गर्ने मौका मिल्यो । नइ प्रकाशनमा सम्पादन तथा भाषाशुद्धिको काममा संलग्न भएपछि धेरै काम भएका छन् । नइ प्रकाशनमा पारिश्रमिकको चिन्ता कहिल्यै भएन । आफूले पनि संस्थालाई केही योगदान गरेको महसुस हुन्छ भनिएको छ ।

यस विषयमा लेखककै शब्दलाई हेरौँ– 'यस्तो वाङ्मयिक संस्था नइ प्रकाशनसँग सम्बद्ध हुन पाउँदा मलाई गौरव लागेको छ । नइको कुनै पनि कार्यक्रममा एकै पटकमा दर्जनौँ कृतिहरू पनि निःशुल्क वितरण गरेको देखेपछि यो भन्न रहरै लागेको छ । नइदम्पती साहित्यका पुजारी हुन्, यी दम्पतीको नेपाली भाषासाहित्यप्रतिको अर्चना अनवरत रहिरहोस्, यही कामना गर्दछु ।' (पृष्ठ ५९६)

**वासुदेव अधिकारी**को 'प्रशंसायोग्य तत्परता' शीर्षकमा आफू विभिन्न साहित्यिक संस्थासँग सम्बद्ध भएको र साहित्यप्रति रुचि भएका कारण पनि नइमार्फत मोदनाथ प्रश्रितलाई विशेष अध्ययन गरेको मात्र नभई नइको व्यवस्थापनबाट प्रभावित सन्दर्भको व्याख्या विश्लेषण गर्नुका साथै महाकवि देवकोटाको शतवार्षिकी कार्यक्रममा 'नेपाली भाषासाहित्य : हिजो आज'मा कार्यपत्रको प्रस्तुति, देश विदेशका अनेक स्रष्टाहरूको उपस्थिति र काव्यगोष्ठी आदिले धेरै प्रभावित भएको सन्दर्भलाई व्यक्त गरिएको छ र नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको प्रशंसा जति गरे पनि पुग्दैन भनिएको छ । नइ संलग्न संस्थामा भएका हरेक कार्यक्रम स्तरीय हुने गरेको विषयमा पनि विस्तृत व्याख्या गरिएको छ ।

पुछारमा भनिएको छ– 'अन्त्यमा मलाई फेरि यति भन्न मन लागेको छ– कुरा के हो भने नइ प्रकाशनभित्र राजनीतिको खासै गन्ध भेटिँदैन र यसलाई सहज प्राज्ञिक थलो बनाइएको छ । यस संस्थामा जुनसुकै विचारधाराका व्यक्तिहरू पनि अटाउन सकेका छन् ।' (पृष्ठ ६०७)

**प्रा.डा.वासुदेव त्रिपाठी**को 'उत्कृष्ट प्राज्ञिक प्रवर्द्धक संस्था' शीर्षकमा महासमालोचक एवं नइ रजत महोत्सव पुरस्कारबाट सम्मान गरिएको सन्दर्भबाट उठान गरेर नइले यो पच्चिस वर्षमा क्रियाशील रही धेरै काम गरेको उल्लेख गर्दै सीताराम प्रज्ञाप्रतिष्ठान, (२०४९), भूपालमानसिंह कार्की प्रज्ञापरिषद् (२०५२) का विविध कार्यहरू, नइ प्रकाशन (२०५२) र त्रिमूर्ति निकेतन (२०५९) जस्ता संस्थाको स्थापनाको माध्यमबाट नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईद्वारा धेरै ठूलाठूला काम भएका छन् भनिएको छ । साथै राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा नइ प्रकाशनले गरेको कामले नेपाली भाषासाहित्यको प्रवर्द्धनमा धेरै सहयोग भएको सन्दर्भ यस लेखमा आएको छ ।

यसरी नइको प्रशंसा र आफ्नो नइप्रतिको यथार्थ दृष्टिकोणलाई बडो आत्मीयताका साथ महासमालोचकद्वारा प्रस्तुत गरिएको छ– 'नइ प्रकाशनलाई नेपाली जीवन र जगत्को आँखाको नानीजस्तो प्रिय तुल्याई ठेट नेपाली ढङ्गले नेपालको गौरववृद्धिका अनुष्ठानको अभिन्न अङ्गका स्वरूपमा हुर्काउन आफ्ना गाँससमेत काटी दृढ रूपमा साधनारत 'नइ'द्वयको र उनका उदार हृदयी संरक्षकहरूको म दिल खोलेर मुक्तकण्ठ रूपमा विशेष सराहनी गर्दछु ।' (पृष्ठ ६१३)

**विजयरत्न तुलाधर**को 'अमृतवृक्ष' शीर्षकमा नइ प्रकाशन– अमृतवृक्ष हो र यसमा अद्वितीय जोडी नरेन्द्रराज र इन्दिरा प्रसाईको संरक्षण छ । नइले वाङ्मयका उत्कृष्ट कृति प्रकाशन गरेको छ । यो 'नइ अभिलेख'बाट जानकारी हुन्छ । नइ प्रकाशन नेपालको गौरवशाली प्रज्ञाप्रतिष्ठान हो भनेर प्रशंसा गरिएको छ ।

शताब्दी पुरुष सत्यमोहन जोशीको शताब्दी वर्ष नइद्वारा मनाइएको व्यहोरा यसरी वर्णन गरिएको छ– 'शताब्दी पुरुष सत्यमोहन जोशीको शताब्दी वर्षलाई भव्य बनाउन नइ प्रकाशनले विभिन्न सभा र समारोहको पनि आयोजना गरे । तर दुर्भाग्यवश त्यसैताका विश्वलाई कोरोनारूपी महामारीले छोपिदिँदा कतिपय घोषित र निर्धारित कार्यक्रमहरू हुन पाएनन् । भएका कार्यक्रमहरूमा पनि शताब्दी पुरुष जोशी सशरीर उपस्थित हुन पाउनु भएन ।' (पृष्ठ ६१६–६१७)

**विजय हितान**को 'मन्दिरजस्तो संस्था' शीर्षकमा नइसँग लामो चिनजानी नभए पनि नइ साहित्यको पुजारी हो । नइ (नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई) घरमा आउँदा घर नै धपक्क बलेको अनुभव गर्दै आत्मीयपनको भावनासाथ नइगृह मन्दिरजस्तो लाग्ने भावनाभिव्यक्ति दिइएको छ । नइमा काम गर्ने जाँगर भएर नै नइ प्रकाशनले शिखर चुमेको छ भन्ने कुराबाट लेखकको नइसँग कति आत्मीयता थियो भन्ने कुराको राम्रोसँग व्याख्या गरिएको छ ।

लेखकद्वारा अन्त्यमा भनिएको छ– 'संस्थाको उद्देश्यमुताबिक खुरुखुरु काम गरेर यो संस्थाले नाम कमायो र यसले अहिले विश्वभरि पखेटा नै फिजाइसकेको छ । स्रष्टाका नामबाट स्रष्टाकै हितका लागि र स्रष्टाबाट नै स्थापित नइ प्रकाशन गौरवशाली र सम्मानित संस्थाका रूपमा अग्र स्थानमा रहिसकेको छ ।' (पृष्ठ ६२१)

**प्रा.डा.विजया पन्त**को 'स्वच्छ र निष्पक्ष' शीर्षकमा लेखिएको छ– साहित्यसाधनामा समर्पित नइ जोडी सबैका प्रेरणास्रोत हुन् । नइमा ऊर्जा छ, सबैलाई ऊर्जावान् बनाउने क्षमता छ । आफ्नो 'वरदानको अनुभूति' कवितासङ्ग्रहमार्फत गाँसिन पुगेको सन्दर्भ उठाउँदै नइले गरेको कामको मुक्तकण्ठले प्रशंसा गरिएको छ ।

यस सन्दर्भमा लेखकीय धारणा यस्तो रहेको छ– ‘नइको ठूलो शक्ति भनेको नै नैतिक शक्ति हो । नइको यही शक्तिको कारणले नै नइमाथि धेरै दानवीरहरूले आफ्नो विश्वास खन्याउन सकेका छन् । नइले आफ्नो दानको पूर्ण रूपमा सदुपयोग गर्छ भन्ने विश्वासमा दाताहरू नइलाई नै खोज्दै आफ्नो या आफन्तको नाममा पुरस्कार राख्न आउँछन् । नइले आर्जन गरेको यो आफैँमा विश्वासको सम्पत्ति र शक्ति हो ।’ (पृष्ठ ६२४)

**विमल गिरी**को ‘नेपाली साहित्यको संसार’ शीर्षकमा भाषासाहित्यलाई माया गर्ने नइ प्रकाशन साझा मन्दिर हो । आज नइ विश्वव्यापी भएको छ । नइको कार्यले सबै नतमस्तक भएका छन् भने इतिहास, परम्परा, मौलिकता नइमा रहेको छ । कैयौँ जीवनी र शक्तिशाली कृति प्रकाशन गर्न सफल नइ प्रकाशन विश्वव्यापी हुनुको कारण निष्पक्ष धारणा हो भनिएको छ ।

नइ प्रकाशनको विषयगत सन्दर्भमा भनिएको छ– ‘नइ प्रकाशन नेपाली भाषासाहित्यलाई उमार्ने, फलाउने, फुलाउने बिहानी हो । मगमगाउँदो, जगमगाउँदो हराभरा उर्वर बाग हो । अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पहुँच पुऱ्याएर नइ प्रकाशनले नेपाल राष्ट्रकै प्रतिष्ठा बढाउनसमेत महत्त्वपूर्ण भूमिका खेलेको कुरा जगजाहेर छ ।’ (पृष्ठ ६३०)

**विश्वासदीप तिगेला**को ‘उच्च र सम्मानित संस्था’ शीर्षकमा भनिएको छ– ‘नइले नेपाली भाषासाहित्यको क्षेत्रमा गरेको कार्य कतै लुकेको छैन । सङ्कीर्णताबाट पर रहेर जीवनजगत्लाई बुझेर नेपाली भाषासाहित्यको सेवा गरेको छ र कला, संस्कृति वा अन्य क्षेत्रमा नइले राम्रो काम गरेको हुनाले सबैको आस्थाकेन्द्र बनेको छ । नइका कार्यको मूल्याङ्कन गर्दै नइ (नरेन्द्रराज र इन्दिरा) संस्थारूपी रथमा दुई पाङ्ग्रा हुन् र यो भरोसा लाग्दो संस्था बनेको छ भन्ने धारणा व्यक्त भएको छ ।

लेखकद्वारा बिसाउनीमा भनिएको छ– 'नइको योगदान अरू कुनै संस्थासँग तुलना हुन सक्दै सक्दैन । नेपाली साहित्यको उनन्यनका लागि जन्मेको नइलाई भगवान्ले सधैँ रक्षा गरून् । साथै नइ जोडी पनि नेपाली साहित्यको कर्ममा कहिल्यै नथाकून्' (पृष्ठ ६३४)

**प्रा.डा.वीणा पौड्याल**को 'संस्कृति बचाउने स्थान' शीर्षकमा भाषासाहित्यको श्रीवृद्धिमा समर्पित भएको नइ प्रकाशनले नेपाली भाषा, संस्कृतिसम्बन्धी अनेक कृति प्रकाशन गरेको छ । 'श्रीस्वस्थानी व्रतकथा' होस् वा 'राजधर्म' महत्त्वपूर्ण कृति आएका छन् । नइको कार्य सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिबाट अब्बल रहेको छ भन्ने विविधतालाई दृष्टि पुऱ्याइएको छ ।

यस सन्दर्भमा उदाहरणस्वरूप केही अंशलाई अवलोकन गरौँ– 'नइ आज धेरैको नजिक र धेरैको उद्धारक बनेको छ । नेपालका कुनै पनि संस्थाको टक्करमा नइ छैन तर नइ जसरी काम गरेर कुनै वाङ्मयका संस्था त्यस उचाइमा पुगेको पनि देखिएन । नइको सङ्क्षिप्त परिचय भनेकै काम, काम र काम हो ।' (पृष्ठ ६३८)

**डा.वीणा हाङ्गखिम**को 'अक्षुण्ण इतिहास' शीर्षकमा नइले वाङ्मय श्रीवृद्धिमा देशदेशान्तर (नेपालबाहिर) सम्मान प्रदान गरेको छ, नइले जीवित र दिवङ्गत स्रष्टाहरूको सम्मान गरेको छ, अनेक महत्त्वपूर्ण कृतिहरूको प्रकाशन गरेको छ, नइले अत्यन्त अनुकरणीय काम गरेको छ । संस्थासञ्चालनमा कस्तो व्यक्ति छ भन्नेमा भर पर्छ, यहाँ नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको दृढताले काम गरेको छ । आफ्नो गरिमालाई अक्षुण्ण राख्न सफल छ । कुनै पनि स्वार्थ र खोटविहीन भएर गरेको कार्यलाई मुक्तकण्ठले प्रशंसा गनुपर्छ भनिएको छ ।

यस विषयमा लेखकद्वारा आफ्नो धारणा यसरी व्यक्त गरिएको छ– 'राजनीतिदेखि फुक्का रहेर नइ प्रकाशनले विभिन्न प्रतिभा र

अनुकरणीय व्यक्तित्वहरूको सम्मान गर्नु वास्तवमा वाङ्मय, व्यक्तित्व, सभ्यता र संस्कृतिको समेत कदर गरेको भनेर बुझ्नुपर्ने ठहरिन आउँछ ।' (पृष्ठ ६४३)

**वैरागी काइँला**को 'बलियो र भरपर्दो प्राज्ञिक संस्था' शीर्षकमा नइ प्रकाशनले गौरवशाली महिमा र इतिहास बोकेको छ भन्दै नरेन्द्र भाइ झापा जनविद्रोहका योद्धा हुन्, काममा सधैँ सपर्पित रहने व्यक्तित्व हुन्, घामपानी नभनी कार्यसम्पादनमा लाग्ने व्यक्ति हुन्, त्यसैले नेपाली वाङ्मयमा समर्पित छन् । नइ र त्रिमूर्तिले ठूलाठूला सम्मेलनहरूको आयोजना गरेर सबैलाई सम्मान गरेको छ, स्रष्टासाधकलाई अमर बनाएको छ । स्वयम् स्रष्टाद्रष्टा नइ (नरेन्द्र र इन्दिरा)ले अनुकरणीय काम गरेका छन् भनिएको छ ।

यसै सन्दर्भलाई काइँलाबाट यसरी व्यक्त गरिएको छ– 'नइ जोडी जुन सिद्धान्तका भए तापनि नइ प्रकाशनभित्र उनीहरूले राजनीतिको राप त के छाया पनि छिर्न दिएका छैनन् र नै यो विशुद्ध प्राज्ञिक संस्था भएको हो । त्यसैले अरूहरूले भनेकैमा सार मिलाउँदै म पनि भन्छु– 'नइको कुशल नेतृत्वमा सञ्चालित नइ प्रकाशन र यसका क्रियाकलाप नेपाली वाङ्मयको इतिहासमा कोसे ढुङ्गा मानिन्छन्' ।' (पृष्ठ ६४८)

**शर्मिला खड्का दाहाल**को 'अपूर्व र अद्‌भुत' शीर्षकमा हिमाल, नदी र फूलको धर्मलाई इङ्गित गर्दै तनमन लगाएर साहित्यमा समर्पित रहने जीवनसम्बन्धी कुरालाई सम्बोधन गरी नइको उठान गरिएको लेखमा नइ विचार, भावना, उद्देश्य र साधनाको पर्याय बनेको कुरा गरिएको छ । नइ प्रकाशनले अविराम सेवा गरेको छ, राम्रो कामको प्रशंसा गर्न भुल्नुहुन्न भन्ने कुरालाई भावनात्मक रूपमा प्रस्तुत गरिएको छ ।

कविताबाट आफ्नो लेखनलाई टुङ्ग्याइएको छ । उदाहरणस्वरूप जस्तै–

**'नइ नै हो भाषासाहित्यमा सुनाम कीर्ति राख्ने**
**नइ नै हो ज्ञान र विवेकको उज्यालो बिम्ब छर्ने**
**नइ नै हो सहृदयको भावमा अलङ्कार र प्रतीक भर्ने**
**नइ नै हो सबै स्रष्टालाई एउटै मालामा उन्ने ।'**

(पृष्ठ ६५५)

**शशिकला मानन्धर**को 'त्यो धर्के बुट्टे झोला' शीर्षकमा नइ प्रकाशन र त्रिमूर्ति निकेतन एउटै संस्थाको रूपमा लिँदै नइसँग सामीप्य भएको विषय छ । नियममा कडा भएका नइको कार्यक्रम अत्यन्त प्रभावकारी हुन्छन् । यहाँ तेस्रो लिङ्गी भूमिका श्रेष्ठलाई सम्मान गर्दाको प्रसङ्गका साथै पुस्तक उपहारका कुराहरू र सम्मानका कुराहरू पनि व्यक्त भएका छन् ।

नइद्वारा पुस्तक उपहार पाएको सन्दर्भलाई यसरी व्यक्त गरिएको छ– 'पुस्तकले भरिएको त्यो झोला हातले बोक्न नसकेर पँधेरोमा पानी भरेपछि गाग्रो बोकेजस्तै कम्मरमा बोकेर घर फर्कें । नइबाट पछि फेरि जीवनीसम्बन्धी पुस्तक पनि उपहारमा पाएकी छु । सबै पुस्तकलाई र्‍याकमा लहरै मिलाएर राखेकी छु । समय मिलाएर पालैपालो एकएकवटा गरी पुस्तक पढ्छु, पढेर आनन्द लिन्छु ।' (पृष्ठ ६६०)

**शान्ति अधिकारी**को 'चमत्कारी कार्य' शीर्षकमा नइ प्रकाशनको उद्घाटन आफ्ना बुबा माधव घिमिरेबाट भएको र आजसम्म हेर्दा यसले गरेका क्रियाकलाप महत्त्वपूर्ण रहेका छन् । रूपा न्यौपानेले परिचय गराएको नइसँगको सम्बन्ध बुबाको पालादेखि भएको र तत्कालीन राजा ज्ञानेन्द्रले राष्ट्रकविको उपाधि दिनुअघि नै नइबाट राष्ट्रकवि उल्लेख भएको कुरा यसमा चर्चा छ ।

यस सन्दर्भमा भनिएको छ– 'बुबालाई अत्यन्त सम्मान र श्रद्धा गर्ने नइदम्पतीलाई भेट्ने हाम्रो इच्छा छँदै थियो । 'राष्ट्रकवि'को सम्मानका साथै बुबाको ख्याति फैलाउन योगदान गर्ने बुबाप्रति समर्पित नरेन्द्र र इन्दिराप्रति आफ्नो तर्फबाट धन्यवाद नै भन्न एक दिन हामी दम्पती नै नइ प्रकाशन पुग्यौँ । ...घर पुगेर कोसेली फुकाउँदा बुबाको नाममै 'राष्ट्रकविको सय वर्ष' २०७६ सालमै मोटो पुस्तक नै प्रकाशित गरिसकेको देख्दा नइ प्रकाशन र नरेन्द्रराज प्रसाई एवं इन्दिरा प्रसाईप्रति मुरीमुरी धन्यवाद दिएर पनि नपुग्ने गुन लगाएको मैले पाएँ ।' (पृष्ठ ६६६–६६७)

**शान्तिकुमारी राई**को 'आफ्नो कामको वर्चस्व' शीर्षकमा लेखिएको छ– नइ प्रकाशनले ओझेलमा परेका कतिपय व्यक्तिहरूलाई प्रोत्साहन गर्ने, नइको पक्षपातरहित, स्वार्थरहित कार्यक्रम, सम्मान पुरस्कारमा लागिरहेका कारण संस्थाको गरिमा बढेको छ । नइदम्पतीको अथक प्रयासले साहित्यको विकास भएको छ । नइगृह भएको ठाउँलाई नइ प्रकाशन टोल भनिएको छ ।

यसरी नइको महिमागान भएको छ– 'नइ प्रकाशनको स्थापनाकालदेखि मैले यस संस्थाका हरेक कार्यक्रमहरूमा भाग लिँदै आइरहेकी छु । यस संस्थाले गरेका हरेक कामहरू मेरा आँखाअघि नै देखिँदै आए । साहित्य फुलाउन र फलाउनका निम्ति नइ जोडीको सधैँभरिको कुदाकुद पनि मैले हेरिरहेकै छु । नइदम्पती कहिले थाकेको मैले आभास पाइनँ ।' (पृष्ठ ६७०)

**शान्ति शर्मा**को 'अनुपम कर्मले उठेको संस्था' शीर्षकमा लेखिएको छ– नइका कार्यहरू सबै उत्कृष्ट लाग्ने गरेका छन् । २०७१ सालदेखि नजिकिएर हेर्दा नइले गरेको कार्य महनीय रहेको थियो र नइबाट प्रकाशित कृतिहरू अत्यन्त लोकप्रिय छन् अनि सम्मान पुरस्कार पनि महत्त्वपूर्ण छन् भन्ने भाव व्यक्त गरिएको छ ।

यहाँ थप भनिएको छ– 'यस्तो विराट् संस्था हाँक्ने नइ (नरेन्द्र र इन्दिरा) दुवै मेरा आदरणीय व्यक्ति हुनुहुन्छ । उहाँहरूसमक्ष मैले यो ओठे भक्ति जनाएको होइन र उहाँहरूलाई अनावश्यक प्रशंसा गर्न खोजेको पनि होइन । मेरो अन्तस्करणले जे मान्यो त्यसैलाई लिपिबद्ध गर्ने मैले मनैबाट धृष्टता मात्र गरेकी हुँ । साँच्चै भन्ने हो भने हृदयले बनाएको सम्बन्ध पनि रगतको भन्दा कम हुँदो रहेनछ भन्ने कुराको ज्ञात मैले उहाँहरूबाटै पाएकी हुँ ।' (पृष्ठ ६७७)

**प्रा.शिवगोपाल रिसाल**को 'सत्य चरितार्थ' शीर्षकमा लेखिएको छ– नइ प्रकाशनले नेपाली वाङ्मयको क्षेत्रमा कीर्तिमान् कायम गरेको छ । अरूलाई सम्मान गर्ने सञ्चालकद्वय नै सम्मानित र पुरस्कृत भएका छन् ।

सेवा नै धर्म ठान्ने नइको सम्बन्धमा भनिएको छ– 'नइ योजक हो, व्यवस्थापक हो, प्रेरक हो, प्रोत्साहनकर्ता हो, दिने र दिलाउने हो, मिल्ने र मिलाउने हो, खोज्ने र खोज्न लगाउने हो– यो त यस कालखण्डको एक अभियन्ता हो । सङ्क्षेपमा भन्नुपर्दा यो सेवा नै सरस्वतीको पूजा हो ।' (पृष्ठ ६८०)

**डा.शैलेन्दुप्रकाश नेपाल**को 'दीर्घकालीन छाप' शीर्षकमा नइ प्रकाशन बहुआयामिक संस्था हो । विभिन्न परिकल्पना गरी नयाँनयाँ उपाधि प्रदान गर्ने, विभिन्न संस्था वा व्यक्तिलाई सहयोग गर्ने, सम्मान पुरस्कार, प्रकाशन गर्ने संस्था हो । २०५६ सालमा 'अनामिका' महाकाव्य प्रकाशन गरेर सामीप्य प्रदान गरेको संस्था हो र नइका संरक्षकको क्रियाशीलताले यो सफलता प्राप्त गरेका विविध प्रसङ्ग यहाँ आएका छन् ।

नइको प्रशंसाका सन्दर्भमा भनिएको छ– 'नइ प्रकाशन एउटा गैरसरकारी संस्था हो । परन्तु यसका परिकल्पनाकार तथा संस्थापक

दम्पती नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईको नेपाली वाङ्मय फाँटमा रहेको लामो समयको विशिष्ट योगदान सबैका लागि प्रेरणादायी रहँदै आएको वस्तुतथ्यलाई कसैले नकार्न सक्तैन ।' (पृष्ठ ६८५)

**शोभा काफ्ले खतिवडा**को 'दरिलो र बलियो लौरो' शीर्षकमा नेपाली वाङ्मयमा नइले गरेको योगदान दरिलो छ, बलियो छ र महत्त्वपूर्ण छ । यसमा विविध विषयहरू र संलग्नताको व्याख्या गर्दै राष्ट्रकवि माधव घिमिरेसँग भएको संवाद मार्मिक, घतलाग्दो र मननीय छ ।

यहाँ राष्ट्रकविले भन्नुभएको प्रसङ्ग घतलाग्दो पारामा प्रस्तुत गरिएको छ– 'छ नानी धेरै कुरा ! जुन मैले मानिस नचिनेर उः बेलामा गरेको गल्ती हो, पछि मलाई पछुतो भयो ।' उहाँका कुरा सुनेपछि मैले पनि 'नइको हृदय समुद्रजस्तो छ, म हजुरका कुरा सुनाउँछु' भनें । साथै सुमन शर्माले पनि भन्नुभयो– 'शोभा म्यामले सबै सुनाइसिन्छ बुबा !' राष्ट्रकविले लामो सास तानेर बोल्नुभयो– 'खै ! गर्लान् त मेरा सामानको जतन र सम्मान ? उनीहरूबाटै म राष्ट्रकवि भएथें । धेरैले उनीहरूको विरोध गरे, म पनि नइबाट टाढा हुन थालें तर उनीहरू नै ठीक रहेछन् । अरू मुखका थिए, नइ कामका हुँदै हुन् । पहिलापहिला त म पनि नइगृह जान्थें र उनीहरू पनि बराबर यता आउँथे । तर धेरै भयो, यतिका वर्षसम्म नइसँग मेरो भेटघाटै छैन ।' (पृष्ठ ६८९–६९०)

**डा.सत्यमोहन जोशी**को 'पाँच वर्ष ग्रेस पाएर म शताब्दी पुरुष भएँ' शीर्षकको लेख लामो छ । यसमा नरेन्द्रराज प्रसाईले नब्बे वर्षको उमेरमा आफ्नो जीवनी लेख्न थालेको र केही वर्षपछि भूमिकाका लागि लेख्न आउँदा पाण्डुलिपिमा 'शताब्दी पुरुष सत्यमोहन जोशी' शीर्षक लेखेको देखेर त्यसको विषयमा संवाद हुँदा लेखकको तर्क ठीक लागेर केही नबोलेको सन्दर्भ ल्याउँदै जीवनको साङ्गोपाङ्गो जीवनीमा लेखेको र पन्चानब्बे वर्षको उमेरमा नै शताब्दी पुरुषको

उपाधि दिएको, साथमा नइले पाँच लाखको पुरस्कार पनि दिएको सन्दर्भलाई बडो राम्रोसँग उल्लेख गरिएको छ । केही समयपछि सरकारले 'वाङ्मय शताब्दी पुरुष'को संज्ञा दिएर घोषणा गऱ्यो भन्ने यावत् कुराहरूले एउटा इतिहासलाई नै सङ्केत गर्छ । नइप्रतिको माया, सद्भावको सन्दर्भलाई उद्धृत गर्दै २०७१ सालको कार्यक्रममा जान ज्वरोको कारण नसक्ने अवस्था थियो तर वासुदेव त्रिपाठीलाई महासमालोचकको उपाधि प्रदान गर्ने र सम्मान पुरस्कार दिने सन्दर्भमा दबाई खाएर भए पनि गई रजतवर्षको कार्यक्रममा उपस्थित भएको सन्दर्भ पनि अत्यन्त मार्मिक एवं मननीय रहेको छ । आस्था र विश्वासले मानिसलाई ऊर्जा प्रदान गर्छ भन्ने उदाहरण थियो त्यो उपस्थिति । नइ जोडीले गरेका सबै काम उत्कृष्ट हुन्छन्, विभिन्न कृतिहरूको प्रकाशन पनि लोभलाग्दा छन् भन्ने कुराको उल्लेख पनि गरिएको छ ।

विभिन्न कुराहरूको सन्दर्भ उठाउँदै नइबाट भएका वा अनुभूत गरेका कुराहरूको विस्तृत वर्णन गर्दै शताब्दी पुरुषबाट निष्कर्षको रूपमा भनिएको छ– 'म शताब्दी पुरुष भएपछि मैले सोच्तै नसोचेका कुरा चारैतिरबाट मेरो उपर बर्सिन थाले । त्यसैअनुरूप राज्यबाट मेरा नाउँमा हुलाक टिकट र विभिन्न खाले मुद्राहरू प्रकाशनमा आए । यी सबै घटना नइले मलाई शताब्दी पुरुष बनाएपछिका मेरो जीवनको उत्तरार्धमा प्राप्त भएका सुनौला उपलब्धिहरू हुन्, जसले मेरो जीवन सार्थक भएको मैले महसुस गर्न पाएको छु ।

मेरो जीवनलाई ऊर्जा दिने काम नइ प्रकाशनले गरेको छ । म शताब्दी पुरुष भएँ, राष्ट्रले समेत मलाई वाङ्मय शताब्दी पुरुषको उपाधि सदर गरेर दिइसक्यो । अब मलाई अरू कुनै मान, सम्मान, विभूषण, पुरस्कार, धनदौलत केही चाहिँदैन । मलाई पुग्यो, म वाङ्मय शताब्दी पुरुष भएँ ।' (पृष्ठ ७०२)

**सन्तु श्रेष्ठ**को 'ज्वलन्त उदाहरण' शीर्षकमा नइ प्रकाशनको योगदानले भाषासाहित्यमा गौरव प्रदान गरेको छ भनिएको छ । साथै यसको प्रारम्भमा दु:खकष्ट सहन परेको भए पनि अहिले आर्थिक रूपमा सबल संस्था, सामाजिक रूपमा पनि सबल संस्था हुन पुगेको छ र धेरै व्यक्तिलाई सम्मान गरेको छ । नइ प्रकाशन र त्रिमूर्ति निकेतन एक सिक्काका दुई पाटा हुन् र साहित्यकारद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको ओजस्वी इच्छाशक्ति, अटुट साधना, अविश्रान्त लगावले अगाडि बढेको छ ।

अन्त्यमा नइको बारे यसरी भनिएको छ– 'नइले नेपाली वाङ्मयका लागि जेजति क्रियाकलापहरू गरेको छ, ती सबै अविस्मरणीय, गरिमामय र स्तुत्य छन् । साहित्य एउटा यस्तो पवित्र क्षेत्र हो; जहाँ, जहिल्यै पनि, जो पनि, जसका लागि पनि खुला दिलले आफ्नो सृजनात्मक भावना व्यक्त गर्न सक्छन् । साहित्य एउटा मानवसमाजको सभ्यताको चिह्न हो । साहित्यबिना मानवसमाज सभ्य र सुसंस्कृत हुन सक्दैन । यही पवित्र सिद्धान्तलाई नइले व्यवहारमा उतारिदिएको छ ।' (पृष्ठ ७०६)

**समिना खनाल पृथा**को 'असली सुन' शीर्षकमा 'वसुधैव कुटुम्बकम्'को भावना राखेको नइले निष्पक्षताको परिचय दिँदै मानसम्मान, पुरस्कार आदि सञ्चालन गरेर नेपाली साहित्य र साहित्यकारको उचाइ थपेको छ, विभिन्न संस्थाहरूको संलग्नताको माध्यमबाट साहित्यसेवा गरेको छ भन्ने धारणा यहाँ व्यक्त भएको छ ।

जस्तै उदाहरणस्वरूप केही वाक्यांश हेर्न सकिन्छ– 'असली सुनलाई कसी लगाउनु पर्दैन' भनेझैँ नइले पनि कहिल्यै नखिइने, नखुइलिने र आफ्नो महत्त्व कहिल्यै ओझेल नपार्ने गरी सङ्घसंस्थाहरूको भीडहरूमा एउटा छुट्टै पहिचान बनाउन सफल भएको छ ।' (पृष्ठ ७१०)

**सरस्वती श्रेष्ठ 'सरु'**को 'मनदेखि मनसम्मको साइनो' शीर्षकमा २०७१ सालको 'विश्वनारी नेपाली साहित्य सम्मेलन'लाई सम्झँदै नेपाली वाङ्मयको क्षेत्रमा नइले गरेको योगदानको चर्चा गरिएको छ । नइले पक्षपातबाट बिलकुल टाढा रहेर सबैलाई सम्मान गरेको छ र 'विश्वनारी नेपाली साहित्य पदक' पाउँदाको मन अनि छोरा सौजन्य श्रेष्ठले 'नइ देरुनीखपू बालचित्रकला पुरस्कार' २०७४ सालमा पाएको आनन्दलाई व्यक्त गरिएको छ ।

अन्त्यमा लेखकका नइबारे यस्तो धारणा छ– 'समयले कहिले कठिन त कहिले सरल खुड्किलाहरू चढाउँदै नइ प्रकाशनलाई यहाँसम्म आइपुग्न सफल बनायो, आगामी दिनहरूमा पनि अविच्छिन्न रूपमा चाहेका कार्यहरू सफलतापूर्वक सम्पन्न हुँदै जाऊन् ।' (पृष्ठ ७१४)

**सविता श्रेष्ठ 'बेहोसी'**को 'हाम्रो राष्ट्रको सान' शीर्षकमा २०६३ सालमा नइसँगको भेटपछि त्यसका क्रियाकलाप हेर्दा कथात्मक धारणाजस्तै गरी नइ सुस्तसुस्त बढ्दै गई पच्चिस वर्षको अवधिमा धेरै महत्त्वपूर्ण काम गऱ्यौ भनिएको छ । स्वदेश मात्र नभई विदेशतिर लम्किएर आफ्नो उद्देश्य परिपूर्ति गर्न सफल भएको धारणा यस लेखमा व्यक्त रहेको छ ।

पुछारमा भनिएको छ– 'धेरै संस्थाहरू खुल्दै, बन्द हुँदै अथवा निष्क्रिय हुँदै गरेको हामीले देखेका छौँ तर नइ प्रकाशन स्थापना भएपछि एकपछि अर्को राम्राराम्रा काम गर्दै आज नेपाल राष्ट्रको वाङ्मयी संस्थाको चुलीमा उभिएको छ ।' (पृष्ठ ७१७)

**डा.साधना प्रतीक्षा**को 'घामजस्तै छर्लङ्ग' शीर्षकमा 'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे' भन्ने राष्ट्रकवि माधव घिमिरेको गीत उद्धरण गरेर नइको भावना र उद्देश्यलाई सङ्केत गरिएको छ । साहित्यिक गतिविधिमा अनेक प्रवृत्तिका मानिस हुने हुनाले

ती सबै कुरालाई आत्मसात् गर्दै राम्रा कुरामा लाग्ने र नराम्रा कुरालाई छाड्दै जाने गरी दुवै स्रष्टाद्रष्टा व्यक्तित्व नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको संरक्षणमा रहेको नइले अभूतपूर्व योगदान गरेको छ नेपाली साहित्यको संवर्द्धनमा । यी दुवै राष्ट्रका अमूल्य निधि हुन् भनिएको छ ।

यसै सन्दर्भमा लेखकको धारणा उनकै वाक्यांशमा हेरौँ– 'जसरी नइ नेपाली भाषासाहित्य, कला र संस्कृतिको जगेर्नामा लागिरहेको छ, त्यो प्रशंसा मात्र होइन गर्वको विषय हो किनकि, जब राष्ट्र रहन्छ तब मात्र राष्ट्रियता रहन्छ । जबसम्म नेपाल रहन्छ तबसम्म नेपाली रहन्छौँ ।' (पृष्ठ ७२४)

**सामु उप्रेती**को 'नचिताएको प्राप्ति' शीर्षकमा नइलाई भेटेपछि आफूले उज्यालो देख्न थालेको प्रसङ्गमा लेखिएको छ– नइ मेरा लागि आदर्शको केन्द्र बनेको छ ।

यसै सन्दर्भमा नइका विविध कार्यको चर्चा गर्दै भनिएको छ– 'संसारका थोरै मात्रै मानिसहरूमध्येका एक रथ हुन् नइ, जसले अरूको चाहनालाई बुझिदिन्छ र सकेको ती चाहनालाई अघि बढाइदिने काम गरिदिन्छ ।' (पृष्ठ ७२८)

**प्रा.डा.सावित्री कक्षपती**को 'गर्बिलो पदचाप' शीर्षकमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको संयोजनमा नइ प्रकाशनले गरेका काम हेर्दा आफैँलाई गर्व लाग्छ । नइका धेरै काममध्ये मानसम्मान, पुरस्कार, उपाधि र प्रकाशन हुन्; सबै गर्बिला छन् । यसले साहित्यिक क्षेत्रमा सबैलाई प्रेरणा मिलेको छ ।

संस्थालाई प्रशंसा गर्ने क्रममा भनिएको छ– 'अन्य साहित्यिक संस्थाभन्दा फरक पहिचान लिएर उभिएको नइ प्रकाशन आफ्नो गन्तव्यतर्फ अविचल हिँडिरहेको छ । कुनै पनि लोभलालचभन्दा माथि उठेर संस्थापकको त्यागले सिञ्चित भएको भाग्यमानी संस्था

हो– नइ प्रकाशन । आफ्नो उद्देश्यअनुसारको बहुआयामिक योजना निर्माण र कार्यान्वयन गर्दै नयाँ प्रतिभाका लागि अभिभावक र छहारी बनेको छ– नइ प्रकाशन । अलिअलि लेख्न थालेकालाई समेत लेख्नका लागि उत्प्रेरणा दिइरहने अविचल यात्री नै हो– नइ ।' (पृष्ठ ७३२)

**प्रा.डा.सावित्री श्रेष्ठ**को 'साधना र पौरख' शीर्षकमा नइ प्रकाशनले साहित्य, कला, संस्कृतिमा धेरै काम गरेको देखिन्छ । नइको क्रियाकलापबाट अभिप्रेरित भएर 'सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्र'को स्थापना गरी विभिन्न पुरस्कार अर्पण गरिएको छ । नइले गर्दा अनेक क्षेत्रमा प्रेरणा मिलेको अनुभूति हुन्छ ।

नइको विषयमा भनिएको छ– 'नइभित्र एउटा चमत्कारी शक्ति रहेछ, जुन शक्तिका अगाडि जस्तोसुकै हुन्डरीको पनि केही लाग्दैन र नइले जित हात पारिरहेकै हुन्छ । कसैको दयामायाले होइन, नइ प्रकाशनले आफ्नै साधना र पौरखबाट कीर्तिमान कायम गरेको छ ।' (पृष्ठ ७३८)

**सीमा रोशी**को 'सोचाइमा नै परिवर्तन' शीर्षकमा साहित्यिक क्षेत्रमा पाइला चाल्दाचाल्दै अगाडि बढेको र पारिवारिक जीवनको चर्चा गर्दै सन् २०१३ मा अस्ट्रेलियाको नेपाली कला, संस्कृतिमा जोडिएपछि मात्र नइसँग जोडिने अवसर मिलेको हो । अहिले नइ एकेडेमी अस्ट्रेलियाको स्थापनापछि नइसँग निकट रहँदै नइका कार्यहरूले प्रभावित भएको सन्दर्भगत चर्चा भएको छ ।

लेखिकाको नइबारे यस्तो धारणा छ– 'नइ प्रकाशनसँग जोडिएर काम गर्न पाएकी छु । नइले सबैलाई समान रूपमा अँगालेर हिँडेको कुरामा मलाई धेरै खुसी लागेको छ । आत्मसात् गरेर सबैलाई अघि बढाउन नइले जति काम गरेको छ यस्ता कामको म हृदयदेखि सराहना गर्दछु ।' (पृष्ठ ७४४)

**सुनिता राई कन्दङ्वा**को 'परदेशीलाई सम्झिने संस्था'मा इजरायलमा काम गर्दै आएको दशक भयो । त्यस अवस्थामा नइको मूल्याङ्कन र सम्मान (भानुभक्त स्वर्णपदक)ले उत्साहित तुल्याएको र सन् २०१४ मा नइगृह पुग्दा न्यानो स्वागत पाएको सन्दर्भले नइको सकारात्मक भावना र सौहार्द दृष्टिकोणले प्रभावित भएको कुरा आएको छ ।

यसै सन्दर्भमा अन्त्यमा भनिएको छ– 'साहित्यको गोरेटो पछ्याउँदै हिँडिरहनेलाई प्रोत्साहन मात्रै गरेका छैनन् नइले आफैँ पनि निरन्तर साहित्यमा नै लागिपरेका छन् । विभिन्न विधामा कलमले उत्खनन गर्दै अहिलेसम्म नलेखिएका, नदेखिएका थुप्रै विषयहरूलाई प्रस्तुत गरी नेपाली साहित्यलाई नइ प्रकाशनले धेरै नै गुण लगाएको छ ।' (पृष्ठ ७४८)

**सुभद्रा भट्टराई**को 'लोभलाग्दो योगदान' शीर्षकमा नइ अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई दुई भए पनि हृदय, चेतना, भावना र दृष्टि एकै भएका व्यक्तित्व हुन् । नइ यिनैको काँधमा छ, नइको योगदान माथिल्लो कोटिको छ । पुरस्कारलाई वैज्ञानिक र सुकिलो राख्ने र प्रकाशित कृतिहरूको स्तरीयता उच्चस्तरको रहेको छ भन्ने सन्दर्भहरू यस लेखनमा आएका छन् ।

यसै प्रसङ्गमा भनिएको छ– 'नेपाली साहित्यमा नइ प्रकाशनको उपस्थिति केहीका लागि ईर्ष्यालाग्दो र आरिसलाग्दो बनेको छ र धेरैका लागि प्रेरक रहेको छ । खास गरेर नेपाली वाङ्मयका लागि यो नितान्त उपलब्धिको संस्था बनेको छ ।' (पृष्ठ ७५२)

**प्रा.डा.सुमन ढकाल**को 'राष्ट्रिय गौरव मानौँ' शीर्षकमा नइका जन्मदाता नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई स्थापित र प्रतिभाशाली व्यक्तित्व हुन् । नइका विभिन्न कार्य सम्पादन हुँदाहुँदै 'नारीचुली' (२०६३) जस्तो महत्त्वपूर्ण ग्रन्थ प्रकाशन हुनु, २०७१ सालमा

'हिमवत्खण्ड'को दोस्रो संस्करण प्रकाशनमा आउनु र अनेक व्यक्तित्वको जीवनी, अनेक व्यक्तित्वका पुस्तकहरू प्रकाशनमा आउनु महत्त्वपूर्ण कार्यहरू हुन् । त्रिमूर्ति निकेतन र नइ प्रकाशन एकअर्काका पर्याय भएको र अनेकौँ सम्झनायोग्य कार्यक्रम भएको चर्चा यसमा गरिएको छ ।

लेखनको सन्दर्भमा भनिएको लेखकीय धारणालाई अवगत गरौँ– 'विश्वका अन्तरकुन्तरमा रहेका नेपाली भाषामा लेख्ने स्रष्टा खोज्ने काम पनि नइले आफ्नो दायित्वभित्रै राखेको देखिन्छ । साथै नइले विश्वका विभिन्न देशका प्राज्ञहरूलाई नेपालमा ल्याएर उनीहरूलाई चिनाउनुका साथै सम्मानसमेत गर्ने गरेको छ, जुन कार्य नेपाल सरकारले गठन गरेका संस्थाहरूले गर्नुपर्थ्यो तर ती कामहरू नइले नै गरेर देखाइरहेको छ ।' (पृष्ठ ७५७)

**सुरेन उप्रेती**को 'एउटा नयाँ क्षितिज' शीर्षकमा भौगोलिक रूपमा टाढा भए पनि नइसँग परिचित भएको चर्चा गर्दै भनिएको छ– नेपाली साहित्यको श्रीवृद्धिमा अतुलनीय काम गरेको छ । स्रष्टा र द्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नेपाली साहित्यमा ठूलो योगदान रहेको छ ।

यस विषयलाई लिएर भनिएको छ– 'नइदम्पतीको त्याग र आराधनाले नेपाली भाषासाहित्यलाई माया गर्ने सारा विश्व नै लाभान्वित भएको छ । स्थापनाकालदेखि यस संस्थामा कहिले विचलन आएन र कहिले उदासीनताले छाएन । दिनप्रतिदिन संस्था मौलाउनुको कारण नै नइ जोडीको तन र मन मिलेको तथ्यलाई पनि उत्तिकै मान्यता दिनुपर्छ ।' (पृष्ठ ७६०)

**प्रा.डा.सुरेन्द्र केसी**को 'विश्वव्यापक संस्था' शीर्षकमा नइ प्रकाशन स्थापनाको प्रसङ्ग, नइको आजको सन्दर्भ र विगत, नइ प्रकाशन र साहित्यसेवा, मेरो दृष्टिमा नरेन्द्रराज प्रसाई, नइको संस्था चलाउने शैली, आजको नइ र नइलाई मेरो भन्नु

आदि उपशीर्षक दिएर नइको सम्बन्धमा विस्तृत रूपमा चर्चा गरिएको छ ।

यसको विषयलाई लिएर लेखकले प्रशंसा यसरी गरेको देखिन्छ, जसले नइको सारतत्त्वलाई समेट्दछ– 'आज नइ जहाँ आइपुगेको छ, यसलाई आश्चर्य पनि मान्नुपर्ने हुन्छ । किनभने एउटा दम्पतीबाट निरन्तर सेवा गरेपछि नइ प्रकाशन आज विश्वव्यापक बनेको मेरै आँखाले यस सत्ताइस वर्षभरि हेरिरहेको छ । नइको आजको कार्यशैलीबाट म ज्यादै दङ्ग परेको छु किनभने नइले झैँ आफैँ घुँडो र मुन्टो दोबारेर साहित्यको काम गर्ने मान्छे मैले देखेको छैन ।' (पृष्ठ ७६६)

**सुरेन्द्रजङ्ग शाह**को 'चेतनाको सुन्दर फूलबारी' शीर्षकमा लेखनकार्यको प्रारम्भ कसरी गर्ने भन्ने दोधारमा बाटोमा गाडी हिँडेजस्तै साहित्यरूपी रफ्तारमा हिँडेको जस्तै नइको हिँडाइले पनि विभिन्न स्रष्टाको सम्मान, साहित्य संवर्द्धनमा सबैलाई प्रेरणा जगाउने, आकर्षित गर्ने, ऊर्जा थप्ने र राष्ट्रिय जिम्मेवारीको काममा उत्कृष्टता कायम गरेकोमा नइलाई प्रशंसा गर्नैपर्छ भनेर नेपालका सन्दर्भहरू, सिर्जनाका विविध पाटाहरूको उल्लेख गरिएको छ ।

साहित्यको संसारमा संसार घुमेको नइलाई सम्झने क्रममा थप भनिएको सन्दर्भ यस प्रकारको रहेको छ– 'नेपाली भाषासाहित्यको संरक्षण, संवर्धन र समृद्धिमा भनौँ वा नेपाली सभ्यता र पहिचानको संरक्षणमा भनौँ, नेपाली साहित्य विकास परिषद् युकेले विगत साढे दुई दशकभन्दा बढी समयदेखि भनौँ वा परिषद्को स्थापनाकालदेखि नै बेलायतमा निरन्तर रूपले गर्दै आएका गतिविधिहरूको उच्चतम लेखाजोखा र मूल्याङ्कन नइ प्रकाशनबाट निरन्तर हुँदै आएको छ ।' (पृष्ठ ७७३)

**सुशीला तामाङ**को 'ठूलालाई सम्मान, सानालाई माया' शीर्षकमा पत्रकारिताको सन्दर्भको वकालत गर्दै र पत्रकारिताको स्रोत स्रष्टालाई मान्दै नइसँगको भेटघाटपछि नइले दिएको सद्भावले उत्साह बढेको छ र हेय दृष्टिमा रहेका व्यक्तित्वलाई प्रोत्साहन दिएर अगाडि बढाएको नइको सन्दर्भलाई उजागर गरिएको छ ।

सुशीला तामाङको कलम यसरी अघि बढ्छ– 'मेरो छोटो समयको अनुभवमा राज्य र राज्यका अधिकार सम्पन्न निकायहरूले कला, साहित्यमाथि नगरेका र हेय दृष्टिले हेरेका सम्पूर्ण पक्षहरूलाई नइले सम्हालेको पाएँ ।' (पृष्ठ ७७८)

**डा.हरिप्रसाद पोखरेल 'मानसाग्नि'**को 'हीरा खोज्ने जोडी' शीर्षकमा नइको लेखनसम्बन्धमा स्त्रीतत्त्व र पुरुषतत्त्वको कुरा उठाउँदै नइले छोएपछि फलाम सुन बन्छ, सुन पारस बन्छ भन्ने धारणाबाट नेपाली साािहत्यको जग बसेको भन्ने सन्दर्भलाई अत्यन्त प्रभावकारी एवं कलात्मक शब्दसंयोजनबाट नइको भावनालाई उठाइएको छ । मानसम्मान, उपाधिका परिकल्पनाको प्रवर्द्धनमा नइले ठूलो काम गरेको देखिएको छ भन्दै विविध दृष्टिकोणबाट नइलाई जोख्ने, हेर्ने काम भएको छ ।

नइप्रति अत्यन्त सद्भावका साथ अभिव्यक्त धारणा यस्तो रहेको छ– 'नइ भूत होइनन् अद्भुत शक्ति हुन् । नइ प्रकाशन नेपाली साहित्यको पूजा र प्रार्थना हो । यसैले नइ व्यक्तिभित्र अटेको विराट् संस्था र विराट् संस्थाभित्रको दिव्य व्यक्ति हुन् । नेपालभित्र र बाहिरका कुनाकुना र गाउँगाउँबाट जाति, धर्म, राजनीति र साहित्यिक गुट र लिङ्गभेदबाट माथि उठेर नेपाली साहित्यकार र साहित्यको पूजामा जीवन होमेका यी दम्पतीलाई नेपाल र नेपालीले अगरबत्ती बाल्न पनि कन्जुस्याइँ गरेको देख्दा लाग्दछ निष्काम र निसर्त सेवा अब पूजा आराधना रहेन ।' (पृष्ठ ७८५–७८६)

**हरिप्रसाद बराल**को 'हाम्रो साझा चौतारी' शीर्षकमा नइको सत्ताइस वर्षको इतिहासमा नइले प्रसन्नता ल्याउने काम गऱ्यो । नइ साहित्यकारको मन्दिर हो, यसका पुजारी नइदम्पती हुन् भन्दै पुस्तकको महिमा, भावना, मानसम्मान, पुरस्कारका सन्दर्भ रहेका छन् । सम्पूर्ण स्रष्टाहरूलाई जोड्ने काम र साहित्यको संवृद्धिमा नइले सबैलाई जोड्ने काम गरेको हुनाले यो अत्यन्त उच्चस्तरको संस्था बनेको छ भनिएको छ ।

नइबारे अन्त्यमा लेखकले भनेका छन्– 'जसले अग्रजहरूलाई मानसम्मान दिएर तिनीहरूबाट नयाँलाई सिक्ने वातावरण सिर्जना गऱ्यो, यस्तै महत्त्वपूर्ण नइ संस्थाकै पेरिफेरिमा रहेर यति कुरा इतिहासमा राख्ने सौभाग्य पाएँ । (पृष्ठ ७९२)

**हरिसिंह थापा**को 'उत्साहको लहर' शीर्षकमा नेपाली साहित्यको धरोहर नइ हो । यो प्रेरणा र ऊर्जाको केन्द्र हो । २०६६ सालमा परिचय भएपछि नरेन्द्रराज र इन्दिरा प्रसाईको लगनशीलता र श्रमबाट प्रेरित भई बेलायतबाट जोडिन पुगेको सन्दर्भलाई सहजताका साथ प्रस्तुत गरिएको छ ।

संस्थाप्रतिको धारणालाई यसरी दिइएको छ– 'भाषासाहित्यको माध्यमबाट नेपाली परिचय र पहिचानको संरक्षण, नेपाली संस्कार सभ्यताको संवर्धन र प्रचारप्रसार, नयाँ प्रतिभाहरूको खोजी र प्रोत्साहन, कृति र कृतत्वको पहिचान र मूल्याङ्कन गरेर नेपाली भाषा लेखपढ गर्नेहरूको नइ प्यारो भइसकेको छ ।' (पृष्ठ ७९६)

**हरिहर विरही**को 'ढुङ्गालाई शालिग्राम बनाउने ठाउँ' शीर्षकमा कहिल्यै नथाक्ने, हार नमान्ने, प्रतिकूलतामा पनि सहजता ल्याउने संस्थाको रूपमा नइलाई लिएको सन्दर्भमा नरेन्द्रराज प्रसाईको जीवनीलेखनमा अभिरुचि र ढुङ्गालाई मन्दिरको शालिग्राम बनाउने शक्ति, साहित्य, संस्कृतिका सारथी, सङ्गीत कलाका अभियन्ता,

राष्ट्रनिर्माणका महारथी र सामाजिक अभियन्ता हुन् भनेर हृदयतः प्रशंसा गरिएको छ । यसै सन्दर्भमा नरेन्द्रराज प्रसाईमा पत्थर पगाल्ने कला छ भनिएको छ ।

विरहीबाट नइको विषयगत अभिव्यक्ति यस्तो छ– 'नइ प्रकाशन यस्तो संरक्षणको बलियो हकदार ३बनेको छ । सानो टेवा, अवसर र ऊर्जा पाएमा नइ पखेटा फिजाएर नीलो आकाशमा उड्दै टाढाटाढासम्म पुग्न सक्छ । किनभने एउटा नयाँ क्षितिज निर्माण गर्ने सामर्थ्य नइमा छ ।' (पृष्ठ ८०४)

**हिरण्यकुमारी पाठक** साहित्य नै जीवन हो भन्ने मूलमन्त्रलाई अँगाली विश्वभरिका प्रायः नेपाली साहित्यिक स्रष्टाहरूलाई अँगाल्न सफल भएको साहित्यिक संस्थाको नाम हो नइ भन्ने दृष्टिकोणका साथ लेखनकार्यमा अगाडि बढेको यस कृतिको अन्तिम लेख हो– 'साहित्यको ज्योति' शीर्षकको लेख । यसमा नइको सम्बन्धमा लगनशीलताका साथ महत्त्वपूर्ण कार्य सम्पादन गरेको भावना व्यक्त गर्नुका साथै नइ वाङ्मयक्षेत्रमा मनोबल बढाउने शक्ति हो । नइको कार्यक्रममा राष्ट्रियपर्व भएजस्तो अनुभूति हुन्छ । नइमा सबैको विश्वास लिन सक्ने क्षमता छ ।

यसै सन्दर्भमा अन्त्यमा लेखककै शब्दमा भनिएका वाक्यांशहरू यस्ता छन्– 'नइ संस्थाप्रति विश्वास हुनु र विश्वास हुन सक्ने क्रियाकलाप भएकै कारण दाताहरू नइप्रति विश्वस्त देखिन्छन् । नइ जोडीको इमानदारी, सद्भावपूर्ण व्यवहारको ज्वलन्त उदाहरणका कारण नइ प्रकाशन छिट्टै मौलाएको हो पनि भन्न सकिन्छ । ...नइ जोडीले संस्थालाई यसरी सुबाटोमा लगाएको हुँदा यो संस्था युगयुगसम्म जीवित रहने वातावरण भएको छ भन्ने मलाई लागेको छ ।' (पृष्ठ ८०८)

# ‘नइ प्रकाशन : कीर्ति र आकृति’को सङ्क्षिप्त विश्लेषण

(१) जब म नइ प्रकाशनको चिह्न (लोगो) शङ्ख देख्छु नइ (नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई)को मुहार अगाडि आउँछ । शङ्खध्वनिको आवाज गुन्जेजैँ अनुभूति हुन्छ । साहित्यिक संसारमा शङ्ख फुकेका छन् यी दुवैले– ‘आऊ ! भाषासाहित्यको सेवा गरौँ । कला, संस्कृति बचाउने काम गरौँ । स्रष्टाहरूको नि:स्वार्थ सेवा गरौँ ।’ यही ध्वनि कानमा गुन्जिरहेको अनुभूति हुन्छ । यो शङ्खको परिकल्पना बेजोड छ नइको । सायद यो नरेन्द्र र इन्दिरा प्रसाईको परिकल्पना हो । परिकल्पना गर्न माहिर व्यक्तित्व नरेन्द्र र इन्दिराको भीष्मप्रतिज्ञाको छवि आउँछ, आफ्नो प्रतिज्ञाबाट विचलित नहुने । राजसंस्थासँग निकट नरेन्द्रराज प्रसाईको आज पनि त्यो उद्घोष साथै छ तर उनको स्पष्टवादिताले साहित्यसेवामा कोही पाखा छैन, सबैसबै सँगै बराबरी हिँडेका छन्, उनीसित सबै अटाएका छन्, सम्मान पाएका छन्, कृति प्रकाशन गरेका छन् । कार्यक्रम यति महत्त्वपूर्ण हुन्छन् कि सबै स्रष्टाले आस गरेका हुन्छन् त्यो मैले महसुस गरेको छु । गुनासो पनि पाएको छु । यसको आकर्षण निरपेक्ष रहेर गरिएको साहित्यसेवा हो जस्तो लाग्छ । यहाँ विचारको सम्मान छ, यही शङ्खध्वनिले गरेको छ । यो ‘नइ प्रकाशन : कीर्ति र आकृति’ ग्रन्थभित्रका लेखकहरूको दृष्टिकोण र आस्थाले सङ्केत गर्छ । यही नै नइको पूर्ण सफलता हो ।

कतिपय स्रष्टाले नरेन्द्रको विचारलाई प्रस्तुत पनि गरेका छन् र साहित्य, संस्कृति, कलामा सबैको हृदय एकै ठाउँमा छ, स्विकारेका छन् । संसार एकै ठाउँमा गराउने मूलत: यही हो । यसको कुनै भौगोलिक सीमा हुँदैन । नइको हृदय विशाल छ, स्रष्टाद्वयको चैतन्यभाव वा चैतन्यशक्तिले सबैलाई डोऱ्याएको छ, यही अनुभूतिलाई पनि यो लेख्ने क्रममा पनि सम्पूर्ण स्रष्टाहरूद्वारा व्यक्त भएको पाएको छु ।

(२) नइ (नरेन्द्रराज र इन्दिरा प्रसाई)को प्रेरणाले कतिपय स्रष्टा बनेको कुरा ठाउँठाउँमा विभिन्न लेखकहरूले चर्चा गरेका छन् । (जस्तै– यश र कीर्ति शीर्षकमा इन्दिरा दीक्षितको भनाइलाई लिन पनि सकिन्छ पृष्ठ ७६) र अनेक बालबालिकालाई प्रोत्साहन गरेर संस्थाले प्रेरणा दिइएको सन्दर्भ रहेको छ । अर्थात् यो नरेन्द्र र इन्दिराको अरूलाई भाषासाहित्यतर्फ उन्मुख गराउने स्वभाव हो र कतिपय लेखकहरूले ईश्वरीय स्वरूपमा पनि व्याख्या गरेका छन् । आफ्नो दृष्टिकोण स्पष्ट भएका कारण कतिपयले भिन्न किसिमबाट कुरा राखे तापनि अन्त्यमा साहित्यप्रति समर्पण भाव भएका र अरूले गर्न नसक्ने काम भएको स्विकारेका छन् । कतिपयले आफ्नो स्वार्थ पूरा हुन नपाउँदा नइबाट टाढिने र पछुताउने पनि छन् भनिएको छ तर समाजमा धेरैलाई फाइदा हुने काम गरेको र समाजलाई सुसंस्कृत बनाउन संस्थामार्फत अग्रसर रहेका नइप्रति अत्यन्त सद्भाव व्यक्त गरेको आवाज एउटै सम्पूर्ण स्रष्टाद्रष्टाको देखिन्छ ।

(३) नइले स्रष्टाहरूका विषयमा होस् वा भाषासाहित्यलाई अगाडि बढाउने क्रममा होस् २०५२ सालदेखि आजसम्मको सत्प्रयास वा क्रियाकलापले व्यक्तिभन्दा पनि भाषासाहित्यको उन्नतिमा धेरै काम गरेको कुरा कसैले पनि नकार्न सकेका छैनन् र अनेक व्यक्तित्वलाई दीर्घजीवी बनाएको कुरा उल्लेख गरेका छन् । यसको उदाहरणस्वरूप– व्यक्तित्वमा सत्यमोहन जोशी, माधव घिमिरे, डा.वानीरा गिरी, प्रा.डा.वासुदेव त्रिपाठी, ईश्वरवल्लभ आदि ।

समूहगतमा– नारीस्रष्टाको उत्थान, भानुभक्त आचार्यको द्विशतवार्षिकी महोत्सव, लक्ष्मीप्रसाद देवकोटा शताब्दी महोत्सव आदि रहेका छन् ।

(४) 'नइ प्रकाशन : कीर्ति र आकृति' सङ्ग्रहका निजात्मक निबन्धलेखनमा कतिपय निबन्धहरू विवरणात्मकताले थिचिएका छन् भने कतिपय भावनात्मक स्वरूपमा खरो उत्रेका छन् । प्रथमपुरुष दृष्टिबिन्दुमा लेखिएका निबन्धहरूको स्वरूप हृदयबाट प्रस्फुटित छन् । कतिपय निबन्धमा मस्तिष्कको प्रयोग रहेको छ तर हृदयको भावना नइप्रतिको प्रेम, सद्भाव, आस्थाको द्योतक हो भन्न सकिन्छ । हुन पनि नेपालमा स्थापित संस्थाहरूले यस किसिमको कार्य गर्न नसकेको धारणा सबै निबन्धमा समान रूपमा पाइन्छ ।

कृतिको प्रकाशन स्तरीयता, पुरस्कारको स्तरीयता, व्यक्ति खोज, उपाधिगत धारणा वा परिकल्पना यसका उपज हुन् भने नइप्रतिको विश्वास, निष्पक्ष अवलोकन, व्यवस्थापनबाट सबै प्रभावित छन् भन्ने कुरा 'नइ प्रकाशन : कीर्ति र आकृति'मा प्रविष्ट सम्पूर्ण निबन्धहरूबाट प्रस्टिन्छ ।

(५) 'नइ प्रकाशन : कृति र आकृति'मा भएका एक सय उनान्चालिस स्रष्टाहरूका लेख, निबन्ध, संस्मरणहरू समाविष्ट गरिएको छ । नइ प्रकाशन पच्चिस वर्ष (रजतवर्ष) पुगेको सन्दर्भलाई विषय बनाएर लेखिएका लेखहरू हुन् । सम्पूर्ण लेखहरूले अत्यन्त सद्भावपूर्ण, सकारात्मक सोचका साथ संस्था र 'नइ' अर्थात् नरेन्द्रराज र इन्दिरा प्रसाईलाई केन्द्रबिन्दुमा राखेर सम्मानपूर्वक आफ्ना धारणा व्यक्त गरिएको अनुभूति दिलाउँछन् तर लेखकहरूको सङ्क्षिप्त परिचय (जन्मवर्ष, स्थान, शिक्षा, पेसा आदि) दिएको भए स्रष्टालाई चिन्न सकिन्थ्यो र यसले अनुसन्धातालाई सजिलो हुन्थ्यो । यो नहुँदा देशदेशान्तरका स्रष्टाको लेख छ, कहाँका हुन् यी स्रष्टा भन्ने जिज्ञासा अधुरो रहने भयो तथापि कतिपय लेखहरूको भावनाले नेपाल वा छिमेकी राष्ट्र वा अन्य देश भन्ने कतैकतैको सामान्य जानकारी भने पाइन्छ ।

(६) 'नइ प्रकाशन : कीर्ति र आकृति'को भाषातिर दृष्टि दिने हो भने नेपाली भाषासाहित्यका मूर्धन्य व्यक्तित्वदेखि कनिष्ठ स्रष्टासम्मको लेखन यसमा भएकाले पनि कृतिमा कवितात्मकता, शैलीमा निक्खरपन देखिएको छ र शब्दमाधुर्य, परिष्कृत दृष्टिकोण, आलङ्कारिताको प्रस्फुटन भएको छ । कवितात्मक शैलीको उदाहरणलाई यसरी हेर्न सकिन्छ–

**नइले नेपाली साहित्यलाई ज्योति प्रदान गरेको छ,**
**न्यानो माया दिएको छ, शीतल छाया दिएको छ**
**साहित्यलाई ऊर्जा प्रदान गरिराखेको छ ।**

(आयुष्मान शाक्य 'सम्मान', पृष्ठ ६७)

•

**कर्मयोगीको सुन्दर फूलबारी हो– नइ ।**
**श्रमिक, माहुरी र भँवराहरूको जीवनचर्या बन्नेछ सधैँ– नइ ।**
**यी सबै कुराको निष्कर्षमा उभिएको छ– नइ प्रकाशन ।**
**बिनाराजनीति, बिनाभेदभाव र बिनासङ्कीर्णताले हुर्केको**
**नेपाली साहित्यको एउटा बलियो चौतारी हो– नइ प्रकाशन ।**

(दीनानाथ शर्मा, पृष्ठ २८८)

•

**सधैँभरि इमानको छाता ओढ्न पाऊँ**
**घामपानी ओत्ने थलो नइ भयो नाउँ ।**

(मधुसूदनप्रसाद घिमिरे, पृष्ठ ४५९)

•

**नइ एउटा आशा हो**
**एउटा विश्वास हो**
**र हो एउटा चुनौती पनि ।**

(यादव भट्टराई, पृष्ठ ५१४–५१५)

•

**बलिरहून् दीपझैं**
**नआओस् आँधी कतै**
**चुमिरहून् शिखर**
**नइले सधैँसधैँ ।**
(ललिता दोषी, पृष्ठ ५८०)

•

**नइ प्रकाशन–**
**नेपाली भाषासाहित्यलाई उमार्ने, फलाउने, फुलाउने बिहानी हो ।**
**मगमगाउँदो, जगमगाउँदो हराभरा उर्वर बाग हो ।**
(विमल गिरी, पृष्ठ ६३०)

•

**नइ योजक हो,**
**व्यवस्थापक हो,**
**प्रेरक हो,**
**प्रोत्साहनकर्ता हो,**
**दिने र दिलाउने हो,**
**मिल्ने र मिलाउने हो,**
**खोज्ने र खोज्न लगाउने हो–**
**यो त यस कालखण्डको एक अभियन्ता हो ।**
(शिवगोपाल रिसाल, पृष्ठ ६८०)

•

**लुकेका हीरालाई खोजेर चम्काउने जौहरी रहेछ– नइ**
**कठोर ढुङ्गाको चेपबाट निस्केको शीतल जल हो– नइ**
**हाडे ओखर हो– नइ; सायद ऐना हो– नइ ।**
(डा.हरिप्रसाद पोखरेल 'मानसाग्नि', पृष्ठ ७८१–७८२)

यसरी विभिन्न स्रष्टाहरूका अनेक लेखहरूमा कवितात्मक यस्ता वाक्यहरू भेटिन्छन् । यी त सान्दर्भिक केही उदाहरण मात्र यहाँ प्रस्तुत गरिएको हो ।

(७) 'नइ प्रकाशन : कीर्ति र आकृति'को भाषा परिष्कृत छ, शुद्धाशुद्धिमा व्याकरणगत हिसाबबाट अवलोकन गर्दा खासै त्रुटि

नभए तापनि कतिपय ठाउँमा हेर्दाहेर्दै पनि चिप्लेको देखिन्छ । जस्तै– स्रोत हुनुपर्नेमा श्रोत हुनु । दम्पती जोडी कतै जोडिएको कतै छुट्टयाइएको छ । पच्चिस वर्ष कहीँ पच्चीस वर्ष भई दीर्घ र ह्रस्वमा एक रूप नदेखिएको । सोच हुनुपर्ने ठाउँमा शोच भएको पनि देखिएको छ । यी सामान्य रूपमा आएका हुन्, यस्ता ससाना कुरा व्याकरणगत रूपमा देखिएलान् तर यो ग्रन्थको आद्योपान्त दृष्टि प्रक्षेपण गर्दा अत्यन्त परिष्कृत भाषाशैलीमा द्रष्टादृष्टि रहेको छ ।

**विषयान्त एवं कवितात्मक भावना**

संस्थाको पच्चिस वर्ष (रजतवर्ष)को कौशलपूर्ण भावना र साहित्यतिरको योगदानलाई उजागर गर्ने यो 'नइ प्रकाशन : कीर्ति र आकृति' कृति साहित्यजगत्‌को अनुपम उपहार हो । प्रत्येक द्रष्टा स्रष्टाको भावनात्मक संवेदनशीलताको प्रचुरता छ– लेखनकलामा । बौद्धिकताले भरिएका छन् कतिपय निबन्धहरू । यस सन्दर्भमा मनमा उठेका भावनालाई कवितामा उतार्दै यो समीक्षात्मक लेखनबाट विश्राम लिन्छु ।

**संस्थाको महिमा उदार मनले गाए, सजाए सबै**
**आफ्नो सार्थकता विचारसँगमा धारा बगाए सबै**
**सारा हो 'नइ' सिर्जना असल छन् भन्दै रमाए सबै**
**यो सौन्दर्य छ साथ कीर्ति–गरिमा सन्दर्भ ल्याए सबै ।१।**

**स्रष्टा–दृष्टि सुधारयोग्य धन हो अस्तित्वको चेत हो**
**द्रष्टा–दृष्टि उदार, स्वच्छ मन हो सत्कर्मको स्रोत हो**
**भाषा–भाव र चेतना हृदयको सत्कारमा खुल्दछ**
**कर्मेष्ठी–मनको सुयोग्य जनको लेखाइमा मिल्दछ ।२।**

**वाणीको महिमा अपार छ यहाँ स्रष्टाहरूको स्थल**
**साझा संस्कृति भावना सँगसँगै सम्मान छन् निर्मल**
**कोही वञ्चित हुन्न योग्य जनले आफ्नो पराया भनी**
**सारामा अधिकार होस् सुजनता कोही नहोस् बैगुनी ।३।**

आफ्नो मौलिकता स्तरीय रचना उन्मुक्त छन् सिर्जना
आफ्नो संस्कृति राष्ट्रभावसँगमा जीवन्त छन् साधना
आफ्नो दिव्य कला सदा भुवनमा उत्कृष्ट छन् ज्ञानमा
यस्तो होस् सुविचारको विषय होस् आस्था सकारात्मक ।४।

यो हो शब्द र अर्थको चतुरता सौन्दर्यको वाणी हो
यो हो सौम्य विचार शान्त मनको माधुर्यको प्राण हो
यो साहित्य-कला-सुसंस्कृत विधा सम्मानको मान हो
धेरैको शुभभावना प्रगतिको सम्पूर्णको शान हो ।५।

# 'नइ कीर्ति लय'को समय सान्दर्भिकता

१. **विषयप्रवेश**

सर्व हितकारी साहित्य हुने हुनाले यसको देश, समाजसँग अत्यन्त निकट सम्बन्ध रहेको हुन्छ । समाजसँग सम्बन्धित विषयवस्तु नै साहित्यले लिने गर्दछ । साहित्य भनेको जहाँ हितको कुरा हुन्छ, त्यही नै साहित्य हो । पहिलेपहिले यसको परिभाषा गर्दा पनि भनिएको छ– हितेन सहितम् साहित्यम् । लोकहितको कुरा गर्ने साहित्य हो । साहित्यलाई मन पराइनुको कारण पनि लोकहितकारी भएको हुनाले हो । यो समाजसँग सम्बन्धित हुन्छ ।

पूर्वीय साहित्य परम्परातर्फ दृष्टि दिँदा साहित्यलाई काव्य भनिन्छ । विभिन्न आचार्यहरूले साहित्यको परिभाषामा काव्य शब्दको प्रयोग गरेका छन् । ती आचार्यहरूका सङ्केतअनुसार काव्य शब्दले कवितालाई वा अन्यलाई पनि सङ्केत गर्न सक्छ । जे भने पनि आजको बुझाइ अनुसार लघु आकारको फुटकर कविता मात्र होइन भन्ने हो । विविध परिभाषामध्ये भामह (नाटचशास्त्रम्) हो, उनका अनुसार– शब्दार्थौसहितौ काव्यम्.. (शब्द र अर्थको सहभाव काव्य हो ।) विश्वनाथको 'साहित्यदर्पण'मा– वाक्यं रसात्मकं काव्यम् (रसात्मक वाक्य काव्य हो ।) भन्छन् । पूर्वीय आचार्यमध्ये जगन्नाथको 'रसगङ्गाधर'मा (रमणीयार्थः प्रतिपादकः शब्दः काव्यम् (रमणीय अर्थ प्रतिपादन गर्ने शब्द काव्य हो ।) यसले कविताको स्वरूपलाई चिनाएको छ । यहाँ विवेच्य विषय नइ प्रकाशनबाट २०८० साल वैशाखमा प्रकाशित

कृति 'नइ कीर्ति लय'को हो । यो नइ प्रकाशनको रजत महोत्सवको सन्दर्भलाई लिएर विभिन्न स्रष्टाद्वारा छन्द र मुक्तछन्दमा लेखिएका कविताहरूको सङ्ग्रह हो । यसको प्रकाशन सौजन्य भूपालमानसिंह कार्की प्रज्ञापरिषद्बाट भएको छ भने सम्पादनको कार्य भगवती बस्नेतबाट भएको छ । यसमा ६४ वटा कविताहरू समाविष्ट रहेका छन् ।

### २. नइप्रति विभिन्न विद्वान्, स्रष्टाहरूको दृष्टिकोण

राष्ट्रकवि **माधवप्रसाद घिमिरे**को भनाइ छ– 'नइ प्रकाशन नेपाली आकाशको एक आलोक हो । त्यो आलोक निरन्तर फैलिरहेको छ र त्यसले अनन्त फैलिरहनुपर्दछ । नइबाट नेपाली भाषासाहित्यका निम्ति चमत्कारी कार्य हुँदै आइरहेको छ र यो चमत्कार नित्य उज्ज्वल भइरहनुपर्दछ ।' (नइ कीर्ति लय, पृष्ठ ५)

वाङ्मय शताब्दी पुरुष **सत्यमोहन जोशी**को दृष्टि छ– 'नेपाली भाषासाहित्यको राष्ट्रिय र अन्तर्राष्ट्रिय विस्तारको विकासक्रममा नइ प्रकाशनको भूमिका विशिष्ट कोटिको रहिआएको छ । नेपाली साहित्यिक सङ्घसंस्थाले गर्नुपर्ने र अरूको सोचमा नआएका धेरै नै कामहरू नइ प्रकाशनले गर्दै आएको छ । सरकारले बनाएका प्रज्ञाप्रतिष्ठानलाई समेत उछिनेर नइले नै सांस्कृतिक र साहित्यिक काम गरिरहेको छ ।' (ऐ. पृ.)

नेपाली साहित्यका विश्वनारी रत्न **डा.वानीरा गिरी**को कलमले लेख्छ– 'नइ प्रकाशनले जीवित स्रष्टाको हित मात्र गरेको छैन; मरे, बाँचेका धेरै स्रष्टा बचाउने सञ्जीवनी संस्था पनि नइ नै देखा परेको छ । नइले छोएपछि फलाम सुन र सुन पारस बन्दो रहेछ भन्ने पनि देखियो ।' (ऐ. पृ.)

**डा.इन्द्रबहादुर राई** भन्छन्– 'नइ प्रकाशनका गतिविधि मामुली ढङ्गका रहेनन्, उँभोका रहे । नइका साहित्यिक कार्यहरू नेपालबाहिर पनि फराकिला छन् र यो संस्था भारततिर पनि चम्किलो रह्यो ।

नइले नेपाली साहित्यको इतिहासमा प्रेरणादायी ढङ्गबाट स्मरण गर्ने ठाउँ ओगटचो । न्याय पाएका छन् नेपाली साहित्य तथा कला क्षेत्रका कर्मीहरूले नइबाट ।' (ऐ. पृ.)

**ईश्वरवल्लभ**को भनाइ छ– 'यदि नइ नभएको भए कविशिरोमणि लेखनाथ पौडचाल, नाटचसम्राट् बालकृष्ण सम तथा महाकवि लक्ष्मीप्रसाद देवकोटा समाविष्ट त्रिमूर्ति निकेतनको स्थापना हुने थिएन । एउटा विशिष्ट साहित्य संयुक्तिको यो संयोजनको पुरोधा नै बनेको छ नइ, नेपाली भाषासाहित्यको इतिहासमा ।' (ऐ. पृ.)

**प्रा.डा.चूडामणि बन्धु**को भनाइ यस्तो छ– 'नइ प्रकाशनबाट नेपाली स्रष्टा र अनुसन्धाताहरूले प्रोत्साहन पाउँदै आएका छन् । नेपाल र नेपाली संस्कृतिलाई माया गर्ने विदेशी मित्रहरूलाई समेत पुरस्कृत गर्ने नइको अद्वितीय कार्यले नेपाली समाज र राष्ट्र नै गौरवान्वित भएको छ ।' (ऐ, पृ. ६)

**प्रा.डा.वेणीमाधव ढकाल**को भनाइ छ– 'नइकै विशिष्ट पहलमा नेपाली भाषासाहित्य, संस्कृति, कलाकौशल, ज्ञानविज्ञान र नेपाली राष्ट्रिय स्वाभिमान मुखरित र प्रद्योतित हुँदै गइरहेका छन् । नइ प्रकाशनले राष्ट्रका अमर प्राज्ञहरूको संरक्षणका साथ राजनीतिनिरपेक्ष भई 'वसुधैव कुटुम्बकम्'को सिद्धान्त अँगालेर जे गऱ्यो र जे गरिरहेको छ त्यो सबै अकल्पनीय छ, अविश्वसनीय छ, अनुमेय छ र अविस्मरणीय छ ।' (ऐ. पृ.)

**लीलबहादुर क्षत्री** भन्छन्– 'नइ प्रकाशनले नेपाली भाषासाहित्यमा आफ्ना ओजपूर्ण कार्यहरूमार्फत शिखर आरोहण गरिरहेकै छ । नइको नेपाली भाषासाहित्यप्रतिको मोह र त्याग हामी भारतवासी नेपालीहरूका लागि समेत प्रेरक रहेको छ । नेपालमा नइ प्रकाशन छ र नै त्यतापट्टि पनि हाम्रो बलियो ओत छ भनेर हामीले भरोसा गरेका छौँ ।' (ऐ. पृ.)

**प्रा.डा.दयाराम श्रेष्ठ**को भनाइ यस्तो छ– 'राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्सम्म आफ्नो पूर्वाग्रहरहित पहुँच पुऱ्याउन सकेको सफल नइ प्रकाशनभन्दा प्राज्ञिक दृष्टिले धनी वा सम्पन्न अर्को संस्था कुनै छ ? त्यसैले यो संस्था पुरस्कार र प्राज्ञिक सेवा कार्यको सर्वोच्च हिमचुली सगरमाथा होइन ? नेपाली वाङ्मयको समग्र समुन्नतिका लागि समर्पित प्राज्ञिक सांस्कृतिक संस्था अर्को कुनै छ र ?' (ऐ. पृ.)

**प्रा.डा.मानफ्रेद गेर्हार्द थ्रोई** भन्छन्– 'मेरो हातमा 'नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कार' आयो । मेरो समझमा थिएन, मेरो उद्देश्य पनि थिएन, मेरो सपनामा पनि थिएन । कसरी आयो त्यो अकल्पनीय भाग्य ? जर्मनेली मुखले भन्छ– 'कुमारीमा बच्चा आएजस्तो, अचम्मको कुरा ! तर म भन्छु– नेपालीहरू जादुमा विश्वास गर्छन् र यिनीहरू जादु पनि गर्छन् ।' पुराना, आविष्कार नभएको अवशेष र मूर्ति पनि आविष्कार भयो; तैपनि प्रशंसा पाए अर्काले । तर आँखाहरू रहेछन् सहस्र यस देशका महान् देव इन्द्रका पनि ।' (ऐ. पृ.)

सम्पादक **भगवती बस्नेत**द्वारा 'सम्पादकीय'मा भनिएको छ– 'नइ कीर्ति लय'मा सङ्गृहीत कविताहरू कला र भावयुक्त छन् । प्रस्तुत कृतिमा आबद्ध कवितामा कविहरूका तरल भाव, सन्तुलित पदावली र नवीन बिम्ब, प्रतीक तथा विभिन्न अलङ्कारको प्रयोग गरेको पाइन्छ । कला कविताको बाह्य संरचनासँग सम्बन्धित हुन्छ भने भाव आन्तरिक पक्षसँग सम्बन्धित हुन्छ । यी दुई पक्षको सुन्दर संयोजन भएका प्रिय कविहरूका सुन्दर सिर्जनाको सङ्कलन नै प्रस्तुत 'नइ कीर्ति लय' हो ।' (पृष्ठ १६)

यसरी उपर्युक्त विभिन्न व्यक्तित्वहरूको भनाइबाट के निष्कर्षमा पुग्न सकिन्छ भने नइ एक अद्वितीय संस्था बन्न पुगेको छ । यसका सञ्चालकहरूको दृष्टिकोण सफा छ र संस्थाको गरिमा बढाउने कवितात्मक भावनाको कृति आएको छ ।

## ३. '**नइ कीर्ति लय'भित्रका कविताहरूको धारणा**

'नइ कीर्ति लय'को विवेच्य विषय हो । समालोचनात्मक धारणाबाट ती कविताहरूको विषयलाई उठाइन्छ । नइ प्रकाशनको यस कृतिमा विभिन्न स्रष्टाहरूले छन्दयुक्त एवं मुक्तछन्दमा नइप्रतिको आफ्नो धारणा व्यक्त गरेका छन् । मैले नै पनि संस्थागत कार्यको विषयमा यसरी व्यक्त गरेको छु–

**सारा विश्व सजाउने प्रणयिता हौ अग्रगामी 'नइ'**
**साराको नव सिर्जना सम भई आराधना हौ 'नइ'**
**छन् जीवन्त समाजमा कृति-सुधा आधार बन्यौ 'नइ'**
**मान्छेको मन माग्न तत्पर हुने साकार बन्यौ 'नइ' ।**

(नइ कीर्ति लय, पृष्ठ ६०)

नइ केवल नेपाल र नेपाली स्रष्टाको विषय मात्र होइन कि विश्वभर फिँजिएको नेपाली भाषासाहित्यको उत्थानमा लागेको छ । नइ सबैको आराधना बनेको छ । अनेकौँ कृतिहरूको प्रकाशन गरेर सबैको मन नइले जितेको छ भन्ने कुरालाई दृष्टिगत गरी यस सङ्ग्रहभित्रका कविताको भावना उद्बोधन भएको देखिन्छ । ती स्रष्टाविचारलाई क्रमशः सङ्क्षिप्त विवेचना गर्ने प्रयास यहाँ भएको छ ।

**आरपी गाउँले**को 'स्रष्टाको ज्योति' शीर्षकको कवितामा संसारका प्रतिभाहरूको चिनारी दिने र नइले ज्ञानको दीप बालेर स्वर्ण, हीरक, शताब्दी, सहस्राब्दीसम्म बाँच्नुपर्ने धारणा व्यक्त भएको छ ।

**ईशा शाह**को 'नइसँगको सम्बन्ध' कविताले नइसँगको कोमल एवं भावनात्मक नातासम्बन्ध भएको र मनसँग मन जोडिएको भावना व्यक्त छ ।

**साहित्यको शिरको टोपी**
**बनिरहू नइ ।**
**पुरस्कार, सम्मानको**
**शिरपोस नइ**

(पृष्ठ २३)

भन्दै गुणगान गाइएको **ईश्वरी गौतम**को 'हाम्रो सान' कविताले नइको अविरल यात्रा अगाडि बढेको छ, सबैलाई सम्मान दिने संस्थाप्रति नमन भनिएको छ ।

**उत्तम भेटुवाल**को 'भाषा निमित्त मर्दछन्' यो अनुष्टुप् छन्दमा रचिएको पद्य कविता हो । यसमा नरेन्द्र र इन्दिराको जोडीले भाषासाहित्यको सेवामा निरन्तर लागेको यो पवित्र मन्दिर हो । कविताले स्वाभिमानको अनुभूतिलाई यसरी व्यक्त गरेको छ–

**च्याउ झैँ उम्रिएका छन् भन्छन् पवित्र मन्दिर**
**यी हुन् साहित्यका संस्था हैनन् छ बुझ्न मुस्किल ।**
**देखासिकी हुँदै हैन बिगार्छ अभिमानले**
**भन्दछन् नइ मान्छे भै बाँचौंला स्वाभिमानले ।**

(पृष्ठ २६)

**उमा कार्की**को 'मेरो कविताको आराधना' शीर्षकले नइ प्रतिबिम्ब बनाएर मूर्त स्वरूपमा आफ्नो आराधना नै कविता हो र अरूलाई उठाउने, सम्मान दिने यही हो यसैमा बाँचेको अभिप्राय व्यक्त छ । यो मुक्तछन्दमा रचना गरिएको छ ।

**ओमप्रकाश अधिकारी**को 'यो कोहिनुर हो' शीर्षकको कविता अनुष्टुप् छन्दमा छ । यो नइप्रति अविरल भावनाले भरिएको कविता हो । कुनै स्वार्थमा नलागी निरन्तर साहित्यसेवामा अगाडि बढेको नइलाई कोहिनुर हीरा हो भनिएको छ ।

छोटो, मीठो कविता **कञ्चन पुडासैनी**को 'जीवनको लय' रहेको छ । यसमा अनेकौँ पुरस्कारबाट सेवा गरेको संस्थाप्रति प्रेमभाव छ भन्दै छन्दमा सुन्दर अभिव्यक्ति छ कविको–

**आएनन् सृष्टिमा आफैँ पुरस्कार अनेक ती**
**तिनको स्थापना गर्न लागिपर्नुपऱ्यो कति ।**
**मेरो आशा छ– चल्नेछ निष्ठावान् र निरामय**
**युगलस्वरमा लामै नइ– जीवनको लय ।**

(पृष्ठ ३१)

**कल्पना आङबुहाङ**को 'सुगन्धको फूल' गीतिकविता हो । यसमा लेक, बेँसी, तराईमा आफ्नो भाषाको सुगन्ध फैलाउने काम नइले गरेको छ भन्ने कुरा सहज रूपमा यसरी व्यक्त भएको छ–

**पूर्वको पहाडमा फुलेर आयो साहित्य कित्तामा**
**सुगन्ध छरी रहने सधैँ साहित्य भित्तामा ।**
(पृष्ठ ३२)

कल्पनाको भाव नइलाई अमृतवृक्षाको संज्ञा दिँदै वसुधैव कुटुम्बकम्का भावना फैलाएको छ भनिएको छ ।

यसै गरी **कुसुम गौतम**को 'शारदा प्रेमी' शीर्षकको कविता अनुष्टुप् छन्दमा रचिएको छ । सुन्दर भावना व्यक्त कविताले देशदेशान्तरमा सुवास फैलाउने नइले धेरै सङ्घर्ष गरेर एउटा सुन्दर फूलबारी बनेको कारण दुवै आदर्शका पात्र, सत्यपक्षमा बोल्ने र दुवै कर्मठ योगी हुन् भनिएको छ । कविता सुन्दर छ, मननयोग्य छ र भाव, भाषा परिष्कृत छ । जस्तै उदाहरणको रूपमा हेर्न सकिन्छ–

**दायित्वको ठुलो भार लिएर काँधमा सधैँ**
**सत्यको पक्षमा बोल्ने साहसी कवि हुन् दुवै ।**
**न आशा न कुनै तृष्णा न मोह उपहारमा**
**नइ कर्मठ योगी हुन् गर्ने साहित्य साधना ।**
(पृष्ठ ३४)

**कोमल मल्ल**को 'खुला आकाश' शीर्षकको मुक्तछन्दमा सगरमाथाको उचाइ छुने नइ जता पनि छौ । पथप्रदर्शक बनेर सबैलाई जागृत गराएका छौ, साहित्यका धरोहर बनेर चम्केका छौ भनिएको छ ।

**गायत्री घर्तीमगर**को मन्दाक्रान्ता छन्दका दुई पद्यमा 'बन्दै सितारा' शीर्षकले धराजस्तै चम्किएर नयाँनयाँ बीजहरू खोज्दै बिहानी ल्यायौ साहित्यजगत्मा भनेर गुणगान गाइएको छ । अऊै रचनालाई अघि सारिएको छ–

**खोज्यौ सारा वन चउरमा गीत नौला कहानी**
**पुग्यौ आफैँ पथ, पथहरूमा खोज गर्दै बिहानी ।**
(पृष्ठ ३७)

**गिरिराज आचार्य**को 'मौरी' शीर्षकको कवितामा मौरीले महको चाका निर्माण गरेजस्तै नइले पनि नवीन क्रान्ति गरेको छ । देवकोटा, लेखनाथ, बालकृष्ण, ईश्वरवल्लभ, ईश्वर बराल, माधव घिमिरे, सत्यमोहन जोशी, वानीरा गिरी, वासुदेव त्रिपाठीजस्ता साहित्यिक व्यक्तिका साथै धेरैलाई साहित्यिक क्षेत्रमा माथि उठाएको छ भनिएको छ । यो गद्य कविता हो ।

**गीता आचार्य**को 'उज्यालो संसार' कविता पनि गद्यमा छ र सुन्दर भाव छ । कविधारणा छ– जसले नइको सामीप्य पायो, उसले उज्यालो संसार देख्यो भन्ने भाव छ ।

**गीता निरौला भण्डारी**को 'अर्पिएँ स्वच्छ भाव' शीर्षकको कविता छन्दमा लेखिएको छ । सुन्दर भावनासहित कवितामा जतातातै काव्यसंसार फुलेको छ, सुन्दर रचनाले आकार लिएका छन्, सबैले सम्मान पाएका छन् र अनवरत सेवामा लागेको छ नइ भनिएको छ । एउटा उदाहरण हेरौँ–

**अनवरत छ सेवा पच्चिसौँ वर्ष पुग्दा**
**सुखद पल समाल्दै गर्वले हर्ष चुम्दा**
**हरदम खुसियाली होस् नहोस् है अभाव**
**यस सुखद घडीमा अर्पिएँ स्वच्छ भाव ।**

(पृष्ठ ४३)

**गोपाल पराजुली**को 'यो शब्दको सिरानी' गद्यकवितामा देश दु:ख पाएको बेला, जनजनको आशा पलाएको बेला नइले राम्रो काम गरेको भाव यसरी व्यक्त हुन्छ–

**लुकेको योग्यता देखाए नइले**
**देखाए अघोषित**
**एकेडेमी ।**

(पृष्ठ ४५)

**गोपालप्रसाद थपलिया**को 'ज्ञानको पनि महाज्ञान' शीर्षकको कविता पनि मुक्तछन्दमा लेखिएको छ । यसमा जीवनको ज्योति

बाल्ने, शान्ति छर्ने, सम्मान, मित्रता राख्ने नइको जाँगरले साहित्य जागेको सन्दर्भ उठाइएको छ ।

**गोपीकृष्ण प्रसाई**को 'सुकीर्तिका ऋङ्कारहरू' शीर्षकमा नेपाली वाङ्मयको उचाइ, खोजेको सुमार्ग, अनेकले उपाधि प्राप्त गरेको सन्दर्भ; आदिकवि, महाकविको लय, कला, संस्कृतिको जगेर्ना गरेको भन्दै आफ्ना भावनाहरू व्यक्त भएको छ । एउटा वाक्यांश हेर्न सकिन्छ–

**नइ प्रकाशनका एक चौथाइ शताब्दी बिते**
**थुप्रै सर्जकहरूले विविध विधाको पुरस्कार जिते**
**वाङ्मयसेवीलाई हार्दिक सम्मान छ**
**भाषिक अभियन्तालाई न्यानो अभिवादन छ ।**
(पृष्ठ ४८–४९)

**गोविन्दराज विनोदी**को 'बलेको अक्षरब्रह्म' शीर्षकको कविता मालिनी छन्दमा लेखिएको छ । यसमा सुन्दर भावना छ, सुन्दर प्रस्तुति छ, यो अनुपम संस्था साहित्यको केन्द्र हो भनिएको भाव कविकै लयमा प्रस्तुत छ–

**नइसित छ घुलेको सौम्य-सेवा-प्रवाह**
**नइसित छ मिलेको त्याग मानौँ अथाह**
**नइसित छ बलेको अक्षरब्रह्म खास**
**नइसित छ सुनौलो सिर्जनाको सुवास ।**
(पृष्ठ ५०)

**जेबी खत्री**को 'अमर बनायौ' शीर्षकको कवितामा सम्पूर्ण स्रष्टाहरूलाई सम्मान गरेर आफूलाई र अरूलाई पनि अमर बनाएको कारण नइलाई नमन छ । तिम्रो कामले सत्कर्म गर्ने प्रेरणा प्राप्त भएको धारणा व्यक्त छ कवितामा ।

**टङ्कबहादुर आलेमगर**को 'साहित्यको माया' शीर्षकको कविता आफ्ना आँखामा ऋल्किरहने नइले उज्यालो इतिहास रचेको अनुभूति दिएको छ ।

**टेकनारायण रिमाल 'कौशिक'**को 'युगमा इतिहास रचे' शीर्षकको कविता छन्दमा रचिएको छ र यसमा नइका कर्मले सबै खुसी छन् भन्दै चिरायुको कामना गरिएको छ ।

**ठाकुर शर्मा भण्डारी**को 'सद्ज्ञान भर्दछ' शीर्षकको कविता पनि शार्दूलविक्रीडित छन्दमा रचिएको कविता हो । यो पच्चिस वर्षको अन्तरालमा नइ प्रकाशनबाट अनेक काम भएका छन् । यसका गन्तव्यहरू, चाहनाहरूको विस्तृति छ । आफ्नो अस्तित्व राख्ने कार्य भएको छ, यसले सबैको दृष्टि खुलाएको छ । सबैको सम्मान र अस्तित्व राख्ने थलो नइ प्रकाशन भएको छ भन्ने धारणा कविको छ । अन्त्यमा कविको भावना यसरी व्यक्त हुन्छ–

**आभा यो 'नइ'को सदा अमर होस् साहित्य-उद्यानमा**
**आफ्नो गौरव राख्नमा अटल होस् सत्कर्मको साथमा**
**भाषाविज्जनको विचार-गरिमा जीवन्त होस् दर्शन**
**छाओस् यो भवमा प्रसन्न दिलले प्राकट्य होस् जीवन ।**

(पृष्ठ ६०)

**दीपेन्द्र केसी**को 'सिर्जन पर्वत' मुक्तछन्दमा लेखिएको सुन्दर कविता हो । यसमा सम्पूर्ण प्रकृतिभित्र नइ छ । यो पौरखको उपज हो । सृजनको पर्वत हो भन्ने भाव आएको छ । जस्तै–

**त्यागेर आफ्नो लय**
**धुन भरिरह्यौ अरूहरूलाई**
**थाती राखेर आफ्नो परिचय**
**ठडयाइरह्यौ पर्वतहरू अरूहरूलाई**
**हो, सिर्जन- पर्वतको त्यही चुलीमा**
**मिर्मिरेमा तिमीलाई हेर्न मन गरिरहने**
**तिमी आउने बाटो कुरिरहने**
**एउटा कालजयी नइ ध्वजा हुनेछ ।**

(पृष्ठ ६२)

**देवराज कार्की 'मिलन'**को 'चिन्छु कि चिन्दिनँ' शीर्षकको कविता पनि गद्य कविता हो । यसमा मनको मैलो हटाउने, सुगन्धित

बास्ना छर्ने नयन तस्बिर हो नइ, सिङ्गो साहित्यको क्षेत्र बोकेर हिँडेको नइ कतै नरोकिई हिँडेको छ भनिएको छ ।

**धनराज गिरी**को 'धामको धाम' शीर्षकको कविता शार्दूलविक्रीडित छन्दमा लेखिएको छ । यसमा नइलाई आफ्नो भनेर साराले सम्झिन्छन् । यो साहित्यको धाम हो, आस्थाको केन्द्र हो । इन्दिरालाई वागीश र नरेन्द्रलाई इन्द्रको संज्ञा दिइएको छ । ब्रह्मा-विष्णु, महेश, आदित्यको अर्चना मन्दिरमा गरिएजस्तै यो साहित्य मन्दिर हो । यहाँ लक्ष्मीप्रसाद, लेखनाथ, सम, त्रिपाठीजस्ताको अर्चना हुन्छ भनिएको छ ।

**प्रमोद सारङ्ग**को 'उज्यालो हृदयभूमि' शीर्षकको कवितामा पनि नइ उज्यालो मन्दिर हो । सम्पूर्ण साहित्यिक व्यक्तित्वहरूको मन्दिर हो, उज्यालो हृदयभूमि हो भनिएको छ ।

**डा.बमबहादुर थापा 'जिताली'**को 'विश्वव्यापी भएको छ' शीर्षकको कविताले नइ पात्र वा बिम्ब बनाएर गीतिलयमा लेखिएको कविता हो । यसमा आफूले गरेका क्रियाकलापलाई विवरणात्मक स्वरूपमा उल्लेख गरिएको छ । लक्ष्मी र सरस्वतीसँगै तुलना गरिएको छ संस्थालाई । अर्थात् विश्वव्यापी बनेको यो मन्दिरमा सेवा गर्न पाऊँ भनिएको छ । जस्तै–

**विश्वव्यापी भएको छ हाम्रो उच्च कर्म**
**सम्मान र पुरस्कार दिनु हाम्रो धर्म**
**छापाखाना बनेको छ सेवा गर्ने थलो**
**पच्चीस वर्ष भएको छ प्रतिभाको भलो ।**

(पृष्ठ ७०)

**भगवती बस्नेत**को 'साहित्य मन्दिर' कविता अनुष्टुप् छन्दमा लेखिएको छ । यसमा नरेन्द्र इन्दिराको सत्कर्मले संस्था खडा भएको छ, हामीले पुज्नुपर्छ । यो साहित्यको मन्दिर हो, दम्पतीको जीवन हो । पच्चिस वर्षमा नइले गरेका काममा आस्थाकेन्द्र त्रिमूर्ति निकेतन,

नइ छ, सम्मान गर्छु; यसमा सबैको भावना अन्तर्भूत छ भन्ने भाव व्यक्त छ । कविकै शब्दमा हेरौँ–

**संस्थाको वन्दना गर्दै चढाऔँ पुष्पचन्दन**
**नेपाली जनता मान्छौँ भई अनन्य सज्जन ।**
(पृष्ठ ७३)

**भवानी खतिवडा**को 'प्रतिभा झोली रित्तिँदैन' शीर्षकको छन्दमा रचिएको कवितामा नइ ज्ञानकुञ्ज हो, नआत्तिने र नमात्तिने सङ्घर्षरत संस्था हो । यसको सिर्जना यात्रा रोकिँदैन । ओजस्वी सिद्ध साधकको घर हो भनिएको छ । अर्को शाश्वत प्रसङ्ग पनि यसरी रचना गरिएको छ–

**नइ त्रिमूर्तिको बाग प्रदीप्त रत्नको घर**
**नइ वाङ्मयको भाका गुँज्छ नित्य निरन्तर ।**

**मनिराज जोशी**को 'तिमी कल्पान्तजीवी' शीर्षकको कविता पनि छन्दमा रचिएको छ । यसमा तारा, भानुसरि आकाशमा चम्किरहू, सबैलाई एक सूत्रमा बाँधेर कल्पान्तसम्म गौरवगाथा गाउँदै आलोक छर भन्ने नइप्रति सच्चा भाव व्यक्त भएको छ–

**तिम्रो सोच र कर्मले हुन पुगे कोही शताब्दी कवि**
**पाए मान–उपाधि राष्ट्रकविको संसार छाप्ने छवि**
**तिम्रै साहस सीपले कति भए साहित्य सम्मेलन**
**तारा–भानु समान भै गगनमा कैले ननिभ्ने बन ।**
(पृष्ठ ७५)

**प्रा.मुकुन्दशरण उपाध्याय**को 'उच्च चिन्तन' कविता छन्दमा रचिएको छ । यसमा कविको आफ्नै व्याकरण र हिज्जे रहेको छ र तदनुरूप व्याकरणको ख्याल गर्नुपर्ने कुरा पनि उठेको छ । यहाँ कविद्वारा भाषासाहित्यको क्षेत्रमा समर्पित युगल नरेन्द्र इन्दिरा नित्य नवीन चिन्तनका साथ खटेका छन् । प्रज्ञाप्रतिष्ठानले गर्न नसक्ने काम नइले गरेको देखिन्छ भनिएको छ । जस्तै–

**नइ युगल को एस्तो देखी जाँगर विक्रम**
**उत्साहित बनेको छ नेपाली हरु को मन ।**
(पृष्ठ ७७)

**मुकुन्द शर्मा चालिसे**को 'महान् संस्था' शीर्षकको कविता शार्दूलविक्रीडित छन्दमा रचिएको छ । यसमा राम्रो काम गरेर समाजमा उँचो शिर हुने हो, लेखनमा सबैलाई अग्रसर गराउने, सम्मान, पुरस्कार प्रदान गर्ने नइ उन्नतितर्फ उन्मुख होस् भन्ने भाव व्यक्त भएको छ । कविभावनाको एउटा उदाहरण हेरौँ–

**छापिन्छन् कति उच्च काव्य कविता साथै समालोचना**
**नेपाली महनीय भावसितका छन् गीतिका गुञ्जना**
**स्रष्टा अग्रज गण्यमान्य मनको माया बटुल्ने यही**
**हाम्रै पूर्वज ती विशिष्ट जनको छाया समेल्ने यही ।**
(पृष्ठ ७९)

**मुना श्रेष्ठ**को 'अक्षरको भगवान्' शीर्षकको कवितामा नइलाई ईश्वरीय रूपमा हेर्ने कविले अक्षरमा अग्रगामी बनाएको यही संस्थाले हो भनिएको छ ।

**डा.मोदनाथ प्रश्रित**को 'साहित्यको सम्मान' शीर्षकमा संस्थाले राजनीति गर्दैन; सबैमा सद्भाव, प्रेरणा प्रदान गर्छ । हामी पनि नइलाई माथि उठाउने काम गर्छौं भनिएको छ–

**हाम्रा जेजति सामर्थ्य भित्रैदेखि जगाउँछौँ**
**ज्ञानविज्ञान आर्जेर नइलाई उठाउँछौँ ।**
(पृष्ठ ८४)

**मोहन आचार्य जलद**को 'विश्वसम्पदा हुनेछ' कवितामा नइको आँगनमा जुझारु कार्यशैलीले गर्दा प्रेरणा जगाएको छ । देश राजनीतिक क्रियाकलापले बिग्रेको बेला नइले सजग तुल्याएको छ । साहित्यमार्फत दुई व्यक्तिले संस्था बलियो बनेको छ, अनुपम उदाहरण बन्न पुगेको छ । देशदेशान्तरमा फैलिएको यो विश्वसम्पदा हुने आशावादिता कविले व्यक्त गरेका छन् ।

**मोहनराज खनाल**को 'उज्यालो कीर्ति' शीर्षकको कवितामा प्रवासीको मन पनि तान्ने नइ नेपाली मनको आदर्श, सबैका साझा फूलबारी हो भनिएको छ ।

**प्रा.मोहन सिटौला**को 'सारा उज्यालो भयो' शीर्षकको कविता शार्दूलविक्रीडित छन्दमा लेखिएको सुन्दर कविता हो । यसमा सारा साहित्यकारहरूलाई समेटेर सत्कार गर्ने नइप्रतिको भावना यसरी व्यक्त भएको छ–

**नौलो पुष्पित बाग जीवन फुल्यो, ती वक्षमा स्निग्धता**
**उच्चो चिन्तन दीप दीप्त हुन गो सौन्दर्य सौहार्दता**
**मिल्थे स्वप्न सुविप्न कल्पन मिठा मेची र कालीमयी**
**चम्के जीवनमा प्रफुल्ल विधु झैँ, सौदामनी झैँ नइ ।**

(पृष्ठ ९३)

'सेतो हिमालको दैलो उघारेर, सिर्जनाको समुद्र बगाउँछ' जस्तो सुन्दर भावना व्यक्त गर्ने कवयित्री **यशोदा अधिकारी**को 'देउता भई निस्कन्छ' शीर्षकको कवितामा नइलाई राजमार्गको रूपमा र यसभित्र बस्ने देउता बन्ने भावना व्यक्त भएको छ ।

**युवराज घिमिरे**को 'संस्कृतिको विकास' कविता शार्दूलविक्रीडित छन्दमा लेखिएको छ । यसमा साहित्यका साधक र नायक नरेन्द्र र इन्दिराले संस्था खडा गरेर विविध विधामा कलम चलाउने व्यक्तित्वको सेवा गरे, साहित्यको उत्थान भयो भन्ने भाव व्यक्त गरिएको छ ।

**रश्मी मैनाली**को 'संस्कारको उत्थानमा' शीर्षकले नभमा उदाएका दुई नक्षत्र नइ, आदर्शवान्, प्रकाशपुञ्ज नइ, युगयुगसम्म बाँच्ने नइ भनेर सकारात्मक भावना व्यक्त गरेको छ कवितामा ।

**रश्मी रिमाल**को 'मूल शिखर' कवितामा भनिएको छ– 'वसन्तको बहारमा सुन्दर, हरियालीको मुस्कानसँगै प्रभातको लालिमा भएर तिमी आइरहेछौ– नइ' भन्दै सत्कारको भावनासहित साहित्यको क्षेत्रमा मूल शिखर नइलाई मानेको अभिव्यक्ति यहाँ रहेको छ ।

**ई.डा.राजेन्द्र पौडेल**को 'दियो सदा बल्दछ' शीर्षकको शार्दूलविक्रीडित छन्दमा रचित कविताले नइको स्थापना २०५२ सालदेखि उठान गरेर आजसम्मको इतिहासलाई सङ्केत गर्दै नरेन्द्रराज

प्रसाई र इन्दिरा प्रसाईको प्रयासले संस्थाको गति प्रगति कार्यहरूद्वारा भाषा, संस्कृति, कला, साहित्यको योगदानको चर्चा गरिएको छ । आफ्नो भावना व्यक्त गर्दै अभिनन्दन गरिएको सन्दर्भ यस्तो छ–

**भाषा, संस्कृति, खेल, कौशल, कला सम्मान धेरै तिर**
**संस्था स्वच्छ, पवित्र मान्छ दुनियाँ हो कर्मको मन्दिर**
**यो यात्रा अरु लम्कियोस् मुलुकको श्रीवृद्धिका खातिर**
**श्रद्धाका यति शब्द अर्पण गरेँ मैले झुकाई शिर ।**

(पृष्ठ १०२)

**डा.रामभक्त ठाकुर**को 'विश्वव्यापी शङ्खनाद' शीर्षकको कवितामा अन्धकार भएपछि उत्पन्न उज्यालोले सबैलाई आनन्द दिएजस्तै देवभूमिमा सुवास छर्न उदाएको नइले एकलव्य साधना गरेको छ । यो पवित्र मन्दिर हो । नइको शङ्खनाद बजिरहोस् भन्ने कामना गरिएको छ ।

**रुकु कार्की**को 'बगेकै छ बगिरहोस्' कवितामा भाषाका सागर, जताततै उज्यालो फैलिएको छ । रजतवर्षको आनन्द बर्साई प्राप्त खुसी नइले हामी सबैलाई दिएको हो भनिएको छ ।

**रूपा रिसाल चालिसे**को 'दिव्य तारा' शीर्षकमा जून र ताराझैँ समाजमा चम्किएको नइ, उज्यालो छर्ने पूर्णचन्द्र नइ, जहाँ विद्वत्ताको लेखनगति छ, तिमीसँग कोही बराबरी गर्न सक्दैन भनिएको छ ।

**रेशु गौतमाचार्य**को 'शिखर बनोस्' कवितामा नइको भेल सृजनात्मक छ, नेपाली वाङ्मयको नवीनता जगाउने त्रिकालिक सङ्गम बनेको छ । सबैको चौतारो भई नइले शिखर चुमोस् भन्ने भाव व्यक्त रहेको छ ।

**लक्ष्मीअप्सरा पाण्डे**को 'मायाका सागर' कवितामा पनि जीवनमा उल्लास भर्ने साथी हो नइ, अँध्यारोबाट उज्यालोतर्फ डोऱ्याउने हो नइ, जताततै नइको प्रभाव छ, तसर्थ सधैँ नइसँग रहूँ भन्ने भाव कवितामा आएको छ ।

**डा.लेखप्रसाद निरौला**को 'साहित्यिक अभियन्ता' शीर्षकको कविता अनुष्टुप् छन्दमा लेखिएको छ र यसमा कविले नइलाई साहित्यिक अभियन्ताको रूपमा व्याख्या गरेका छन् । सृजनाको निरन्तरतामा साधनाको प्राचुर्य देखिन्छ । नइ गुणग्राही भएको कारण सम्पर्क भयो, यो पच्चिस वर्षको यात्रामा देखिएको क्रियाकलापले अरू निरन्तरता पाओस् भन्ने भाव यसरी व्यक्त हुन्छ । उदाहरणस्वरूप कविको भावलाई हेरौँ–

**पच्चिस वर्ष यात्राको इतिहास अमीट छ**
**अझै सद्भावका साथ बढोस् यात्रा भविष्य छ ।**
(पृष्ठ ११५)

महासमालोचक **प्रा.डा.वासुदेव त्रिपाठी**को 'नेपाल आमा चिन्यो' शीर्षकको शार्दूलविक्रीडित छन्दमा रचित कविताले धेरै सन्दर्भलाई सङ्केत गरेको छ । यो यस सङ्ग्रहको लामो कविता हो । यसमा पाँच खण्डमा विभाजित गरी प्रत्येकमा नौ, चार, पाँच, पाँच, आठ गरी जम्मा एकतीस पद्य समाविष्ट गरिएको छ; जसले नइको सम्झना, संसारको गति, नइको ऊर्जाले साहित्यसंसारको श्रीवृद्धि, संस्थागत निरन्तरतामा नइ (नरेन्द्रराज र इन्दिरा प्रसाई)को पाइला अग्रता लिएको र सङ्घर्षको गतिले प्रेरित गरी स्मृतिपटलमा आयो नइ । मेरो आशीर्वाद छ । स्रष्टा देशका रत्न हुन्, यिनको वर्षैपिच्छे गरिएको अर्चनाले श्रीवृद्धि हुनेछ । यो महायानमा जुट्नु यसको अभियान हो युगलको । केही उदार व्यक्तिको आड पाएर अगाडि बढेको छ नइ । चेतनापथमा अग्रगति लिएको नइको सम्बन्धमा कविधारणा छ–

**आशीर्वाद जिए बिसा सय दुवै साहित्य सेवी नइ**
**स्रष्टा वन्दनको व्रतै सफल होस् यो प्रौढ जोडी नइ**
**साहित्यै अब मूल मन्त्र युगको गाथा स्वयम् यो कहोस्**
**नेपाली दिल देश मर्म महिमा साहित्यको प्रेम होस् ।**
(पृष्ठ १२१)

**विनोद खनाल**को 'कला संस्कृतिको रक्षा' शीर्षकको कविता अनुष्टुप् छन्दमा लेखिएको छ । यसमा नइदम्पतीको जोसले संस्था स्थापना भई निरन्तर साहित्य सेवा दिएको छ, पच्चिस वर्षको नइ साहित्यक्षेत्रमा अगाडि बढोस् भनिएको छ ।

**विष्णुमाया विभु**को 'शिरको शोभा' शीर्षकमा नइ नेपाली वाङ्मयको धरोहर हो, सभ्यताको प्रतीक हो, आदर्शको द्योतक हो र अभियन्ता हो, त्यसै शिरको शोभा बनेको छ भन्ने भाव व्यक्त छ । कविभावना यस्तो छ–

**राष्ट्रियता र स्वाभिमानको**
**बीउ छर्दै, गोड्दै, हुर्काउँदै**
**कलमका डोजर दौडाएर**
**ठिङ्ग उभिएका**
**काला नकारात्मक**
**पर्खाल भत्काउँदै**
**अन्योलको अँध्यारो बढार्दै**
**प्रभातको प्रकाश छर्ने**
**हाम्रो शिरका शोभा नइ ।**

(पृष्ठ १२५)

**डा.शालिकराम पौडचाल**को 'अनुमोदित जनप्रतिष्ठान' शीर्षकको कवितामा सबैको अभिभावक, सम्मानित गर्ने संस्था नइ, सर्वत्र फैलिएको संस्था हो भनिएको छ ।

**शिला पन्त**को 'खुल्दै छ साहित्यका रवि' शीर्षकको कवितामा दिगन्तर फैलिँदै गरेको नइ, स्रष्टाद्रष्टामा समानताको व्यवहार गर्ने नइ, अहङ्कार नभएको जोडीप्रति सद्भाव भएको कुरा व्यक्त छ । यो अनुष्टुप् छन्दमा लेखिएको कविता हो । भनिएको छ–

**नइको भावना चोखो झनै चोखो छ सिर्जना**
**चराहरू रमाएर गाउँछन् गीत चिर्बिर ।**

(पृष्ठ १२८)

**शेषमणि आचार्य**को 'सबैको चौतारी' कवितामा सबैको यो चौतारोले पच्चिस वसन्त पार गरेको छ, सबैमा जागृति ल्याउने संस्थामा नइले अग्रता लिएको छ भन्ने भाव व्यक्त छ ।

**सम्झना काफ्ले**को 'नेपालकै गौरवी' शीर्षकको कवितामा देशदेशान्तरमा लुकेका प्रतिभा खोजी गर्ने संस्था नइ हो भनिएको छ ।

**सरिता पराजुली**को 'साहित्यको अनुष्ठान' कवितामा सबैलाई खोज्ने साधकलाई चिनाउने संस्था नइ साहित्यसेवामा पौरखी संस्था हो भन्ने धारणा व्यक्त छ ।

**सिन्धु गौतम**को 'व्यक्तिसत्ताबाट माथि' शीर्षकको कवितामा नइ व्यक्ति होइन, हरेक परिदृश्यको परिकल्पनाकार पनि हो । शब्दका उपासकको इतिहास हो, त्यसैले धेरै माथि छ भनिएको छ ।

**सिर्जना शर्मा**को 'शुद्ध पाठशाला' शीर्षकको कवितामा वाङ्मयका लागि निरन्तर खटिरहने नइ कसैको पर्वाह नै नगरी अगाडि बढेको छ । यो जोडी समाजमा उज्यालो छर्न अग्लो शिखर बनेर उभिएका छन् । नइ शुद्ध पाठशाला हो, जस्तोसुकै हुरी बतास आए पनि उज्यालो दिइरहनु भन्ने आशय व्यक्त छ कवितामा ।

**सीता विष्ट कार्की** (सीविका)को 'मोती नै फुलायौ' शीर्षकको गीतिकविताले समाजमा नइको नजर जता पनि परेको छ । तिम्रो कामलाई हामी सम्मान गर्छौं भनिएको छ । जस्तै–

**नेपाली भाषा साहित्य कला नइको पौरख**
**समाज सेवा नि गर्ने नइ राष्ट्रको गौरव ।**
(पृष्ठ १३९)

**सुनीता कार्की**को 'उच्च उडान भर्ने' कविता गद्यमा लेखिएको छ । नइको स्थापना भएको २०५२ साल हो । नइले नरेन्द्र इन्दिराको साधनाद्वारा एउटा इतिहास रचेको छ । त्रिमूर्ति निकेतनको स्थापना, विभिन्न प्रतिभाको सम्मान, विभिन्न उपनामले

विभूषित गरेको हुँदा नइ सुवर्ण अक्षराङ्कित हुनेछ समाजमा भनिएको छ । जस्तै–

**भाषा, साहित्य, संस्कृति**
**वाङ्मयको प्रवर्द्धनमा**
**राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा**
**नयाँ इतिहास रचोस्– नइ ।**

(पृष्ठ १४४)

**डा.सुमनकुमार रेग्मी**को 'चमत्कार हो' कविताले नइलाई कसैले केही भनोस् चिन्ता छैन आफ्नो लक्ष्यमा निरन्तर लागेको छ । राजनीतिमा जस्तो भागबन्डा छैन । भानु, मोती भएको छ नइ । नइका अनेक चमत्कार छन्, नइले छुँदा हीरा बन्छ भनिएको छ ।

**सुमन शर्मा**को 'फल लाग्छ मीठो' कवितामा नइका कविता मीठा हुन्छन् सबैले पढौँ, काव्यविमोचनको रसपान गरौँ, नइप्रतिको आदर, सद्भाव आउँछ भनिएको छ ।

**स्पन्दन विनोद**को 'सधैँ बिगुल फुक्दछौ' शीर्षकको कविता पनि छन्दमा रचिएको छ । छन्दका दसवटा सुन्दर पद्यले नइको प्रशंसा गरेका छन् । पवित्र सोच, निरन्तरको जाँगर, देशमा भएका अनेक किसिमका लुटपाट, विनाशलीला भए पनि तिमीले सप्रेम सर्जक चिनेर अगाडि बढचौ भनिएको छ । उनको कविताको रसपान गरौँ–

**गरौँ नरेन्द्र अर्चना र इन्दिरा नि वन्दना**
**सुवास फैलियोस् नित्य, नदी छ काव्यको जहाँ ।**

(पृष्ठ १५०)

**हेमा मानन्धर**को 'पूर्णिमाको पूर्ण' शीर्षकको कविता गद्य शैलीमा लेखिएको छ । यसमा नइ पारिलो घाम हो, आशाको किरण हो, पूर्णचन्द्रझैँ नइ आदर्शपुञ्ज हो । कविताको एक अंश यस्तो छ–

**शिवमा जस्तो बेपरवाह**
**शक्ति देखेँ तिमीभित्रै**
**पूर्ण कदको जीवन देखेँ तिमी**
**अनि अरूको**
**स्वामित्वका लागि लड्ने**
**देवीदेउताजस्तै देखेँ तिमी**
**मैलो तिमीभित्रै सबै देखेँ**
**तिमी मेरो नइ ।**
(पृष्ठ १५२)

अनेक धारणा लिएर संस्थाको गरिमा महिमा गान गरेका छन् कविका कविताले । 'नइ कीर्ति लय'मा व्यक्त भावना सबै कविहरूको एकै किसिमको अनुभूति हुनु स्वाभाविक नै हो किनकि यहाँ लेख्नुको उद्देश्य सबैको एउटै छ । नइप्रतिको भावना पनि एउटै छ । यहाँ कुनै किसिमको अन्य धारणा स्रष्टाले दिनु उद्देश्य छैन । नइले पच्चिस वर्षसम्म गरेका क्रियाकलाप अत्यन्त महनीय छन् । देशदेशान्तरका साहित्यकार जुटाउनु सम्मान गर्नु हो । फेरि नइ प्रकाशनले आजसम्म गरेका कामलाई अवलोकन गर्दा पनि महत्त्वपूर्ण कार्य सम्पन्न गरेको छ । संस्थाको आफ्नै इतिहास छ, परिकल्पना छ, कार्यशैलीमा विभिन्नता छ, त्यसैले स्रष्टाहरूको धारणामा पनि विविधता आएको छ । यो संस्थाप्रतिको अर्चना हो ।

नइले गरेको विशिष्ट योगदानको फलस्वरूप नेपाल सरकारले नइ प्रकाशनको लोगोअङ्कित दस रुपियाँको दस लाख प्रति हुलाक टिकट प्रकाशनमा ल्याएको छ । साथै नेपाल राष्ट्र बैङ्कले नइको लोगो राखेर एक सय रुपियाँ मोलको सिक्का टकमरी गरेको छ । नेपाली साहित्यिक संस्थाको नाममा यसरी सिक्का प्रकाशनमा ल्याएको यही पहिलो हो । नइ के हो ? भन्ने तथ्य टिकट र सिक्का प्रकाशनले पनि प्रमाणित गरेको छ । नेपाल राष्ट्र बैङ्कमा मैले छत्तिस वर्ष सेवा गरेँ । दशकपूर्व मैले अवकाश ग्रहण गरे तापनि नेपाल राष्ट्र बैङ्कले नेपाली साहित्यप्रति गरेको यस चमत्कारी र महान् कृत्यले म आह्लादित बनेको छु ।

**विषयान्त एवं कवितात्मक भावना**

'नइ कीर्ति लय' कवितासङ्ग्रहको सन्दर्भमा कविहरूले नइ रजतवर्षको विषय बनाएर आआफ्नै भावना व्यक्त गरिसकेपछि यस कृतिको विहङ्गमावलोकनपश्चात् अन्तर्हृदयबाट निःसृत वा अन्तर्हृदयमा तरङ्गित भावनालाई कवितात्मक रूपमा व्यक्त गर्दै सङ्क्षिप्त लेखनबाट विश्राम लिन्छु–

**सम्मानको मान यहाँ जगाई**
**लोकोपकारी युगमा रमाई**
**संस्था सबैको कृति साधनामा**
**साहित्य-सौन्दर्य खुला सभामा ।१।**

**सम्मान-सत्कार सबै-सबैमा**
**एकत्वको भाव रह्यो सबैमा**
**अस्तित्वको यो सृजना-प्रभामा**
**हुन्छन् यहाँ कार्य खुला सभामा ।२।**

**साहित्य उद्यानसरी यहाँ छ**
**सत्प्रेरणाको महिमा अपार छ**
**आनन्ददायी कृति छन् रमाएँ**
**सामीप्यको यो महिमा सजाएँ ।३।**

**सहिष्णुताको गरिमा-प्रकाश**
**भर्ने गरेको समता विकास**
**यो देशको रक्षक हो समाज**
**संस्कारको ज्योति बन्यो सुकाज ।४।**

**आलोक छर्दै 'नइ' अग्रतामा**
**संस्कारको सार लिँदै विधामा**
**गन्तव्य भेट्ने 'नइ' हो प्रमाण**
**भेटिन्छ गम्भीर विचार ज्ञान ।५।**

विज्ञेषु किमधिकम् ।